# परिच्छेद : एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्राथमिक तहमा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्धको अध्ययन** रहेकोछ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपालीशिक्षण विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्र ५९८ को आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

शोध गरिने विषयवस्तुका बारेमा राखिएका प्रश्नहरू नै समस्याहरू हुन् । प्रस्तुत शोधपत्र निम्न समस्यामा केन्द्रित रहेकोछ :

- प्राथमिक तहमा अध्यापन हुने **'मेरो नेपाली'** पाठ्यपुस्तकहरूको सैद्धान्तिक पक्ष कस्तो छ ?
- उक्त तहमा अध्यापन हुने **'मेरो नेपाली'** पाठ्यपुस्तकहरूमा प्रयुक्त विषयवस्तुको क्रमबद्धता र साङ्गठनिकता के कसरी पहिचान गर्न सकिन्छ ?
- यस तहका नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका भाषा, अभ्यास र चित्रहरूको व्यवस्थित रखाइ कस्तो छ ?
- उक्त पाठ्यपुस्तकको विषयवस्तु, विधा, भाषाशैली, अभ्यास र चित्रको के कस्तो अन्तः सम्बन्ध छ ?

## १.४ अध्ययनका उद्देश्यहरू

समस्याकथनहरूमा प्रकट भएका शोध समस्यासँग सम्बन्धित भई ती प्रश्नहरूको उत्तर वा समाधान खोज्ने कार्यलाई शोधको मुख्य उद्देश्य भनिन्छ । शोधार्थीले आफ्नो शोध कार्यमा के कस्तो खोजी गर्ने भन्ने बुझ्नु पर्छ । समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूलाई उद्देश्य

र समस्याकथनकाबीचमा पारस्परिक घनिष्ट सम्बन्ध हुन्छ भन्ने बुझ्नुपर्छ । तसर्थ यस शोध अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेकाछन् :

- प्राथमिक तहमा अध्यापन हुने **'मेरो नेपाली'** पाठ्यपुस्तकहरूको सैद्धान्तिक पक्ष पहिचान गर्न ।
- प्राथमिक तहमा अध्यापन हुने **'मेरो नेपाली'** पाठ्यपुस्तकहरूको क्रमबद्धता र विषयवस्तुको साङ्गठनिकता पहिचान गर्न ।
- यस तहमा नेपाली पाठ्यपुस्तकहरूका भाषा, अभ्यास एवम् चित्रहरूको व्यवस्थित क्रमलाई पहिल्याउन ।
- उक्त भाषापाठ्यपुस्तकका विषयवस्तु, विधा, भाषाशैली, अभ्यास र चित्रको अन्तः सम्बन्ध पहिल्याउन ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य थालनी गर्नुभन्दा पहिले त्यससँग सम्बन्धित के कस्ता समस्या रहेका छन् र हुन सक्छन् भनी विगतका त्यससम्बन्धी विषयको सामान्य अध्ययन विश्लेषण गर्नु आवश्यक हुन्छ । किनभने कुनै पनि कामको आधार विगतलाई नै मान्न सकिन्छ र वर्तमानलाई सही दिशा दिन तथा उचित मार्ग पहिल्याउन समेत सहायता प्राप्त हुन्छ । विगतका कार्यले वर्तमान र भविष्यलाई अध्ययन अवलोकन गर्न प्रशस्त खुराक प्रदान गरी उद्देश्यमूलक बनाउँछ । जसरी एउटा उद्योग स्थापना गर्नु अघि त्यससम्बन्धी पूर्वाधारको अध्ययन गर्नु आवश्यक हुन्छ । शोध सुरू गर्नुपूर्व सम्बन्धित विषयमा भएका अध्ययन अनुसन्धान र शोध ग्रन्थहरू पर्याप्त मात्रामा पाउन नसकिएका कारण पूर्वकार्यको समीक्षा गर्ने क्रममा विभिन्न पुस्तकको सम्बन्धित शीर्षकको पाठ शोधपत्र विषयविज्ञहरूबाट प्राप्त राय सुझावलाई आधार मानी पूर्वकार्यको समीक्षा गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०४९) ले कक्षागत उपलब्धिमा उल्लेख गरेअनुसार कक्षा १ मा १००० शब्द प्रयोग गरी बोल्न, सामान्यार्थक शब्द, समूहबाचक शब्द, बालबोली शब्दको प्रयोग गर्न कक्षा २ मा १५०० शब्दहरू प्रयोग गरी बोल्न (५०० शब्द थप) र कक्षा १ मा उल्लेख गरिएका शब्द र पर्यायवाची शब्दको प्रयोग गर्न, त्यसैगरी कक्षा ३ मा २००० शब्दहरू प्रयोग गरी बोल्न (कक्षा २ माभन्दा ५०० शब्द थप) कक्षा ४ मा २५०० शब्दहरू

प्रयोग गरी बोल्न (कक्षा ३ माभन्दा ५०० शब्द थप) कक्षा ५ मा ३००० शब्दहरू प्रयोग गरी बोल्न (कक्षा ४भन्दा ५०० शब्द थप) र कक्षा १, २, ३ र ४ मा प्रयोग गरिने वाक्यका साथै अनेकार्थक, साँस्कृतिक, प्राविधिक र नैतिक शब्दको प्रयोग थप हुने कुरा प्राथमिक शिक्षा पाठ्यक्रममा उल्लेख गरिएको छ । त्यसैगरी कक्षा १ मा ६-७ ओटा शब्द भएका वाक्यगठन गरी प्रयोग गर्न दुई कक्षामा बढीमा ७-८ ओटा, तीनमा ८-९ ओटा शब्द, चारमा १०-११ ओटा र पाँचमा ११-१२ ओटा शब्द भएका वाक्यगठन गरी प्रयोग गर्न भन्ने कुरा समेत उल्लेख गरिएको छ र यसले शब्द र वाक्यबीच अन्तः सम्बन्ध देखाउने भएकाले अध्ययनका निम्ति उपयोगी देखिन्छ ।

नेपाली शिक्षण समिति, त्रि.वि. कीर्तिपुरअन्तर्गत विष्णु घिमिरे (रिमाल) द्वारा तयार पारिएको प्राथमिक कक्षा १, २ र ३ का नेपाली पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन (२०५१) शीर्षकको शोधपत्रमा प्राथमिक तह - १, २ र ३ का भाषापाठ्यपुस्तकमा रहेका चित्रहरूको परिचय दिने, भाषाशिक्षणमा चित्रहरूको आवश्यकताको पहिचान गर्ने प्रयुक्त चित्रहरूका वर्गीकरण र विश्लेषण गर्ने प्रमुख उद्देश्यमा केन्द्रित रहेकाले यस अध्ययनको आधारको रूपमा लिन सकिन्छ ।

त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षण विभाग कीर्तिपुरअन्तर्गत गोपीकृष्ण काफ्लेद्वारा तयार गरिएको कक्षा १ को 'मेरो नेपाली' कितावमा प्रयुक्त शब्दभण्डारको अध्ययन (२०५२) शीर्षकको शोधपत्रमा कक्षा १ को 'मेरो नेपाली' कितावमा दिइएका शब्दहरूको पदवर्ग स्रोतका दृष्टिले वर्गीकरण गर्ने उमेरसमूहका दृष्टिले उक्त पाठ्यपुस्तकमा समावेश गरिएको विभिन्न विषयसँग सम्बन्धित शब्दहरू पहिल्याउने उक्त पाठ्यपुस्तकमा प्रयुक्त शब्दको आवृत्ति पत्ता लगाई शब्दभण्डारको सुधारका लागि सुझाव दिने जस्ता उद्देश्यमा केन्द्रित रहेकाले यस अध्ययनका लागि आधार मान्न सकिन्छ ।

नेपाली भाषा शिक्षा विभाग विश्वविद्यालय क्याम्पस कीर्तिपुरअन्तर्गत इन्दिरा ज्ञवाली (खनाल) द्वारा तयार पारिएको कक्षा पाँचको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूको अध्ययन (२०५६) शीर्षकको शोधपत्रमा प्रयुक्त पाठ्यपुस्तकमा दिइएका अभ्यासहरूको विश्लेषण गर्ने उक्त पाठ्यपुस्तकमा दिइएका सवल र दुर्वल पक्षको पहिचान

गर्ने र अभ्यासमा भएका कमीकमजोरी औँल्याई निष्कर्ष र सुझाव दिने मूल उद्देश्यमा केन्द्रित रहेकाले यसको अध्ययनको आधारको रूपमा लिन सकिन्छ ।

नेपाली भाषा शिक्षा विभाग महेन्द्र रत्न क्याम्पस ताहाचल काठमाडौंअन्तर्गत अविसरा थापाद्वारा तयार पारिएको कक्षा पाँचको 'मेरो नेपाली' किताबमा समाविष्ट साहित्यिक विधाहरूको एक अध्ययन (२०५६) शीर्षकको शोधपत्रमा प्रयुक्त विभिन्न साहित्यिक विधाहरू पाठ्यक्रमको उद्देश्यअनुरूप भए नभएको पहिचान गर्ने पाठ्यपुस्तकमा समाविष्ट विधाहरू विद्यार्थीहरूको स्तरअनुरूप भए नभएको पहिचान गर्ने, पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको छनोट र स्तरण उचित भए नभएको हेर्ने र पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको क्रमबद्धताको पहिचान गर्ने जस्ता मूल उद्देश्यमा केन्द्रित रहेकाले यसको अध्ययनको आधारको रूपमा लिन सकिन्छ ।

हेमाङ्गराज अधिकारी (२०५७) द्वारा लिखित भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धतिमा शिक्षण प्रक्रियाअन्तर्गत स्तर, विषयवस्तुको विविधता र गद्यांशको लमाइ र सीमाको चर्चा गरिएको छ । स्तरअनुसार तल्ला कक्षा र माथिल्ला कक्षाहरूमा प्रयुक्त पाठ्यसामग्रीको सापेक्षतामा हेरिनुपर्ने विषयवस्तु, शब्दभण्डार, भाषिक संरचनाको जटिलताबाट स्तरको पहिचान हुनुपर्ने त्यस्तै विषयवस्तुको विविधताअन्तर्गत बोधको अभ्यासका लागि छनोट गरिने सामग्रीहरू भिन्न भिन्न विषय क्षेत्रसँग सम्बन्धित हुनुपर्ने जस्ता कुराको चर्चा गरिएकाले शोधअध्ययनका लागि आधार मान्न उपयुक्त देखिन्छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०६०) द्वारा लेखिएको नेपाली भाषा र साहित्य शिक्षण पुस्तकमा भाषापाठ्यपुस्तकको छनोट र स्तरण शीर्षकमा पाठ्यवस्तु छनोटको अर्थ र प्रयोजन छनोटको बाह्य र आन्तरिक प्रभावकहरू भाषा तत्वहरूको छनोटका सामान्य आधारहरू सङ्कथनको छनोट, पाठ्यवस्तु स्तरणको अर्थ र प्रयोजन जस्ता कुराको चर्चा गरिएकाले यसलाई पनि शोध अध्ययनको महत्वपूर्ण आधार सामग्रीको रूपमा लिन उपयुक्त देखिन्छ ।

नेपाली भाषा शिक्षा विभाग विश्वविद्यालय क्याम्पस कीर्तिपुरअन्तर्गत कमला ज्ञवालीद्वारा तयार गरिएको कक्षा ३ को 'मेरो नेपाली' किताव, नयाँ नेपाली श्रृखला र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन २०६१ शीर्षकको शोधपत्रमा उक्त ३ ओटै पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरी सवल र दुर्वल पक्षहरू पहिल्याउने, पाठ्यक्रमअनुरूपताको आधारमा उक्त भाषापाठ्यपुस्तकको विश्लेषण गरी निष्कर्ष र सुझाव दिने मुख्य उद्देश्यमा केन्द्रित रहेकाले यस अध्ययनका लागि उपयुक्त मान्न सकिन्छ ।

## १.६ अध्ययनको औचित्य र महत्व

नेपाली भाषाशिक्षणमा पाठ्यपुस्तक एक महत्वपूर्ण र आधिकारिक सामग्री हो । कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका उद्देश्यअनुरूप लेखिएका वा तयार पारिएका हुन्छन । नेपाली पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमअनुरूप तयार गरिएको पाठ्यपुस्तक हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमअनुरूपमा अधिक अपेक्षाहरू हासिल गर्दछन् ।

पाठ्यक्रम कै आधारमा पाठ्यपुस्तकहरू तयार पारिएको हुन्छ । प्राथमिक तहका भाषापाठ्यपुस्तकहरू विशेष गरी विद्यार्थीको रूचि क्षमता र स्तरअनुसार तयार पारिएको देखिन्छ । यी पाठ्यपुस्तकहरूको एक आपसको सम्बन्ध हुनु अति आवश्यक छ । प्राथमिक तहका भाषापाठ्यपुस्तक विद्यार्थीहरूका भाषिक सीप (सुनाइ, वोलाइ, पढाइ, लेखाइ) विकास गर्ने उद्देश्यले तयार पारिएको देखिन्छ । यी पाठ्यपुस्तकबीच अन्तः सम्बन्ध हुनु अति आवश्यक छ ।

प्राथमिक तहमा अध्यापन गराइने नेपाली पाठ्यपुस्तकहरूमा प्रयुक्त विषयवस्तुबीच अन्तः सम्बन्ध हुनु पर्दछ अर्थात् पहिलो पाठले प्रदान गर्ने भाषिक सीपसँग दोस्रो पाठको अन्तः सम्बन्ध हरेक कक्षामा देखाइएको हुनुपर्दछ । त्यसैगरी कक्षा एकको भाषापाठ्यपुस्तकको विषयवस्तुले कक्षा दुईमा सिक्ने आधार प्रदान गरिनु पर्दछ । पहिला सिकेको ज्ञान र पछि सिकेको ज्ञानबीच अन्तः सम्बन्ध हुनुपर्दछ ।

विशेष गरी प्राथमिक तहका विद्यार्थीहरूलाई शिक्षण कार्य गर्दा उनीहरूको सिकाइ क्षमता, स्तर, उमेर, तहगत अपेक्षा आदिलाई ध्यान दिनुपर्दछ । प्रस्तुत अध्ययन पनि प्राथमिक तह

प्राथमिक तहका भाषापाठ्यपुस्तकबीचको अन्तः सम्बन्ध केलाउनुमा केन्द्रित भई अध्ययन विश्लेषण नै यसको औचित्य रहेको छ । त्यसैगरी प्रस्तुत शोध अध्ययन प्राथमिक तहका विषयवस्तु, भाषा, अभ्यास र चित्रका आधारमा भाषापाठ्यपुस्तकको अन्तः सम्बन्ध केलाउनुका साथै भाषापाठ्यपुस्तकका शब्दभण्डार र वाक्यगठन ढाँचाको समेत अध्ययन गर्ने भएकाले शिक्षण सिकाइका क्रममा यसले महत्व राख्ने कुरा समेत निर्विवाद छ ।

यस शोधपत्रका आधारमा प्राथमिक तहका नेपाली पाठ्यपुस्तकको सवल र दुर्वल पक्षहरू केलाई तिनमा देखिएका कमीकमजोरी पक्षमा सुझाव समेत प्रस्तुत गरिने भएकाले यस क्षेत्रमा अध्ययन कार्यमा संलग्न शिक्षक, विद्यार्थी, अभिभावक, भावी अनुसन्धाता, विशेषज्ञ आदि सवैलाई अवस्य सहयोग पुऱ्याउने हुँदा यस अध्ययन महत्वपूर्ण रहेको छ ।

## १.७ अध्ययनको सीमा

शोधकार्य आफैमा गहन र जटिल कार्य हो । जुनसुकै अध्ययनको पनि क्षेत्र परिवेश तथा सामग्री आदिको सम्भाव्यता अध्ययनका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । त्यसको अध्ययनले सम्पूर्ण पक्षलाई समेट्न कठिनाई हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइ निश्चित क्षेत्रमा गरिनुपर्ने हुन्छ । त्यसकारण अध्ययनको निश्चित क्षेत्र र सीमा नतोकिएमा अध्ययनले सही मार्ग छोड्छ । यस कुरालाई हृदयङ्गम गरी प्रस्तुत शोध प्रस्तावलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

प्रस्तुत अध्ययन प्राथमिक तहका वर्तमान नेपाली पाठ्यपुस्तकहरूको अन्तः सम्बन्धको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधमा 'मेरो नेपाली' पाठ्यपुस्तकका विषयवस्तु, विधा, भाषाशैली, अभ्यास र चित्र मात्र लिइएको छ । भाषाअन्तर्गत शब्दभण्डार र वाक्य ढाँचालाई मात्र लिइएको छ । प्रस्तुत शोधपत्र यस भाषापाठ्यपुस्तकका अनुसन्धेय विषयको सवल र दुर्वल पक्षहरूको अध्ययन र यसको निष्कर्षमा केन्द्रित रहेको छ ।

## १.८ अध्ययन विधि

शोध एक औपचारिक र व्यवस्थित खोजिकार्य भएकाले यसका खास अध्ययन विधिहरू हुन्छन् । यस अध्ययनका विधिहरू यसप्रकार रहेका छन् :-

प्रस्तुत शोधपत्र प्राथमिक तहको 'मेरो नेपाली' पाठ्यपुस्तकमा केन्द्रित रही उक्त पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डार र वाक्य गठनबीच रहेका शब्द संयोजन, वाक्य गठनसम्बन्धी अन्तः सम्बन्धको अध्ययन रहेको छ । प्रस्तुत शोधपत्रको प्राथमिक स्रोतको रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, प्राथमिक तहका नेपाली पाठ्यपुस्तकहरू र विषयविद्द्वारा प्रदान गरिएका महत्वपूर्ण राय सुझाव रहेका छन् । यस अध्ययनका द्वितीय स्रोतअन्तर्गत पुस्तकहरू, प्रकाशित र अप्रकाशित शोधपत्रहरू र विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू र अन्य लेखहरू रहेका छन् । यसका साथै प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीका साथै द्वितीय स्रोतबाट प्राप्त तथ्यलाई समेत व्याख्या विश्लेषणका महत्वपूर्ण आधार मानिएको छ । यिनै आधारमा प्रस्तुत शोधको व्याख्या र विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा यस प्रकार रहेकाछन् :

परिच्छेद एक - शोध परिचय

परिच्छेद दुई - भाषापाठ्यपुस्तकको सैद्धान्तिक पक्ष

परिच्छेद तीन - विषयवस्तु र विधाका आधारमा भाषापाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध

परिच्छेद चार - भाषाशैली, अभ्यास र चित्रको अन्तः सम्बन्ध

परिच्छेद पाँच - उपसंहार एवम् सुझाव

# परिच्छेद : दुई

## भाषापाठ्यपुस्तकको सैद्धान्तिक पक्ष

### २.१ पाठ्यक्रमको परिचय

पाठ्यक्रम भनेको शिक्षण सिकाइको व्यापक एवं बृहत् कार्यक्रम हो । यसमा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य, विषयवस्तु, विषयवस्तुको क्षेत्र र क्रम, विषयवस्तुअनुरूपको समयभार र अंकभार, शिक्षण प्रक्रिया, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रिया आदि समावेश गरिएको हुन्छ ।

आधुनिक तथा व्यापक दृष्टिकोणका आधारमा भन्नुपर्दा पाठ्यक्रम त्यस्तो शैक्षिक योजना हो जसले विद्यार्थीको उमेर, क्षमता, आवश्यकता, रूचिअनुसारको ज्ञान, सीप हासिल गराउन निर्देशन दिन्छ । विद्यार्थीका शैक्षिक प्राप्तिमा के कस्ता शिक्षणविधिहरू, क्रियाकलापहरू र मूल्याङ्कन प्रविधिहरू अपनाउनुपर्दछ भनी शिक्षकलाई एक विस्तृत योजना मानिन्छ । शिक्षक, विद्यालय र विद्यार्थीको पथ प्रदर्शक मानिन्छ । सम्पूर्ण शैक्षिक क्रियाकलापको मार्गदर्शन मानिन्छ । बालबालिकालाई आवश्यक ज्ञान र सीप प्रदान गरी सर्वाङ्गीण विकास गराउने एक मह□वपूर्ण र आवश्यक शैक्षिक कार्यक्रम मानिन्छ ।

### २.१.१ परिभाषा

पाठ्यक्रमका बारेमा दिइएका विभिन्न परिभाषाहरूमध्ये केही महत्वपूर्ण परिभाषा यसप्रकार रहेको छ :

“शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्दछन् ।”

- नेपाली भाषा र साहित्य शिक्षण, २०६० : २६७ ।

“पाठ्यक्रम सिकाइका लागि एउटा योजना हो ।”

- पाठ्यक्रम, योजना र अभ्यास, २०६२ : ९ ।

“शैक्षिक कार्यक्रमहरू पूरा गनै विकासात्मक, संवेगात्मक, सामाजिक, आध्यात्मिक र नैतिक साधनका रूपमा विद्यालय भित्र र बाहिर हुने सिकारूका अनुभवहरू समावेश गरिएको कार्यक्रम पाठ्यक्रम हो ।”

- पाठ्यक्रम, योजना र अभ्यास, २०६२ : ७ ।

समग्रमा पाठ्यक्रम भन्नाले व्यावहारिक जीवनसँग पूर्णरूपमा सम्बन्ध राख्ने सम्पूर्ण क्रियाकलापको सङ्गठित रूप हो भन्ने बुझिन्छ । पाठ्यक्रम त्यास्तो योजना हो जसमा विद्यार्थीका रूचि, समाजका आवश्यकता र विद्यार्थी एवम् शिक्षकका क्रियाकलापहरू समावेश हुन्छन् ।

## २.२. भाषापाठ्यक्रमको परिचय

'भाषा' सिकाइ र अभ्यासमा आधारित हुन्छ । 'पाठ्यपुस्तक' पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन हो । भाषाको शिक्षण आवश्यकताहरूको पूर्ति एवम् भाषाको संवर्द्धन गर्ने महत्वपूर्ण उद्देश्यले भाषापाठ्यक्रमको निर्माण गरिएको हुन्छ । सिकाइअन्तर्गत कुनै पनि खास कक्षाको खास स्तरमा दिइने शब्दज्ञान, व्याकरण ज्ञान, मौखिक तथा लिखित रचनाकौशल, बोध तथा अभिव्यक्ति, संवाद तथा भाषण आदि जस्ता वार्तालापका क्रियाकलाप प्रशिक्षणका निम्ति तयार पारिएको कार्यक्रमको योजना नै भाषापाठ्यक्रम हो । भाषा पाठ्यक्रमले विद्यार्थीलाई सिकाइको लक्षित विन्दुसम्म पुऱ्याउन मदत गर्दछ ।

भाषापाठ्यक्रम मुख्यतः कार्यक्रलाप केन्द्रित हुन्छ । भाषाशिक्षणमा यसका सुनाइ, बोलाइ, पढाइ, लेखाइ आदि चार सीपको महत्वपूर्ण स्थान रहेको हुन्छ । भाषा सिकाउनु भनेको विषयवस्तु सिकाउनु नभै भाषिक सीप सिकाउनु हो । विद्यार्थीले सिक्न चाहेको भाषा, कृषि, विज्ञान, शिक्षा, कानुन, कला, वाणिज्य, पर्यटन आदि के प्रयोजनका निम्ति भन्ने कुरामा भाषापाठ्यक्रम निर्माता स्पष्ट हुनुपर्दछ । भाषापाठ्यक्रममा आवश्यक अभ्यासहरूको निर्देशन राखिनुपर्दछ । भाषा पाठ्यक्रममा विषयवस्तु साधन र भाषिक सीप साध्य भएकाले विद्यार्थीको उमेर, रूचि र आवश्यकतालाई ध्यानमा राखी पाठ्यक्रमको योजना तर्जुमा गर्नुपर्दछ । यसरी अन्तमा के भन्न सकिन्छ भने भाषापाठ्यक्रमभित्र भाषिकत␣व, साहित्यिक विधा र मौखिक तथा लिखित अभिव्यक्तिका चार तत्वहरू समावेश हुनु आवश्यक हुन्छ ।

### २.२.१ परिभाषा

अन्य विषयका पाठ्यक्रम र भाषापाठ्यक्रममा भिन्नता हुन्छ भन्ने कुरा निम्न परिभाषाद्वारा भाषापाठ्यक्रमलाई स्पष्ट पार्न सकिन्छ :

भाषापाठ्यक्रमलाई साधन र साध्य दुवै रूपमा लिन सकिन्छ । यसमा समावेश गरिएका विद्याहरूको माध्यमबाट भाषा सिकाउने उद्देश्य राखिएको हुन्छ ।

भाषापाठ्यक्रम विषयवस्तु, सीप र व्याकरणको समन्वयात्मक रूप हो । यसको निर्माण भाषिकसीप र समझको विकास गर्ने प्रयोजनले गरिएको हुन्छ ।

भाषापाठ्यक्रमबाट साहित्य र साहित्येतर दुवै किसिमका पाठ्यपुस्तक तयार गर्न सकिन्छ । यसमा विशेषगरी भाषिक अभ्यास गराउनुकासाथै, शब्दभण्डार, वाक्यनिर्माण, भाषातत्व, भाषिक शैली आदि सीपगत विशेषताहरू राखिएको हुन्छ ।

## २.३ नेपाली पाठ्यपुस्तकको परिचय

पाठ्यक्रमले राखेका उद्देश्यहारू परिपूर्ति गर्न छनोट गरिएका विधा र विषयवस्तुलाई समावेश गरी तयार पारिएको सामग्री नै भाषापाठ्यपुस्तक हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, संवेगात्मक, बौद्धिक, पक्षका साथै उनीहरूको रूचि, आवश्यकता तथा सिकाइ प्रवृत्ति समेतलाई ख्याल गरेर मनोबैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुन्छ ।

भाषापाठ्यपुस्तक भाषिक सीप, विषयवस्तु विधा र भाषिक तत्वको समन्वयात्मक रूप हो । विषयवस्तु केवल भाषिक सीप सिकाउने साधनका रूपमा मात्र रहेको हुन्छ । विषयगत वा विद्यागत विविधता हुनु, साहित्यिक र साहित्येत्तर सामग्रीको समायोजन गरी व्याकरणका विविध पक्षसहित विभिन्न सिर्जनात्मक क्रियाकलाप र अभ्यास समेत भाषापाठ्यपुस्तकमा उल्लेख गरिएको हुन्छ ।

भाषपाठ्यक्रमको परिधिभित्र रही निर्धारित भाषिक विषयवस्तुहरूलाई विद्यार्थीको स्तर, क्षमता, रूचि अनुकूल पाठ्यांशमा ढालेर क्रमबद्ध एवम् व्यवस्थित ढङ्गको भाषिक सीप सिकाउने उद्देश्यले विभिन्न भाषिक विषयवस्तुहरूलाई सङ्गठित गरी अध्ययन, अध्यापन र अभ्यासमा सहयोग पुऱ्याउन तयार गरिएको उपयुक्त पाठ्यसामग्री नै भाषापाठ्यपुस्तक हो । भाषापाठ्यपुस्तकमा भाषिक सीप, विभिन्न साहित्यिक विधा तथा उपविधाहरू, विविध विषयवस्तु, भाषातत्व र व्याकरण शिक्षणको लागि पाठ्यक्रमलाई मूल आधार मानी विभिन्न विशेषज्ञद्वारा छनोट गरिएका पाठ्यवस्तुलाई उचित र उपयुक्त स्थानमा समावेश गर्नुलाई स्तरण भनिन्छ । यसरी छनोट र स्तरणका आधारमा तयार पारिएको पाठ्यसामग्रीलाई भाषापाठ्यपुस्तक भनिन्छ ।

### २.३.१ परिभाषा

"कुनै विषयका सिद्धान्तहरूमा शिक्षण प्रदान गर्ने, खासगरी आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तक नै पाठ्यपुस्तक हो ।"

- नेपाली भाषा र साहित्य शिक्षण २०६० : ३४१ ।

"विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई अनौपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो ।"

- बृहत् नेपाली शब्दकोश २०५२ : ८१० ।

"पाठ्यविषयवस्तु सङ्कलन गरिएको पुस्तक, कक्षामा पढ्नु पर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ ।"

- प्रयोगात्मक नेपाली शब्दकोश २०६६ : ६०७ ।

## २.४ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

पाठ्यक्रम शिक्षण प्रक्रियाको मुटु हो । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, विषयवस्तुको क्षेत्र र क्रम आदि निर्देशित गरिएको हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकबीच तालमेल नभएमा शिक्षण सिकाइ क्रियाकलापबाट उपलब्धि हासिल गर्न सकिँदैन । पाठ्यक्रममा शिक्षकले विद्यार्थीलाई कुन कक्षामा के सिकाउने, किन सिकाउने, कसरी सिकाउने जस्ता कुराको उल्लेख गरिएको हुन्छ भने पाठ्यपुस्तकमा पाठ्यक्रमले तोके अनुसारका विषयवस्तुहरू सङ्कलन गरी प्रस्तुत गरिएको हुन्छ । भाषापाठ्यक्रमले पनि

भाषाका सीपहरू कुन कक्षामा, के कति, कसरी, किन, कुन क्रममा सिकाउने जस्ता कुराको उल्लेख गर्दछ । पाठ्यपुस्तकले पनि पाठ्यक्रमका उद्देश्य पूरा गर्न के कस्ता विषयवस्तु र विधालाई समावेश गरेर पाठ्यक्रममा उल्लेखित सीपको विकास गराउने भन्ने कुरामा जोड दिइएको हुन्छ । यसरी पाठ्यक्रमका उद्देश्यअनुसार उपयुक्त विषयवस्तुलाई उपयोग गरेर विभिन्न विधाका पाठहरू समावेश गरी पाठ्यपुस्तक तयार पारिन्छ । पाठ्यक्रममा सिक्ने सिकाउने विधि, आवश्यक सामग्री तथा मूल्याङ्कन प्रविधि समेत उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमकै आधारमा पाठ्यक्रमकै उद्देश्य पूरा गर्न विषयवस्तुअनुरूप पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यपुस्तकमा सङ्कलन गरिएका यिनै विषयवस्तु र विधाका आधारमा अभ्यास मार्फत पाठ्यक्रमले तोकेको चार भाषिक सीप हासिल गर्न सहयोग मिल्दछन् ।

पाठ्यक्रम र पाठ्यपुस्तक एउटै सिक्काका दुई पाटा हुन् । यिनीहरूबीच एक आपसको सम्बन्ध हुन्छ । एकको अभावमा अर्काले कार्य सम्पन्न गर्न सक्दैन ।

## २.५ भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको सम्बन्ध

कुनै निश्चित तह वा कक्षामा भाषाशिक्षण कसरी गर्ने भन्ने कुराको निर्देशन गर्ने मूल दस्तावेज नै भाषापाठ्यक्रम हो । भाषापाठ्यपुस्तक चाहिँ त्यसअन्तर्गत समावेश गरिने एउटा अङ्ग हो । भाषापाठ्यक्रमको उल्लेखबिना भाषापाठ्यपुस्तकको कल्पना समेत गर्न सकिन्न । भाषापाठ्यक्रममा मूलतः उद्देश्य पाठ्यवस्तु, शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया हुन्छन् । यी चार अङ्ग पूरा गर्नका लागि पाठ्यपुस्तकको मह□वपूर्ण भूमिका रहन्छ । यस्ता भाषापाठ्यपुस्तकमा के कस्ता विधा, उपविधा, भाषात□व राखेर भाषापाठ्यपुस्तक तयार गर्ने भन्ने कुरा भाषापाठ्यक्रमअनुरूप निर्देशन गरिन्छ । भाषापाठ्यक्रमका उद्देश्य पूरा गर्ने खालका पाठ्यवस्तु राखी भाषापाठ्यपुस्तक तयार गरिन्छ ।

पाठ्यक्रम शिक्षण प्रक्रियाको मार्गदर्शन गराउने दस्तावेज हो । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रमक्षेत्र, अङ्क विभाजन निर्देशित गरिएको हुन्छ । यही उद्देश्य पूरा गर्न पाठ्यक्रमअनुसार पाठ्यपुस्तक तयार गरिन्छ । भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकबीच घनिष्ट सम्बन्ध रहनुपर्दछ । भाषापाठ्यक्रमले शैक्षिक योजना निर्माण गर्दछ भने भाषापाठ्यपुस्तकले

पाठ्यक्रमको लक्ष्यलाई पूरा गर्ने काम गर्दछ । भाषापाठ्यक्रम सम्बन्धित तहमा तहअनुसारको भाषिक सीपलाई जोड दिएर तयार गरिन्छ । पाठ्यक्रमले निर्देश गरेका विषयवस्तु, सीप, विधि, क्षेत्र, क्रम आदिको सङ्गठन गरी पाठ्यक्रमको प्रयोगात्मक पक्षका रूपमा भाषापाठ्यपुस्तक प्रस्तुत गरिन्छ ।

## २.६ प्राथमिक तहमा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध

प्राथमिक शिक्षाले बालबालिकाहरूका निम्न लिखित पक्षमा विकास गर्ने उद्देश्य राखेको छ ।


- प्राथमिक शिक्षाको मूलभूत उद्देश्य राष्ट्र, राष्ट्रिय एकता, र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने ।
- आधारभूत भाषिक तथा गणितीय सीप विकास गर्ने ।
- विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने ।
- कला सौन्दर्यप्रति अभिरूचि जगाई सिर्जनशील सीपको विकास गर्ने ।
- विभिन्न जातजति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने ।
- मानव अधिकार तथा सामाजिक मूल्यमान्यताप्रति जिम्मेवारीपूर्ण आचरणको विकास गर्ने (प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५ : ३) ।

प्राथमिक शिक्षा पाठ्यक्रमले राखेको उद्देश्यअनुसार प्राथमिक तहमा नेपाली भाषाशिक्षण गर्दा सुनाइ र बोलाइमा जोड दिने खालका विषयवस्तु राख्ने क्रममा जोड दिइएको पाइन्छ । त्यसपछि पढाइ र लेखाइलाई क्रमश : जोड दिइनु पर्दछ । कुनै पनि तहको नेपाली पाठ्यपुस्तक तयार गर्दा भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) लाई विशेष ख्याल गरी सोही बमोजिमका विषयवस्तुहरू चयन गर्नुपर्ने हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुबीच अन्तः सम्बन्ध हुनु एक महत्वपूर्ण पक्ष हो । कुनै पनि भाषा एकै पटक सिक्न

सम्भव नहुने भएकाले भाषामा दक्षता प्राप्त गर्नका लागि भाषिक सीपहरू क्रमैसँग हासिल गर्दैजानुपर्दछ । यसरी भाषिक सीप संयोजन गरी तयार गरिएको सामग्री नै भाषापाठ्यपुस्तक हो ।

प्राथमिक तहमा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध भन्नाले त्यस भित्रका विषयवस्तुहरूबीचको अन्तः सम्बन्धलाई बुझ्नुपर्दछ । विषयवस्तु भाषाशिक्षण गर्न आधार सामग्री हो । जसका माध्यमबाट भाषाका विभिन्न सीपको अभ्यास गराउन सकिन्छ । भाषाको पाठ्यपुस्तकमा समावेश गरिने त्यस्ता विषयवस्तुहरू विभिन्न क्षेत्रबाट लिइएका हुन्छन् । विषयवस्तुको यस्तो विविधताले विभिन्न क्षेत्रमा प्रयोग हुने भाषाको अनुभव प्राप्त गर्न विद्यार्थीलाई सहयोग पुऱ्याइ रहेको हुन्छ ।

प्राथमिक तहमा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध भन्नाले सर्वप्रथम त कक्षा १ को 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध हुनुपर्दछ । पहिलो पाठले दोश्रो पाठ सिक्ने आधार प्रदान गर्नु पर्दछ । पहिलो पाठ र दोस्रो पाठबीच अन्तः सम्बन्ध भएन भने सिकाइ प्रभावकारी हुन सक्दैन । त्यसको लागि विषयवस्तु छनोट गर्दा विशेष ख्याल गर्नुपर्दछ । कुनै एउटा पाठले सम्पूर्ण पक्ष समेट्न सक्दैन । त्यसका लागि पाठहरूकाबीच अन्तः सम्बन्ध हुनु पर्दछ । पहिलो पाठ सुनाइ सीपसँग सम्बन्धित छ भने दोस्रो पाठ सुनाइका साथै बोलाइसँग सम्बन्धित हुनु पर्दछ । त्यसैगरी अर्को पाठ सुनाइबोलाइका साथै पढाइसँग सम्बन्धित र अर्को सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित हुनुपर्छ । त्यसैगरी पाठहरू क्रमश : सरल देखि जटिल, मूर्तबाट अमूर्त, ऐतिहासिक कालक्रम मिलेको हुनु पर्दछ ।



उक्त रेखाचित्रले सीपगत सम्बन्ध सूत्र र चक्रियतालाई प्रदर्शित गरिएको छ शर्मा र पौडेल नेपाली भाषा र साहित्य शिक्षण २०६० : ३२८ ।

नेपाली भाषाशिक्षणका क्रममा सुरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइको सामान्य क्रमलाई क्रमश : अपनाए पनि उपलब्धि प्राप्त गर्नका लागि एउटा सीपले अर्को सीपलाई र अर्को सीपले अर्को सीपलाई अर्थात् सबै सीपले सबै सीपलाई आवश्यक सहयोग र पृष्ठभूमि प्रदान गरिनुपर्दछ ।

प्राथमिक तहअन्तर्गत कक्षा १ को वर्तमान 'मेरो नेपाली' र कक्षा ५ को 'मेरो नेपाली' पाठ्यपुस्तकहरू अन्तः सम्बन्ध हुनुपर्दछ । त्यस्तै कक्षा २ र ३, ३ र ४ र ४ र ५ बीच अन्तः सम्बन्ध हुनुपर्दछ । कक्षा १ मा सिकेका कुराले कक्षा २ मा सिक्ने आधार प्रदान गर्नुपर्दछ । विषयवस्तुबीच एक आपसमा अन्तः सम्बन्ध हुनुपर्दछ ।

## २.७ निष्कर्ष

पाठ्यक्रम शिक्षण सिकाइको व्यापक एवं बृहत् कार्यक्रम हो । कुनै पनि सिकाइ प्रक्रियालाई निश्चित उद्देश्यमा आवद्ध गर्ने काम पाठ्यक्रमले गर्दछ । पाठ्यक्रमको अङ्गहरूमा उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ कार्यकलाप, शिक्षण विधि मूल्याङ्कन आदि रहेका हुन्छन् । पाठ्यक्रमको उद्देश्य र लक्ष्यमा केन्द्रित रहेर नै सिकाइ प्रक्रिया गतिशील बनेको हुन्छ । समसामयिक समाज र राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी पाठ्यक्रमको निर्माण हुन्छ र बालबालिकाको मनोवैज्ञानिक रूचि अनुसारको पाठ्यक्रमको श्रृङ्खला निर्माण गरिन्छ । यसै आधारमा तहगत पाठ्यक्रम निर्माण गरिएका हुन्छन् । पाठ्यक्रमले नै सिकाइ अनुभवहरूलाई सङ्गठित गर्दछ । समयको गतिसँगसँगै व्यक्तिको आवश्यकतालाई पाठ्यक्रमले पहिचान गर्न

सक्यो भने सिकाइका उद्देश्यहरू हासिल हुन सक्छन् । यसैले पाठ्यक्रम सम्पूर्ण सिकाइ प्रक्रियाको आधारस्तम्भ हो ।

भाषिक बोध र अभिव्यक्ति पक्षमा केन्द्रित रहेको पाठ्यक्रम नै भाषापाठ्यक्रम हो । व्यत्ति, समाज र राष्ट्रको भाषिक समस्यामा केन्द्रित भई भाषापाठ्यक्रमको निर्माण भएको हुन्छ । मूख्य गरेर भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को सम्पादन भाषा तत्व वा कार्यमूलक व्याकरणको सुझ विकासमा भाषापाठ्यक्रम केन्द्रित रहेको हुन्छ । भाषापाठ्यक्रमले विद्यार्थीको ग्रहण वा बोध र प्रकटन वा अभिव्यक्ति क्षमतालाई विकास गराउने उद्देश्य लिइएको हुन्छ । त्यसैले भाषा सिकाइको उद्देश्य कुनै विषयवस्तुको ज्ञान पक्षमा सक्षम गराउनु नभई भाषिकसीप पक्षमा सक्षम बनाउनु हो । भाषापाठ्यक्रममा भाषा साधन र साध्य बनेर रहेको हुन्छ । अन्य विषयको पाठ्यक्रमको अपेक्षा भाषापाठ्यक्रम सीप र अभ्यासपरक व्यावहारिक र बानी निर्माणमा सघाउ पुऱ्याउने हुन्छ ।

पाठ्यक्रम सिक्षण सिकाइ प्रक्रियाको मूलभूत कडी हो । पाठ्यक्रमले शैक्षणिक प्रक्रियाका सम्पूर्ण पक्षलाई समेटेको हुन्छ । कुनै पनि राष्ट्रको राष्ट्रिय आवश्यकता, सामाजिक, सांस्कृतिक संरचना, विद्यार्थीको मनोविज्ञान, खेल्ने रमाउने उमेरमा हुने रूचि आदि कुराको आधारमा पाठ्यक्रम निर्माण हुन्छ । पाठ्यक्रमले सिकाइलाई निश्चित क्रममा गाँस्नुका साथै लक्षित उद्देश्यमा पुऱ्याउन मार्ग फराकिलो पार्दछ । यसैले पाठ्यक्रम सम्पूर्ण शैक्षिक प्रक्रियाको प्रमुख अङ्गको रूपमा रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई परिपूर्ति गर्न पाठ्यपुस्तकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यक्रमले सामग्रीको स्रोत उल्लेख गरेको हुन्छ । यस्तै पाठ्यपुस्तकले ती सामग्रीहरूलाई समेटेको हुन्छ । यसैले पाठ्यक्रमको पूरक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई लिइन्छ । भाषाशिक्षणका तहमा पाठ्यपुस्तकले पनि आधारभूत शैक्षिक सामग्रीको रूपमा काम गरेको हुन्छ । विद्यार्थीहरूको उमेर, कक्षाको तह आदि जस्ता कारणले पनि प्राथमिक तहका विद्यार्थीहरूका लागि पाठ्यपुस्तक नै अपरिहार्य पाठ्यसामग्री रहेको हुन्छ । भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सिकाइलाई केन्द्रमा राखी भाषापाठ्यपुस्तक तयार पारिएका हुन्छन् । अन्य विषयका पाठ्यपुस्तकका तुलनामा भाषापाठ्यपुस्तक भिन्नै खालका

र विशिष्ट प्रकृतिको रहेको हुन्छ । यसर्थ पाठ्यक्रम र पाठ्यपुस्तक भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको बीचमा एक आपसको सम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ ।

# परिच्छेद : तीन

## विषयवस्तु र विधाका आधारमा भाषापाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध

विषयवस्तुविना भाषाको शिक्षण सिकाइ असम्भव हुन्छ तर विषयवस्तुको शिक्षण मात्र भाषा सिक्षण होइन । विषयवस्तु भाषाशिक्षण गर्न एउटा आधार सामग्री हो । जसका माध्यमबाट भाषाका विभिन्न सीपको अभ्यास गराउन सकिन्छ । भाषाको पाठ्यपुस्तकमा समावेश गरिने त्यस्ता विषयवस्तु विभिन्न क्षेत्रबाट लिइएका हुन्छन् । विषयवस्तुको यस्तो विविधताले विभिन्न क्षेत्रमा प्रयोग हुने भाषाको अनुभव प्राप्त गर्न विद्यार्थीलाई सहयोग पुऱ्याइ रहेको हुन्छ । जुन कुरा एउटै किसिमका विषयवस्तुबाट सम्भव छैन ।

विषयवस्तुको प्रस्तुति भाषापाठ्यपुस्तकमा विभिन्न विधा तथा उपविधाका आधारमा गरिएको हुन्छ । विभिन्न विधाको आ-आफ्नै ढङ्ग ढाँचा र शैली हुने हुँदा विधागत विविधताले भाषाशिक्षणलाई रूचिपूर्ण बनाउने मात्र नभई यसले विधागत विशेषताको वास्तविक अनुभव समेत प्रदान गर्दछ ।

### ३.१ कक्षा एक

प्राथमिक तहमा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकमा मनोरञ्जनात्मक, पारिवारिक, साँस्कृतिक, वातावरणीय आदि विषयवस्तु रहेका छन् भने विधाहरूमा बालगीत, बालप्रबन्ध बालकथा आदि रहेका छन् । प्रस्तुत विषयवस्तुहरू र विधालाई निम्नानुसार देखाइएको छ ।

**तालिका नं. १**

| पाठ | पाठशीर्षक | विषयवस्तु | विधा |
|---|---|---|---|
| १ | ताराबाजी लै लै | मनोरञ्जनात्मक/पारिवारिक | बालगीत |
| २ | बसबस रे | मनोरञ्जनात्मक/साँस्कृतिक | बालगीत |
| ३ | टालाटुली बटुली | मनोरञ्जनात्मक | बालगीत |
| ४ | काग दाजै | वातावरणीय | बालगीत |
| ५ | लखनको फूलबारी | वातावरणीय | प्रबन्ध |
| ६ | माउ र बचेरा | वातावरणीय | बालकथा |
| ७ | कुखुरी काँ | मनोरञ्जनात्मक | बालगीत |
| ८ | तिर्खाएको काग | वातावरणीय | बालकथा |
| ९ | ढुकुर र कमिलो | वातावरणीय | बालकथा |

प्राथमिक शिक्षा पाठ्यक्रम (२०४९) ले विषयवस्तुको क्षेत्रबारे कक्षागत रूपमा स्पष्ट निर्देश नगरेकाले पाठ्यपुस्तकमा दिइएका पाठकै आधारमा यसलाई केलाउनु पर्ने हुन्छ । प्राथमिक तहअन्तर्गत कक्षा १ को 'मेरो नेपाली' भाषापाठ्यपुस्तकमा विषयवस्तुका रूपमा सामान्यतया घरपरिवार, निकटवर्ती वातावरण, मनोरञ्जन र सेरोफेरोलाई सङ्केत गर्ने कुराहरू समावेश गरिएको छ । जस्तै : घरपरिवारसँग सम्बन्धित "ताराबाजी लै लै" मनोरञ्जनात्मकमा 'बसबस रे', 'कुखुरी काँ', 'टालाटुली बटुली', 'तिर्खाएको काग', 'लखनको फूलबारी', 'ढुकुर र कमिलो' जस्ता पाठको विषयवस्तु वातावरणसँग सम्बन्धित छन् । त्यस्तै पाठ दुई, तीन र चारमा वातावरण र संस्कृति झल्काउने चित्रहरूको उल्लेख गरिएको छ ।

कक्षा १ को पाठ्यपुस्तकका विषयवस्तु खासगरी अक्षर चिनारी र अक्षर लेखनमा नै केन्द्रित देखिन्छ । जम्मा ३५ ओटा पाठमा बाईसवटा पाठ सग्ला, अक्षर, मात्रा सहित, आधा अक्षर, शिरविन्दु चिन्ह र चन्द्रविन्दु चिन्हको प्रयोग गरिएको छ । अक्षर चिनारीका सन्दर्भमा प्रयोग भएका ऊन, औजार, एकतारे, वकिल, षट्कोण, बाण, धनु, यती, जरायो, रथ, यज्ञ जस्ता शब्दहरूले बालबालिकाको अनुभवको सेरोफेरोको विषयवस्तु समेट्न नसकेको देखिन्छ । यी बाहेकका उनीहरूको अनुभवको क्षेत्रसँग सम्बन्धित बन, इनार, तारा, हिमाल, पीपल, फूल, जून, रूख, संसार, सूर्य जस्ता सांस्कृतिक शब्दहरू, मामा, माइजू, बहिनी, भाइ, आमा, काका, दिदी, जस्ता पारिवारिक शब्दहरू प्रयोग भएको छ । यसरी तुलनात्मक रूपमा हेर्दा विद्यार्थीको अनुभव बाहिरकाभन्दा भित्रका शब्दहरूको प्रयोग गरिएको विषयवस्तु समावेश गरिएको छ । यसमा बालगीत, बालकथा, बालप्रबन्ध जस्ता विधाको प्रयोग गरिएको छ । मनोरञ्जनात्मक र छोटो पाठ अनि सरल वाक्यहरूको प्रयोगले गर्दा कक्षा १ को भाषापाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु र विधाहरू उपयुक्त र स्तरयुक्त देखिन्छन् ।

## ३.२ कक्षा दुई

यस कक्षामा प्रयुक्त पाठ, पाठशीर्षक, विषयवस्तु र विधालाई निम्न बमोजिम तालिकामा देखाइएको छ ।

**तालिका नं. २**

| पाठ | पाठशीर्षक | विषयवस्तु | विधा |
|---|---|---|---|
| १ | नानीबाबु | शैक्षिक | बालगीत |
| २ | सिंह र खरायो | सामाजिक | कथा |
| ३ | मौरीको मह | व्यावसायिक/स्वास्थ्य | प्रबन्ध |
| ४ | दीपक र प्रहरी दाइ | सामाजिक | संवाद |
| ५ | झण्डा फरर | परिचयात्मक | कविता |
| ६ | चलाख फ्याउरो | परिवेशात्मक | लोककथा |
| ७ | गुनिलो जनावर गाई | वर्णनात्मक | प्रबन्ध |
| ८ | मामामाइजू | पारिवारिक | संवाद |
| ९ | पुस्तक | शैक्षिक/परिचयात्मक | बाल कविता |
| १० | मान्छेको बुद्धि | मनोरञ्जनात्मक | कथा |
| ११ | नाच्यो जुरेली | मनोरञ्जनात्मक | बालगीत |
| १२ | स्यालको जुक्ति | मनोरञ्जनात्मक | कथा |
| १३ | गौथलीको गुँड | वातावरणीय | प्रबन्ध |
| १४ | लाक्पा र पासाङ | पारिवारिक/स्वास्थ्य | संवाद |
| १५ | के कहाँ बस्छ ? | सामाजिक/प्राकृतिक | कविता |
| १६ | फेरि मुसो भएस् | पौराणिक | कथा |
| १७ | लुम्बिनी | परिचयात्मक | प्रबन्ध |
| १८ | हाम्रो देश नेपाल | भौगोलिक | कविता |
| १९ | टिल्लीले धेरै मानिस बचाइन् | विदेशी/परिवेशात्मक | प्रबन्ध |

प्राथमिक तहअन्तर्गत कक्षा २ को 'मेरो नेपाली' पाठ्यपुस्तकको विषयवस्तुका रूपमा सामान्य तथा शैक्षिक, सामाजिक, मनोरन्जनात्मक, पारिवारिक, परिवेशात्मक,

भौगोलिक, व्यावसायिक, पौराणिक, परिचयात्मक र वातावरणीय सेरोफेरोको साथै विदेशी परिवेशात्मक कुराहरू समावेश गरिएको छ । शैक्षिकमा नानीबाबु, पुस्तक, कविता, सामाजिक विषयवस्तुमा दीपक र प्रहरी दाइ, सिंह र खरायो, के कहाँ बस्छ ? पारिवारिकमा मामा माइजू, लाप्पा र पासाङ, परिचयात्मकमा झन्डा फरर, लुम्बिनी, मनोरञ्जनात्मकमा मान्छेको बुद्धि, नाच्यो जुरेली, स्यालको जुक्ति,, वातावरणीयमा गौथलीको गुँड, भौगोलिकमा हाम्रो देश नेपाल, व्यावसायिक अर्थात् स्वास्थ्यमा मौरीको मह र विदेशी परिवेशात्मकमा टिल्लीले धेरै मानिस बचाइन् जस्ता विषयवस्तुहरू समावेश गरिएको छ ।

कक्षा २ को वर्तमान 'मेरो नेपाली' भाषापाठ्यपुस्तकमा कविता ६, कथा ५, प्रवन्ध ६, संवाद २ गरी जम्मा १९ वटा पाठ दिइएको छ । जसमध्ये पाठ एक, नौ, एघार र पन्ध्रमा बालगीत दिइएको छ । यी विषयवस्तु नैतिक ज्ञान दिने, ज्ञानवर्द्धक, मनोरन्जनात्मक र जानकारीमूलक किसिमका छन् । भावबोधका दृष्टिले कतिपय पाठका पङ्तिहरू कक्षा सुहाउँदा नभई जटिल छन् । जस्तैः पाठ एकको नानीबाबु, शीर्षक बालगीतमा "नेपाल अझैँ ठूलो हुन्छ तिमी बढेपछि, हिमाल अझै अग्लो हुन्छ तिमी चढेपछि" यो पाउ कक्षा दुईका विद्यार्थीको स्तरअनुसार बोधगम्य देखिदैन । त्यस्तै पाठ नौ मा "पुस्तकका पानामा अक्षरका दाना छन् अक्षर टिपी खाऊँ कि माला उनी लाऊँ कि" जस्ता पंक्ति पनि अमूर्त देखिन्छन् । कक्षा दुईका विद्यार्थीले खाउँ, लाउँ, भनेर, खानेकुरा र लाउने कुरालाई मात्र बुझ्ने हुनाले प्रस्तुत पंक्तिहरू उपयुक्त देखिदैन ।

पाठ दुई, तीन, छ, सात, बाह्र, तेह्र, चौध, सोह्र, सत्र र उन्नाईस पढाइ सीपसँग सम्बन्धित ज्ञानबर्द्धक, जानकारीमूलक, मनोरन्जनात्मक, पारिवारिक, पौराणिक, भौगोलिक, विदेशी परिवेशात्मक, विषयवस्तु क्रम मिलाएर राखिएको छ । विषयवस्तु विद्यार्थीको उमेर, रूचि, क्षमता र तह अनुसार सम्बन्धित छन् । जस्तो पाठ एकमा 'नानी बाबु' शीर्षकको बालगीत दिइएको छ । यसले भरखरै कक्षा एक पास गरी कक्षा दुईमा प्रवेश गरेका विद्यार्थीहरलाई अरूले गाएको सुनेर गाउनु यो पाठ सहज देखिन्छ । पाठ दुईमा सिंह र खरायो बालकथा प्रस्तुत गरिएको छ । यसमा पनि विद्यार्थी रमाइलो मानीमानी पढ्न सक्ने विषयवस्तु प्रस्तुत गरिएको छ । यस्तै अन्य पाठका विषयवस्तुहरू पनि एक आपसमा

अन्तः सम्बन्धित छन् । विषयवस्तुले दिने सन्देशमा 'मान्छेको बुद्धि' शीर्षक कथाले दिने सन्देशबाहेक अन्य विषयवस्तु अन्तः सम्बन्धित छन् ।

## ३.३ कक्षा तीन

यस कक्षामा समावेश गरिएका पाठ, पाठशीर्षक, विषयवस्तु र विधालाई निम्नबमोजिम तालिकामा देखाइएको छ ।

**तालिका नं. ३**

| पाठ | पाठशीर्षक | विषयवस्तु | बिधा |
|---|---|---|---|
| १. | मेरोदेश | शैक्षिक/भौगोलिक | बालकविता |
| २. | ढुङ्गाको खिचडी | सामाजिक | कथा |
| ३. | म को हुँ ? | प्राकृतिक | प्रबन्ध |
| ४. | किताब | शैक्षिक | बाल कविता |
| ५. | अनौठो परीक्षा | पौराणिक | कथा |
| ६. | हाटबजार | परिवेशात्मक | संवाद |
| ७. | खेतीवाल | सामाजिक | कविता |
| ८. | नयाँ वर्षको उपहार | विदेशी परिवेशात्मक | कथा |
| ९. | खेर नफालौँ | ज्ञानवर्द्धक/सूचनामूलक | प्रबन्ध |
| १०. | नेपाली | सामाजिक | कविता |
| ११. | महाकवि देवकोटा | सामाजिक | जीवनी |
| १२. | अचम्मको कुरा | मनोरन्जनात्मक | प्रबन्ध |
| १३. | घामछाया | वातावरणीय | कविता |
| १४. | बाँदर र गोही | पौराणिक | कथा |
| १५. | सगरमाथा | प्राकृतिक | प्रबन्ध |
| १६. | सानु छ है सानु | सामाजिक | कविता |
| १७. | वीरमानको दिन फर्किए | वातावरणीय/स्वास्थ्य | प्रबन्ध |

| | | | |
|---|---|---|---|
| १८. | छट्टु बटुवा | सामाजिक | कथा |

प्राथमिक तहमा कक्षा तीनको 'मेरो नेपाली' पठ्यपुस्तकमा शैक्षिक, सामाजिक परिवेशात्मक, स्वास्थ्य, वातावरणीय, मनोरञ्जनात्मक, प्राकृतिक, पौराणिक, ज्ञानवर्द्धक जस्ता विषयवस्तुको प्रयोग गरिएको छ । शैक्षिक, भौगोलिकमा मेरो देश, किताब, सामाजिकमा ढुङ्गाको खिचडी, खेतीवाल, छट्टु बटुवा, परिवेशात्मकमा हाटबजार, स्वास्थ्य/वातावरणीयमा, 'वीरमानका दिन फर्किए' प्राकृतिकमा 'म को हुँ', वातावरणीयमा घामछायाँ, विदेशी परिवेशात्मकमा नयाँ वर्षको उपहार, पौराणिकमा 'अनौठो परीक्षा', ज्ञानबर्द्धकमा 'खेर नफालौ', जस्ता विषयवस्तु रहेका छन् ।

प्रस्तुत प्राथमिक तह ३ कक्षामा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकमा कविता छ, कथा पाँच, प्रबन्ध चार र संवाद दुई गरी जम्मा पाँच विधामा अठार पाठ रहेका छन् । अठार पाठअन्तर्गतका विषयवस्तुमा पाठ एक र दुई अर्थात् दुई र तीन बीच कुनै सम्बन्ध छैन । पाठ दुई पढाइ सीपसँग सम्बन्धित छ । यसमा प्रयोग भएका शब्द बटुवा, बूढी, खिचडी, कन्जुस आदि कुरा विद्यार्थीको अनुभवका विषयवस्तु छन् । पाठ दुई र पाँचका विषयवस्तु एकआपसमा सम्बन्धित छन् । पाठ पाँचको विषयवस्तु पठनबोध क्षमता विकास गराउने खालको छ । यसको विषयवस्तु पूर्वअनुभवमा आधारित छ । पाठ ११ को विषयवस्तु शीर्षकअनुरूप रहेकाले कक्षा र स्तर सुहाउँदो देखिन्छ । पाठ १७ मा प्रयोग भएको विषयवस्तु अति सुहाउँदो छ । 'वीरमानका दिन फर्किए' एक शिक्षामूलक र अनुभव क्षेत्रसँग सम्बन्धित छ । पाठ तीनको विषयवस्तु पाठ नौ र पन्ध्रसँग सम्बन्धित छ । पाठ ६ को 'हाटबजार' संवाद अघिल्लो पाठसँग अन्तः सम्बन्धित छन् । पाठ ६ र पाठ १२ को विषयवस्तु उस्ताउस्तै छन् । विधागत विविधता (कथा, कविता, संवाद आदि) पाठ्यक्रमअनुरूप समेटिएका छन् । पाठ आठको 'नयाँ वर्षको उपहार' कथाको विषयवस्तु सरलबाट जटिलतर्फ अघि आउने क्रममा केही जटिल भए पनि सम्बन्धित छ । पाठ पाँच, बाह्र, तेह्र र अठारका विषयवस्तु एकआपसमा सम्बन्धित छन् । अघिल्लो पाठले पछिल्लो पाठ सिक्न सहयोग गरेको छ ।

## ३.४ कक्षा चार

यस कक्षामा समावेश गरिएका पाठ, पाठशीर्षक, विषयवस्तु र विधालाई निम्नबमोजिम तालिकामा देखाइएको छ ।

**तालिका नं. ४**

| पाठ | पाठशीर्षक | विषयवस्तु | विधा |
|---|---|---|---|
| १. | गाँउछ गीत नेपाली | शैक्षिक | कविता |
| २. | धनको घमण्ड | लोककथात्मक | कथा |
| ३. | बचत गर्ने बानी | सांस्कृतिक | प्रबन्ध |
| ४. | नौलाख तारा | वातावरणीय | कविता |
| ५. | नीमको पात | पौराणिक | कथा |
| ६. | बाग्मती नदी | सांस्कृतिक | प्रबन्ध |
| ७. | बिहेको निम्तो | सामाजिक | संवाद |
| ८. | दाजुभाइ र बूढा बा | ज्ञानबर्द्धक | कथा |
| ९. | स्वस्थ बनौ | परिवेशात्मक/स्वास्थ्य | प्रबन्ध |
| १०. | बुबाको चिठी | सूचनामूलक | चिठी |
| ११. | आमा | ज्ञानबर्द्धक | कविता |
| १२. | बजा लौरी डाङडुङ | पौराणिक | कथा |
| १३. | नरेशको यात्रा | परिवेशात्मक | प्रबन्ध |
| १४. | पशुपन्छी र हाम्रो कर्तव्य | प्राकृतिक | संवाद |
| १५. | प्रधानाध्यापकलाई निवेदन | ज्ञानबर्द्धक | निवेदन |
| १६. | पाप लाग्छ | वातावरणीय | कविता |
| १७. | पछुतो | पौराणिक | कथा |
| १८. | बालबालिकाको अधिकार | सामाजिक | प्रबन्ध |
| १९. | लक्ष्य | शैक्षिक | कविता |
| २०. | सत्यकामको अठोट | नैतिक | कथा |
| २१. | आधुनिक सञ्चार | ज्ञानबर्द्धक | प्रबन्ध |

कक्षा चारको 'मेरो नेपाली' पाठ्यपुस्तकमा शैक्षिक, सामाजिक, विदेशी, परिवेशात्मक, वातावरणीय, प्राकृतिक, सांस्कृतिक, पौराणिक, स्वास्थ्य, ज्ञानबर्द्धक, मनोरञ्जनात्मक जस्ता विषयवस्तुको प्रयोग गरिएको छ । शैक्षिकमा गाउँछ गीत नेपाली, लक्ष्य, सामाजिकमा

विहेको निम्तो, बालबालिकाको अधिकार, परिवेशात्मकमा नरेशको यात्रा, स्वास्थ्य/वातावरणीयमा नौलाख तारा, पाप लाग्छ, प्राकृतिकमा पशुपन्छी र हाम्रो कर्तव्य, पौराणिकमा निमको पात, बजालौरी डाङडुङ, पछुतो, ज्ञानबर्द्धकमा आमा, दाजुभाइ, र बूढाबा, आमा, प्रधानाध्यापकलाई निवेदन, आधुनिक सञ्चार, परिवेशात्मकमा नरेशको यात्रा, नैतिकमा सत्यकामको अठोट र सांस्कृतिकमा 'बचत गर्ने बानी', जस्ता विषयवस्तु रहेका छन् ।

प्रस्तुत भाषापाठ्यपुस्तकमा कविता पाँच, प्रबन्ध पाँच, कथा छ, संवाद दुई, चिठी एक र निवेदन एक गरी जम्मा छ विधामा एक्काइस पाठ रहेका छन् । एक्काइस पाठका विषयवस्तुमा पाठ एक र दुई अर्थात् दुई र तीन बीच कुनै सम्बन्ध छैन । पाठ एक सुनाइ, बोलाइ सीपसँग सम्बन्धित छ । यसमा प्रयोग भएका शब्द तारा, विहान, हिमाल, बास, साँझ, धुला, फूल, गीत आदि कुरा विद्यार्थीको अनुभवका विषयवस्तु हुन् । पाठ तीन र चारका विषयवस्तु एकआपसमा सम्बन्धित छन् । पाठ पाँचको विषयवस्तु पठनबोध क्षमता विकास गर्ने खालको छ । साथै विद्यार्थीको पूर्वअनुभवसँग सम्बन्धित छ । पाठ छ को विषयवस्तु शीर्षकतिरभन्दा कृतिकारतिर केन्द्रित भएकाले कक्षा र स्तर हेरी केही जटिल देखिन्छ । पाठ सातमा प्रयोग भएको पाठको विषयवस्तु अति उपयुक्त छ । 'विहेको निम्तो' एक संस्कृति झल्काउने, शिक्षामूलक र अनुभवक्षेत्रसँग सम्बन्धित छ तर पाठको संवाद धेरै लामो र एउटै पाठमा संवादका धेरै कुरा बुझ्नुपर्ने भएकाले स्तरअनुसार जटिल देखिन्छ । एउटै पाठमा वी.ए. पास, धुम्रपान, मद्यपान, दाइजो, निमन्त्रणा-पत्र जस्ता कुरा बुझ्नुपर्ने भएकाले विषयवस्तु जटिल देखिन्छ । यसले गर्दा एउटै पाठमा धेरै अल्झिनु पर्ने भएकाले अर्को विषयवस्तुसँगको सम्बन्ध जटिल देखिन्छ । पाठ आठअन्तर्गत अभ्यास संख्या एघारमा प्रयुक्त चुट्किला स्तर र तह अनुसार उपयुक्त देखिन्छ । पाठ नौं को विषयवस्तु पनि अघिल्लो पाठ र पछिल्लो पाठसँग सम्बन्धित छ । पाठ दशको 'बुबाको चिठी' 'चिठी' विधासँग सम्बन्धित छ । यसमा चिठी लेख्दा ख्याल गर्नुपर्ने कुराहरू सिकाइने भएकाले स्तर र तह अनुसार उपयुक्त छ । पाठ एक र एघारको विषयवस्तु उस्ताउस्तै छन् । विधागत विविधता (कथा, कविता, प्रवन्ध, संवाद, चिठी, निवेदन, आदि) रहेका छन् । पाठ बाह्रको 'बजालौरी डाङडुङ', कथाको विषयवस्तु सरलबाट जटिलतर्फ आउनेक्रममा केही जटिल भएपनि सम्बन्धित छ । पाठ तेह्र, चौध, पन्ध्र, सोह्र, सत्र, अठार, उन्नाईस, बीस र

एक्काइसका विषयवस्तु एकआपसमा सम्बन्धित छन् । अघिल्लो पाठले पछिल्लो पाठ सिक्न सहयोग गरेको छ ।

## ३.५ कक्षा पाँच

यस कक्षामा समावेश गरिएका पाठ, पाठशीषक, विषयवस्तु र विधालाई निम्न बमोजिम तालिकामा देखाइएको छ ।

**तालिका नं. ५**

| पाठ | पाठशीर्षक | विषयवस्तु | विधा |
|---|---|---|---|
| १. | नैतिक दृष्टान्त | शैक्षिक | कविता |
| २. | कर्मको फल | सूचनामूलक | कथा |
| ३. | कामको महिमा | वातावरणीय | प्रबन्ध |
| ४. | किसानको रहर | सामाजिक | कविता |
| ५. | आँखाको ज्योति | वातावरणीय | कथा |
| ६. | समय | ज्ञानवर्द्धक | प्रबन्ध |
| ७. | बाल दिवस | सांस्कृतिक | संवाद |
| ८. | अनौठो प्रश्न | विदेशी परिवेशात्मक | कथा |
| ९. | हाम्रो यात्रा | ज्ञानबर्द्धक | प्रबन्ध |
| १०. | साथीलाई चिठी | सामाजिक | चिठी |
| ११. | नदी | वातावरणीय | कविता |
| १२. | प्रेरणा | ज्ञानबर्द्धक | कथा |
| १३. | रिसको औषधी | सूचनामूलक | संवाद |
| १४. | सिक्नुपर्ने कुरा | ज्ञानबर्द्धक/स्वास्थ्य | प्रबन्ध |
| १५. | विरामी विदाको निवेदन | सूचनामूलक | निवेदन |
| १६. | देशको माटो | सामाजिक | कविता |
| १७. | सबैभन्दा ठूला भक्त | पौराणिक | कथा |
| १८. | परीक्षाको तयारी | ज्ञानबर्द्धक/स्वास्थ्य | संवाद |
| १९. | नर्सको जीवन | वातावरणीय | प्रबन्ध |
| २०. | राष्ट्रिय गौरव | सामाजिक | कविता |

| | | | |
|---|---|---|---|
| २१. | पश्चात्ताप | नैतिक | कथा |
| २२. | किताव कसरी बन्छ ? | ज्ञानबर्द्धक | प्रबन्ध |

कक्षा ५ को 'मेरो नेपाली' पाठ्यपुस्तकमा शैक्षिक, सूचनामूलक, वातावरणीय, सामाजिक, ज्ञानवर्द्धक, सांस्कृतिक, विदेशी परिवेशात्मक, स्वास्थ्य, पौराणिक, नैतिक, मनोरञ्जनात्मक जस्ता विषयवस्तु रहेका छन् । शैक्षिकमा 'नैतिक दृष्टान्त', वातावरणीयमा कामको महिमा 'आँखाको ज्योति', 'नदी', 'नर्सको जीवन', सूचनामूलकमा 'कर्मको फल', 'विरामी विदाको निवेदन', सामाजिकमा 'किसानको रहर', 'साथीलाई चिठी', 'देशको माटो', 'राष्ट्रिय गौरव', ज्ञानवर्द्धकमा 'समय', 'प्रेरणा', 'किताब कसरी बन्छ ?' सांस्कृतिकमा 'बाल दिवस' ज्ञानवर्द्धक/स्वास्थ्यमा 'सिक्नुपर्ने कुरा', 'परीक्षाको तयारी' विदेशी परिवेशात्मकमा 'अनौठा प्रश्न', पौराणिकमा सबैभन्दा ठूला भक्त', नैतिकमा 'पश्चात्ताप' जस्ता विषयवस्तु रहेका छन् ।

प्रस्तुत 'मेरो नेपाली' पाठ्यपुस्तकमा कविता पाँच, कथा छ, प्रबन्ध सात, संवाद दुई, चिठी एक र निवेदन एक गरी बाइस पाठ रहेकाछन् । बाइस पाठका विषयवस्तुमा एक र दुई अर्थात् दुई र तीनबीच कुनै सम्बन्ध छैन । पाठ एक सुनाइ बोलाइसँग सम्बन्धित छ । यसमा प्रयोग भएका शब्द हाँगो, रास, बेसरी, मह, ढुङ्ग्रो, दूध, सर्प आदि कुरा विद्यार्थीको अनुभवका विषयवस्तु हुन् । पाठ तीन चारका विषयवस्तु एकआपसमा सम्बन्धित छन् । पाठ पाँचको विषयवस्तु बोलाइ क्ष्मता विकास गर्ने खालको छ । साथै विद्यार्थीको पूर्व अनुभवसँग सम्बन्धित छ । पाठ छ को विषयवस्तु शीर्षकतिरभन्दा कृतिकारतिर केन्द्रित भएकाले कक्षा र स्तर हेरी केही जटिल देखिन्छ । पाठ सातमा प्रयुक्त पाठको विषयवस्तु बढी उत्तम छ । 'बाल दिवस' एक शिक्षामूलक र अनुभवक्षेत्रसँग सम्बन्धित छ । पाठ आठको 'अनौठो प्रश्न' कथा स्तर र तह अनुसार उपयुक्त देखिन्छ । पाठ नौं को विषयवस्तु पनि अघिल्लो पाठ र पछिल्लो पाठसँग सम्बन्धित छ । पाठ दसको 'साथीलाई चिठी' 'चिठी' विधासँग सम्बन्धित छ । यसमा लेखाइ क्षमता विकासमा जोड दिइएको देखिन्छ । पाठ दुई र पाठ दशको विषयवस्तु फरक फरक छन् । यसले विद्यार्थीलाई नयाँ कुरा सिक्ने अवसर मिलाएको छ । विधागत विविधता (कविता, कथा, संवाद, प्रबन्ध, चिठी, निवेदन) रहेका छन् । पाठ एघारको 'नदी' कविताको विषयवस्तु सरलबाट जटिलतर्फ आउने क्रममा केही जटिल भए पनि सम्बन्धित छ । पाठ बाह्र, चौध, उन्नाईस, बाइसका विषयवस्तु समान छन् पाठ

तेह्र, पन्ध्र, सोह्र, सत्र अठार बीस, एक्काइसका विषयवस्तु फरक-फरक भए पनि सम्बन्धित छन् । अघिल्लो पाठले पछिल्लो पाठ सिक्न सहयोग गरेको छ ।

## ३.६ निष्कर्ष

प्राथमिक तहमा विषयवस्तु र विधालाई हेर्दा एक आपसमा अन्तः सम्बन्धित देखिन्छ । यस तहको कक्षा एकमा मनोरञ्जनात्मक, पारिवारिक, सांस्कृतिक, वातावरणीय विषयवस्तु समापेश गरिएको पाइन्छ । कक्षा दुईमा शैक्षिक, सामाजिक, व्यावसायिक/स्वास्थ्य, परिचयात्मक, वातावरणीय, पारिवारिक/स्वास्थ्य, सामाजिक, प्राकृतिक, पौराणिक, भौगोलिक र विदेशी परिवेशात्मक विषयवस्तु समेटिएको छ । कक्षा तीनमा दुई कक्षामा समावेश गरिएका विषयवस्तुको अतिरिक्त सूचनामुलक र पौराणिक विषयवस्तु थप गरिएको देखिन्छ । यस्तैगरी कक्षा चारमा लोककथात्मक, ज्ञानबर्द्धक र नैतिक विषयवस्तु थप गरिएको पाइन्छ भने कक्षा पाँचमा शैक्षिक, सूचनामुलक, सांस्कृतिक, पौराणिक र नैतिक विषयवस्तु समेटिएको पाइन्छ । कक्षा एकमा प्रयोग भएका विषयवस्तु कक्षा दुईमा पनि समावेश गरी अन्य विषयवस्तु थप गरिएको छ । तर कक्षा दुईको तुलनामा कक्षा तीनमा प्रयुक्त विषयवस्तु कम देखिन्छ । यसले विषयवस्तुको अन्तः सम्बन्ध खँदिलो बनाउन सकेको छैन । विधागत दृष्टिले हेर्दा एकआपसमा अन्तः सम्बन्धित देखिन्छन् । कक्षा तीनमा बालगीत, बालकथा, बालप्रबन्ध, साथै संवाद, कविता जस्ता विधा थप गरिएको छ । कक्षा तीनमा कविता, कथा, प्रबन्ध, संवाद जस्ता विधाको प्रयोग भएको छ । यस्तै कक्षा चारमा पनि कविता, कथा, प्रबन्ध, संवादका साथै, चिठी र निवेदन विधाको प्रयोग भएको छ । तर कक्षा तीनको तुलनामा कक्षा चारमा विषयवस्तु कम देखिन्छ । विषयवस्तुबीचको अन्तः सम्बन्ध खँदिलो बनाउन सकेको छैन । यस्तैगरी कक्षा पाँचमा पनि कविता, कथा, प्रबन्ध, निबन्ध, संवाद, चिठी र निवेदन विधा समावेश गरिएको छ । कक्षा चारको तुलनामा कक्षा पाँचमा समावेश गरिएका विषयवस्तु कम देखिन्छन् । यसले विषयस्तुबीचको अन्तः सम्बन्ध कसिलो बनाउन सकेको छैन । कक्षा चार र पाँच कक्षामा निवेदन र चिठी विधा थप गरिएको देखिन्छ । कक्षा चार र पाँचमा सुनाइ बोलाइ सीपमा भन्दा पढाइ, लेखाइ, भाषिक सीपमा बढी जोड दिइएको छ । जसले गर्दा विद्यार्थीमा सिर्जनात्मक क्षमता विकास हुने देखिन्छ । समग्रमा हेर्दा कक्षा एकदेखि पाँच कक्षासम्म प्रयुक्त विधाहरू एकआपसमा विधागत संगठन क्रम अन्तः सम्बन्धित देखिन्छन् ।

# परिच्छेद : चार

## भाषाशैली, अभ्यास र चित्रका आधारमा अन्तः सम्बन्ध

### ४.१ भाषाशैली परिचय

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । मानिसले एक अर्काको भावना वा विचार आदान-प्रदान गर्ने एउटा माध्यम हो । अरू मातृभाषा भाषिबीच अभिव्यक्तिको माध्यम पनि नेपाली भाषा नै भएकाले र राष्ट्रिय गतिविधिहरू पनि यही भाषामा प्रकाशन र प्रसारण हुने भएकाले नेपाली भाषा सिक्नु आवश्यक छ । यो भाषा शुद्धसँग सुन्ने, बोल्ने, पढ्ने, लेख्ने सीप विकास भएपछि अरू विषय सिक्ने मूल बाटो खुल्छ । तसर्थ हाम्रो जस्तो बहुभाषिक समाजमा यो माध्यम भाषाबाट विभिन्न व्यवहार सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले नेपाली भाषा प्राथमिक स्तरदेखि अध्ययन गर्नुपर्ने जरूरी छ (प्राथमिक पाठ्यक्रम दिग्दर्शन : २०४९) ।

प्राथमिक तह भाषा सिकाइको पहिलो सोपान हो । अक्षर चिनारीका साथै भाषा सिकाइलाई जोड दिने भएकाले प्रयुक्त भाषाबीच अन्तः सम्बन्ध हुनुपर्दछ । भाषाशैली भन्नाले शब्दभण्डार र वाक्यढाँचा बुझ्नु पर्दछ । सर्वप्रथम कक्षागत आधारमा यिनीहरूको सम्बन्ध हेर्नु उपयुक्त ठहरिन्छ ।

### ४.१.१ कक्षा एक

कक्षा एकका पाठहरू अक्षर चिनारी र अरू गरी दुई किसिमका छन् । अक्षर चिनारीका लागि दिइएको पाठमा सग्ला, मात्रा सहितका, आधा अक्षर र चन्द्रविन्दुको प्रयोग गरिएका पाठहरू क्रमैसँग दिइएको छ ।

अक्षर चिनारीको क्रमलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ ।

| पाठ | सग्ला अक्षर | पाठ | मात्रासहितका अक्षर | मात्रा | पाठ | आधा अक्षर | पाठ | चन्द्र विन्दु |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ग,म,भ,झ | १७ | जामा, छाता, माला, तारा | आकार | २८ | झण्डा, चम्चा, चप्पल, घ्याम्पो | ३० | आँखा, दाँत, घाँटी |
| ७ | त, न, ल, व, ब, क | १८ | गिलास, पिङ, हिमाल, किताब | इकार | २९ | बाख्रो, कोको, सर्प, सूर्य | | |
| ८ | ट, स, श, ख, ए, ऐ | १९ | पाथी, ढिकी, पीपल | ईकार | | | | |
| १० | ट, ठ, द, ड, य, थ | २० | कुकुर,कुखुरो, पुतली | उकार | | | | |
| ११ | प, फ, ष, च, ण | २१ | फूल, दूबो, जून | ऊकार | | | | |
| १२ | ड, ङ, ह, इ, ई | २३ | केरा, मेवा, भेडा | एकार | | | | |
| १३ | ज, ज्ञ, क्ष, ञ, त्र, ऋ | २४ | मैना, पैसा, थैली | ऐकार | | | | |
| १४ | घ, ध, छ, उ, ऊ | २५ | डोको, डालो, कोदाली | ओकार | | | | |
| १५ | अ, आ, ओ, औ, अं, अः | २६ | लौका, टौवा, कौवा | औकार | | | | |
| | | २७ | संसार, हंश | शिरविन्दु | | | | |

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि कक्षा एकमा अक्षर चिनारीका लागि दिइएका वर्णहरू सरलदेखि जटिलको क्रममा छन् । ग, म, भ, झ बाट अक्षर चिनारी सुरू गरिएको

छ । यसले बालबालिकालाई अक्षर चिन्न सरल भएको छ साथै चक्रीय स्तरणलाई पनि हेक्का राखिएको छ । जस्तै : ग लेख्ने अभ्यास ग, म, भ, झ सम्म भएको छ र नयाँ अक्षर पनि सिकिदै जाने खालको छ । यस्तै अन्य अक्षर चिनारीलाई पनि क्रम मिलाइएको छ । मात्रा लागेको अक्षरमा पनि क्रमश : आकार, इकार, ईकार, उकार ऊकार, ए, ऐ, ओ, औ, अं, अः गरी दिइएको छ । सग्ला र मात्रासहितका अक्षर पनि आधा अक्षर र त्यसपछि चन्द्रविन्दु लागेका अक्षरहरू दिइएको छ ।

यसरी अक्षर चिनारीका पाठहरूबीच अन्तः सम्बन्ध देखिन्छ अर्थात् अघिल्लो पाठले पछिल्लो पाठ सिक्न सहयोग गरेको छ ।

कक्षा एकका पाठहरू धेरैजसो अक्षर चिनारी र अक्षर लेखनमा नै केन्द्रित रहेको देखिन्छ । अक्षर चिनारीका साथै सुनाइ, बोलाइ, सीपसँग सम्बन्धित पाठहरू पनि राखिएको छ । यस पाठमा प्रयुक्त भाषा हेर्दा पाठ एकमा दिइएको 'ताराबाजी लै-लै' को भाषा स्तरअनुसार उपयुक्त देखिन्छ । पापा, बुबु, माम, म्याउँम्याउँ, गेडी कुटुक्क, सुपुक्क जस्ता बालबोलीको प्रयोगले बालबालिकालाई भाषा सिक्न सरल बनाएको छ । पाठ नौको बसबस रे मा प्रयुक्त भाषा पनि सरल र उनीहरूको पहिचानसँग सम्बन्धित रहेका छन् । यस्तै 'टालाटुली बटुली' मा पनि केटाकेटी खेल्दै भाषा सिक्ने खालको छ । पाठ बाईसमा दिइएको 'कागदाजै' शीर्षक बालगीत अघिल्ला पाठभन्दा केही फरक अर्थात् वातावरणसँग सम्बन्ध देखाउन खोजिएको छ । काग, पीपल, आँप, पानी, साथी जस्ता वातावरणीय शब्द प्रयोग गरिएको छ । पाठ ३१ को 'लखनको फूलबारी' शीर्षकमा दिइएको भाषा स्तरअनुसार उपयुक्त छ तर व्याकरणको ख्याल गर्नुपर्ने भएकाले भाषा केही जटिल देखिन्छ । छ, छन्, आउँछन्, चुस्छन्, जस्ता शब्द केही जटिल देखिन्छ । यी बाहेक अन्य पाठहरूमा प्रयोग भएका शब्द सरल र सुहाउँदा छन् । पाठ एकमा २२, नौमा २६, पन्ध्रमा ३४, पाठ बीसमा ४२, पाठ एकतीसमा ३५, बत्तीसमा ९१, तेत्तीसमा ३०, चौतीसमा ७२, पैतीसमा ८१, शब्दको प्रयोग भएकाले शब्दभण्डार क्रमशः वृद्धि हुँदै गएको देखिन्छ ।

कक्षा एकमा प्रयोग भएका वाक्यगठन शैली हेर्दा सरल र भूतकालीन क्रियापद प्रयोग भएका वाक्यको बाहुल्यता रहेको पाइन्छ । यसमा वर्तमान कालको प्रयोग पनि गरिएको छ ।

दुई शब्ददेखि आठ शब्दसम्म प्रयोग भएको वाक्यको प्रयोग भएको छ । जस्तै : दुई शब्द प्रयोग भएको वाक्य - धारामा जाऊ । वाक्य छोटाछरिता र विद्यार्थीलाई सिक्न सजिलो हुने खालका छन् । एउटा पाठमा दश वाक्यदेखि १९ वाक्यसम्म प्रयोग गरिएको छ । यसरी समग्रमा हेर्दा कक्षा १ को भाषा स्तरअनुरूप उपयुक्त देखिन्छ ।

## ४.१.२ कक्षा दुई

कक्षा दुईका पाठहरू शब्दभण्डार र वाक्यढाँचाको अभ्यास गराउने किसिमका छन् । पाठमा प्रयोग भएका भाषा सरल र उनीहरूको अनुभवको क्षेत्रसँग सम्बन्धित छन् । एक अक्षरदेखि आठ अक्षरसम्मका शब्दहरूको प्रयोग भएको छ । जस्तै : एक अक्षरको शब्द म, त, रस, आदि । आठ अक्षरको शब्द जस्तै देखाउनेहरूमध्ये । पाठ ६ मा कागको हुनुपर्नेमा कागका, पाठ नौमा कहानी, पाठ तेह्रमा खटप्वाल, पाठ १९ को टिल्ली, समुन्द्र, छाल, भुँइचालो, सुनामी जस्ता शब्दबाहेक अन्य शब्द विद्यार्थीको स्तर र तहअनुसार परिचित, निकटवर्ती, दैनिक जीवनमा प्रयोग हुने किसिमका छन् । पाठमा प्रयोग भएका विषयवस्तु, सामाजिक, पारिवारिक, मनोरञ्जनात्मक, शैक्षिक, वातावरणीय भएकाले पाठमा प्रयोग भएका शब्दभन्डार पनि सरल, मूर्त, परिचित र व्यावहारिक छन् । जस्तै : घाम, जून, पधेरी, पानी, वन, विरामी, खोकी, आमा, भिड, धन्यवाद, झण्डा, काग, गाई, बाच्छो, दूध, गोबर, बाखा, दाजु, मामामाइजू, बारी, काका, फर्सी, आकाश, किसान गोरू, गुँड, पखेटा, गाउँ, माटो, हात, चकलेट, दाँत, बदाम, मूसो, कुकुर, बिरालो, घोडा, हात्ति, बाघ जस्ता शब्दहरू फरकफरक पाठमा फरक-फरक ढङ्गले प्रस्तुत भएका छन् । पाठमा प्रयोग भएका शब्दभण्डार हेर्दा पाठ एकमा ४४, पाठ दुईमा २१९, तीनमा १६४, चारमा १८२, पाँचमा ५६, छमा १३३, सातमा १४७, आठमा १४८, नौमा ४७, दशमा १९५, एघारमा ४४, बाह्रमा १६९, तेह्रमा १६२, चौधमा १४८, पन्ध्रमा ५५, सोह्रमा १४४, सत्रमा १४४, अठारमा ६७, उन्नाईसमा १९४, गरी जम्मा पाठमा २४४२ वटा शब्द प्रयोग भएका छन् ।

वाक्यढाँचालाई हेर्दा कक्षा एकको तुलनामा केही लामा वाक्य प्रयोग भए पनि वाक्यमा प्रयोग भएका शब्दहरू सरल र परिचित खालका छन् । वाक्यहरू स्पष्ट र सजिलै बुझ्न सकिने खालका छन् । पूर्णविरामका साथै प्रश्नवाचक, अल्पविराम, विस्मयादिबोधक, उद्धरण जस्ता लेख्य चिन्हको प्रयोग भएको छ । यी चिन्हहरूको प्रयोगले वाक्यमा अझ मिठास थपेको छ ।

वाक्यमा दुई शब्ददेखि एघार शब्दसम्म प्रयोग भएको छ । पाठमा प्रयोग भएका वाक्यलाई हेर्दा चार, पाँच, छ शब्दले बनेका वाक्यको प्रयोग बढी रहेको छ । पाठमा प्रयोग भएको भाषालाई हेर्दा एक पाठमा २० वाक्यदेखि ३५ वाक्यसम्म प्रयोग भएको छ । अन्य पाठसँग तुलना गरी हेर्दा पाठ दुईको 'सिंह र खरायो' मा प्रयोग भएको शब्दभण्डार र वाक्य धेरै भएको र पाठ उन्नाईसको 'टिल्लीले धेरै मानिस बचाइन्' मा विदेशी वातावरणका शब्दहरू टिल्ली, स्मिथ, बेलायत, इन्डोनेशिया, समुन्द्र, सुनामी, फुकेट, थाइल्याण्ड आदि कठिन भए पनि अरू सरल र स्तर सुहाउँदा देखिन्छन् ।

## ४.१.३ कक्षा तीन

भाषाशैलीका दृष्टिले हेर्दा कक्षा तीनमा बढीभन्दा बढी शब्दभण्डार वृद्धि गर्ने किसिमका पाठहरू रहेका छन् । पाठमा प्रयोग भएका शब्दहरू जस्तैः संवादमा प्रयोग भएका पात्रको नाम शिल्पा, रामजनम जस्ता चलन चल्तीमा आएका नामको प्रयोगले भाषामा सरलता रहेको छ । त्यस्तै आवश्यक रूपमा स्तर सुहाउँदो छोटा वाक्यको प्रयोगले भाषा सहज देखिन्छ । जस्तै- "बटुवाले चम्का लगाएर आगो बाल्यो । उसले भाँडामा पानी हालेर ढुङ्गो बसाल्यो । त्यस्तै बूढी जाती थिइनन् । ऊ कसैलाई केही पनि दिन्नथी ।" आदि प्रयोगले अर्थगत सङ्गति ल्याएको छ । पृष्ठ ८७ को 'सानु छ है सानु' बाल कविताको अन्तिम पाउमा प्रयोग भएको 'काममा लाग्ने मान्छेलाई गर्दे जान्छु 'ठूली' ले बालबालिकामा शिष्ट व्यवहार झल्काएको छ । यसैले यसमा भएका शब्दभण्डारलाई हेर्दा विद्यार्थीको तह, उमेर र स्तरअनुसार उपयुक्त देखिन्छ । जस्तै साँझ बटुवा, बूढी, ढुङ्गो, खिचडी, हाटबजार, फलफूल, चामल, बिरामी, औषधी, किसान, वन, रूख, पैसा, मद्दत, पहिरो, समुन्द्र बाफ, बादल, आकाश, छाता, पहाड, रूमाल, दूध, दही, गोरू आदि ।

समग्रमा हेर्दा कक्षा १ मा विशेष गरी अक्षर चिनारीलाई जोड दिइएको छ । अक्षर चिनारीका लागि दिइएका वर्णहरू सरलदेखि जटिलको क्रममा छन् । मात्रा लागेका अक्षर पनि आकार इकार क्रमशः मिलाएर दिइएकोले भाषा सरल र अन्तः सम्बन्धित बनाएको छ । दुई शब्ददेखि आठ शब्दसम्मको प्रयोग वाक्यमा भएको छ । कक्षा दुईका पाठहरू खासगरी शब्दभण्डार र वाक्यढाँचाको अभ्यास गराउने किसिमका छन् । एक शब्दमा एकदेखि आठ अक्षरसम्म प्रयोग भएको छ भने चार, पाँच र छ शब्दले बनेका वाक्यको बाहुल्यता रहेको

छ । केही विदेशी परिवेशका शब्दहरू वाहेक यस किताबमा प्रयुक्त शब्द र वाक्य स्तरअनुरूप देखिन्छ । कक्षा तीनमा बढीभन्दा बढी शब्दभण्डार वृद्धि गर्ने किसिमका पाठहरू रहेका छन् । चलनचल्तीमा अर्थात् सुन्नमा आएका नाम, छोटा र सरल वाक्यको प्रयोगले भाषा सहज र स्तर सुहाउँदो देखिन्छ । यसरी कक्षा एक र दुईमा भन्दा तीनमा प्रयोग भएको भाषा स्तरअनुसार बढी सुहाउँदो देखिन्छ ।

## ४.१.४ कक्षा चार

भाषाशैलीतर्फ दृष्टिगत गरी हेर्दा कक्षा चारमा बढीभन्दा बढी शब्दभण्डार बृद्धि गर्ने किसिमका पाठहरू रहेका छन् । पाठमा प्रयोग भएका केही शब्दहरू जस्तै-'बिहेको निम्तो' संवादमा प्रयोग भएका पात्रका नाम रमेश, अञ्जना, महेश आदि जस्ता चलनचल्तीमा आएका नामको प्रयोगले भाषामा सरलता ल्याएको छ । त्यस्तै आवश्यक रूपमा सरल कारक र छोटा वाक्यको प्रयोगले भाषा सहज देखिन्छ । पेज ३४ को बुबा आउनुभयो जस्तो छ ए छोरी ⊔ यो झोला भान्सामा लैजाऊ त । जस्ता वाक्यको प्रयोगले भाषामा मिठास देखिन्छ । यस किताबमा प्रयुक्त शब्दभण्डार विद्यार्थीको तह, उमेर र स्तरअनुसार उपयुक्त देखिन्छ । जस्तैः पङ्ख, शिखर, सृष्टि, प्रीति, ध्वजा, आयोजना, छाँटकाँट, सम्मान, भण्डार, घमण्ड, प्रतिज्ञा, बिल्लीबाठ, उर्जा, शीत, धरती, थुँगा, कोसेली, किरण, विष, परिणाम, दुर्व्यवहार, चाल, तीर्थस्थल, हरियाली, सिँचाइ, डङ्गुर, उपत्यका, अपमान, निर्मल, बरोबर, अम्खोरा, व्यस्त, सुशील, दाइजो, चुलैनिम्तो, भरबेग, तोक्मा, भकारो, भौँतारिदा, भौचर, चेकबुक, आभार, दीर्घायु, उपयुक्त, परिश्रम, वञ्चित, व्यायाम, नियमित, पर्यटक, सपूत, सुयोग्य, ताउली, सक्कली, सदरमुकाम, थाङ्ग्रो, धुरी, चेतनशील, आश्रयस्थल, निर्धा, चरीबरी, सुवास ईश, विरोध, शल्यक्रिया, रक्तसमूह, सातुसामल, पश्चात्ताप, भोटो, कमैया, संरक्षण, मानवअधिकार, कर्णधार, लक्ष्य, महर्षि, प्रतिभाशाली, आविष्कार, प्रविधि, अखबार, आदानप्रदान, सौर्यशक्ति, नवीन, जलस्रोत, सर्वत्र, विद्युत्तीय आदि ।

वाक्यढाँचालाई हेर्दा कक्षा तीनको तुलनामा केही लामा वाक्य प्रयोग भएतापनि वाक्यमा प्रयोग भएका शब्द सरल र परिचित भएकाले वाक्य स्पष्ट र वोधगम्य छन् । पूर्णविरामका साथै प्रश्नवाचक, अल्पविराम, विस्मयादिवोधक, उद्धरण जस्ता लेख्य चिन्हको प्रयोगले वाक्यमा अझ मिठास थपेको छ । वाक्यमा दुईशब्ददेखि तेह्र शब्दसम्म प्रयोग भएको छ ।

यसो भएतापनि पाठमा सात, आठ, नौ र दश शब्दवाट बनेका वाक्यहरूको बाहुल्यता रहेको छ । यस किताबमा प्रयोग भएका शब्द र वाक्य स्तरअनुरूप देखिन्छ । पाठमा प्रयोग भएको भाषालाई हेर्दा दुई पाठमा पाँच वाक्यदेखि एकसय एघारसम्म वाक्य रहेका छन् । अरू पाठको तुलनामा पाठ सत्रको 'पछुतो' पाठ शीर्षकमा शब्दभण्डार र वाक्य धेरै प्रयोग भएको देखिन्छ । चलनचल्तीमा अर्थात् सुन्नमा आएका नाम, छोटा र सरल वाक्यको प्रयोगले भाषा सहज र मिठासयुक्त देखिन्छ । यसरी कक्षा दुई र तीनमा भन्दा चारमा प्रयुक्त भाषा स्तरअनुसार सुहाउँदो देखिन्छ ।

### ४.१.५ कक्षा पाँच

भाषा प्रयोगका दृष्टिले हेर्दा कक्षा पाँचमा बढीभन्दा बढी शब्दभण्डार बृद्धि गर्ने किसिमका पाठहरू रहेका छन् । पाठमा प्रयोग भएका केही शब्दहरू जस्तै : रिसको औषधी संवाद पाठमा प्रयोग भएको पात्रको नाम आस्था, विश्वास जस्ता चलनचल्तीमा आएका नामको प्रयोगले भाषामा सरलता ल्याएको छ । त्यस्तै आवश्यक रूपमा सरल कारक र छोटा वाक्यको प्रयोगले भाषा सरल देखिन्छ । पेज ७२ को 'यस्तो काम लाग्ने राम्रो कुरा सुनाएको मा धन्यवाद । अब म कहिल्यै रिसाउँदिन ।' जस्ता वाक्यको प्रयोगले राम्रो काम गर्नेलाई धन्यवाद दिन र गल्ती गरेमा क्षमा माग्नु जस्ता प्रसङ्गले भाषामा मिठास देखिन्छ । यस किताबमा प्रयोग भएका शब्दभण्डार विद्यार्थीको तह, उमेर र स्तरअनुसार उपयुक्त देखिन्छ । जस्तै : वृक्ष, चन्द्र, सूर्य, अत्यन्त, कृष्णा, ढुङ्गो, मूर्ख, अर्ती, बृद्धा, खुट्टा, आश्चर्य, आत्तियो, दुष्कर्म, बुद्धि, निर्वाह, पुर्खा, राम्रो, उत्पादन, विक्री, उद्देश्य, झुल्किन्छ, घन्किन्छ, तिर्खा, वस्थ्यो, जुरूक्क, डोऱ्यायो, झुम्मिन्थे, देखाउँथ्यो, उज्यालो, आत्तिदै, अमृत, हप्ता, भविष्य, कर्तव्य, दोर्जे, चौतर्फी, सङ्गीत, कार्यक्रम, हप्काउने, स्कूल, निर्णय, भ्रमण, धृष्टता, ओच्छ्याइए, स्वेटर, ज्याकेट, अम्रिसो, ओलन, झल्याँस्स, ग्रहण, हर्षित, दृष्टि, आत्मीय, पर्वत, कुञ्ज, लट्टा, समुन्द्र, ज्यादै, राम्रो, ठसक्क, इन्द्रिय, ज्ञानेन्द्रिय, सिर्जना, मृत्यु, निस्किरहन्थ्यो, छाप्रा, कृषक, नतमस्तक, सांसारिक, भक्त, वृद्धि, प्रोटिन, स्वच्छ, तत्व, क्याल्सियम, फ्लोरेन्स, नाइटिङ्गेल, नर्स, शल्यक्रिया, राष्ट्रिय, हिम्मत, चम्कोस्, पश्चात्ताप, बुद्ध, शरण आदि ।

वाक्यढाँचालाई हेर्दा कक्षा चारको तुलनामा केही लामा वाक्य प्रयोग भएता पनि वाक्यमा प्रयोग भएका शब्द सरल र परिचित भएकाले वाक्य स्पस्ट र वोधगम्य छन् । पूर्ण विरामका

साथै प्रश्नवाचक, अल्पविराम, विस्मयादिवोधक, उद्धरण जस्ता लेख्य चिन्हको प्रयोगले वाक्यमा अझ मिठास थपेको छ । वाक्यमा एक शब्ददेखि सत्ताइस शब्दसम्म प्रयोग भएको छ । यसो भएता पनि पाठमा आठ, नौ, दस र एघार शब्दबाट वनेका वाक्यहरूको बाहुल्यता रहेको छ । केही विदेशी परिवेशका शब्दहरूबाहेक यस किताबमा प्रयोग भएका शब्द र वाक्य स्तरअनुरूप देखिन्छ । यस्तै यस किताबका प्रत्येक पाठमा प्रयोग भएका शब्द सङ्ख्या र वाक्य सङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

| पाठ | शब्द सङ्ख्या | वाक्य सङ्ख्या | पाठ | शब्द सङ्ख्या | वाक्य सङ्ख्या |
|---|---|---|---|---|---|
| ज्ञ | ठद्द | ज्ञद्द | ज्ञद्द | ज्ञढछ | घद्ध |
| द्द | द्धद्धछ | ठछ | ज्ञघ | छद्दज्ञ | डछ |
| घ | घठद्ध | छट | ज्ञद्ध | छछछ | टड |
| द्ध | ज्ञज्ञड | ज्ञड | ज्ञछ | ठज्ञ | ण्ठ |
| छ | ठटछ | ज्ञण्ढ | ज्ञट | डछ | ज्ञद्ध |
| ट | छद्धण | डण | ज्ञठ | ठण्छ | डद्द |
| ठ | छद्धण | छद्ध | ज्ञड | छज्ञज्ञ | टड |
| ड | छडठ | टघ | ज्ञढ | घघद्ध | द्धघ |
| ढ | टज्ञट | डण | द्दण | डण | ज्ञद्द |
| ज्ञण | घछघ | घण | द्दज्ञ | घढद्द | टज्ञ |
| ज्ञज्ञ | टद्ध | ज्ञट | द्दद्द | घघछ | छद्द |
| जम्मा | द्धद्धठद्ध | छढघ | जम्मा | छद्दडद्ध | छद्दट |

माथि उल्लेखित तालिकाअनुसार विश्लेषण गर्दा यस 'मेरो नेपाली' पाठ्यपुस्तकको पेज ८५ को पाठ १५ 'विरामी विदाको निवेदन' शीर्षक पाठमा सवभन्दा कम ७१ शब्द सङ्ख्या र वाक्य सङ्ख्या सवभन्दा कम सात वाक्य रहेका छन् । यस्तैगरी पेज २१ पाठ पाँचको 'आँखाको ज्योति' कथा विधामा सवभन्दा बढी शब्द सातसय पैंसट्ठी (७६५) र वाक्य सङ्ख्या एकसय नौ (१०९) रहेको पाइन्छ । यस्तै, पेज ८१, पाठ १४ को 'सिक्नु पर्ने कुरा' शीर्षकको पाठमा 'भौतारिरहनुहुन्न' सवभन्दा बढी अक्षरले बनेको शब्द प्रयोग भएको छ ।

## ४.२ अभ्यासका आधारमा अन्तः सम्बन्ध

प्राथमिक तहका 'मेरो नेपाली' पाठ्यपुस्तकमा भएका अभ्यासहरूको निम्न बमोजिम अन्तः सम्बन्ध देखाइएको छ ।

### ४.२.१ अभ्यास परिचय

भाषाशिक्षण गर्नु भन्नाले भाषिक सीपहरूको शिक्षण गर्नु भन्ने बुझिन्छ । सीप विकास गर्न अभ्यासको जरूरी पर्दछ । भनिन्छ, अभ्यासले मानिसलाई निपूर्ण बनाउँछ । अभ्यास विना कुनै पनि कुरामा निपुणता प्राप्त गर्न सकिँदैन । काठको काम गर्ने सिकर्मी, ढुङ्गाको काम गर्ने डकर्मी, बाजा बजाउने, गीत गाउने, साहित्यकार, राजनीतिज्ञ आदि सबैले अभ्यास गरेर नै निपुणता र विशेष ज्ञान प्राप्त गरेका हुन्छन् । प्राथमिक तहका भाइबहिनीहरू पनि भर्खर पढाइतिर अग्रसर रहेका हुन्छन् । कलिला भाइबहिनीहरूमा निरन्तर अभ्यास भएन भने भर्खर सिकेका कुरा भर्खरै विर्सने वानी उनीहरूमा हुन्छ । त्यसैले उनीहरूलाई पाठमा भएका कुरा अभ्यासद्वारा दोहोऱ्याइरहनु आवश्यक हुन्छ । पाठहरूसँग अभ्यास सम्बन्धित हुनुपर्दछ । स्तर सुहाउँदो र अन्तः सम्बन्धित हुनुपर्दछ । अभ्यासले सिकाइमा निपुणता हासिल गर्न सहयोग पुऱ्याउने हुनुपर्दछ । पाठ र अभ्यासमा अन्तः सम्बन्ध हुनु आवश्यक छ । अभ्यास अभ्यासमा अन्तः सम्बन्ध हुनु जरूरी हुन्छ । अभ्यासले सुनाइ, बोलाइ, पढाइ, लेखाइ आदि सम्पूर्ण पक्षलाई ओगट्नुपर्दछ । कक्षागत रूपमा प्रयोग भएका अभ्यासको बारेमा यसप्रकार सङ्गठन गरिएको छ ।

### ४.२.२ कक्षा एक

भाषिक सीप सुनाइ बोलाइ सीप विकास गर्न दिइएको अभ्यासमा, अक्षर चिनारी गर्न दिइएका अभ्यासमा र अक्षर लेखनका लागि दिइएका अभ्यासमा निकै विविधता पाइन्छ । पाठ दुईको अभ्यास पाठ सुहाउँदो रहेको छ । पाठमा जनावरहरूको चित्र दिइएको छ । अभ्यास १.मा तलका लहरमा कुन मिल्दैन, देखाऊ भनिएको छ । यो अभ्यास बोलाइ सीप र बोधक्षमता विकास गर्ने खालको छ । त्यस्तै तीन चार र पाँच पाठमा पनि क्रमश : चराहरू बाजाहरू र खरायो र कछुवाको दौड कथाको प्रसङ्ग झल्किने खालका चित्रहरू रहेका छन् । पाठ दुई र तीनका अभ्यास पाठसँग सम्बन्धित छन् । पाठ पाँचको अभ्यास र पाठबीच सम्बन्ध नमिलेको देखिन्छ ।

अक्षर चिनारीको क्रमलाई हेर्दा पहिलो अक्षर 'ग' बाट सुरू गरिएको छ । त्यसपछि 'म' त्यसपछि 'भ' र 'झ' को क्रममा राखेको देखिन्छ । अभ्यास पनि अक्षर चिनारीको क्रम बमोजिम देखिन्छ । अक्षर चिनारीका क्रम परम्परित नभई नयाँ ढङ्गको प्रयोग गरिएको छ । क, ख, ग, ………… को क्रममा नदिइ मिल्दाजुल्दा अक्षरसँगै राखी सुरू गरिएको छ । मेरो नेपाली पाठ्यपुस्तकको पाठ छ मा ग, म, भ, झ बाट अक्षर चिनारी सुरू गरिएको छ । पाठ सातमा त, न, ल, व, ब, क अक्षर चिनारीका अभ्यास राखिएको पाइन्छ । पाठ आठमा र, स, श, ख, ए, ऐ का क्रममा अक्षर चिनारी गराउने अभ्यासहरू राखिएको देखिन्छ । पाठ दशमा ट, ठ, ढ, ड, य, थ का क्रममा अक्षर चिनारीका अभ्यास समेटिएको देखिन्छ । यस्तैगरी पाठ एघारमा प, फ, ष, च, ण, पाठ बाह्रमा ड, ङ, ह, इ, ई, पाठ तेह्रमा ज, ज्ञ, क्ष, ञ, त्र, ॠ पाठ चौँधमा घ, ध, छ, उ, ऊ, र अ, आ, ओ, औ, अं अः अक्षर क्रमैसँग सिकाउनका लागि अक्षरको क्रमिकता र साङ्गठनिकता मिलाई बालबालिकाहरूलाई अक्षर चिनारीको अभ्यास गराउन खोजिएको पाइन्छ । अभ्यास पनि सोहीअनुसार सिकाउने उद्देश्य राखिएको पाइन्छ । पाठमा प्रयोग भएका शब्द गमला, मकै, भकुन्डो, झण्डा र आकर्षक चित्र दिएर शिक्षकले भनेपछि तिमी पनि भन, शिक्षकले पढेपछि तिमी पनि पढ, अक्षर चिन र धर्का तानेर उस्तै अक्षरसँग जोडा मिलाऊ, चित्र र शब्दको जोडा मिलाऊ, कापीमा सार, पढ र लेख, चित्र हेरी खाली ठाउँ भर, चित्र हेर र नाम लेख जस्ता अभ्यास स्तरअनुसार सुहाउँदा देखिन्छन् । बालगीतको अभ्यासमा त्यसै सम्बन्धी छोटा प्रश्न र तिमीले जानेको एउटा गीत गाऊ भनिएको पाइन्छ । त्यस्तै, कथा, प्रबन्धको अभ्यासमा सोही पाठसँग मिल्दा छोटो उत्तर आउने प्रश्न रहेका छन् । चित्रसँग सम्बन्धित शब्द रहेको छ । खाली ठाउँ भर्ने र सुनेर लेख्ने अभ्यास छ । यताउता परेकालाई मिलाएर लेख्ने र पाठमा पढेको कथा भन्ने अभ्यास रहेका छन् । यस्तै, पाठ सार्ने आफूले जानेको कुनै एउटा कथा भन्ने जस्ता अभ्यास राखिएको देखिन्छ । यस किताबमा प्रयोग गरिएको अभ्यासले विशेष गरेर अक्षर चिनारी, सुनाइ, बोलाइ र सामान्य लेखाइलाई जोड दिइएको देखिन्छ ।

कक्षा १ को अभ्यास सम्बन्धी प्रकृतिको तालिका निम्नानुसार छन् ।

| बालगीत | अक्षर चिनारी | बालप्रबन्ध ⁄ बालकथा |
|---|---|---|
| १) तिमी घरमा कुन कुन खेल खेल्छौ, भन । | १) शिक्षकले भनेपछि तिमी पनि भन । | १) उत्तर भन । |
| २) तिमीले जानेको गीत गाएर सुनाऊ । | २) शिक्षकले पढेपछि तिमी पनि पढ । | २) रेडियोको बाल कार्यक्रम सुन अर्को दिन कक्षामा भन । |
| ३) तिमीलाई मनपर्ने वस्तुको चित्र बनाऊ । | ३) अक्षर चिन र उस्तै अक्षरसँग जोडा मिलाऊ । | ३) चित्रसँग मिल्ने शब्द कापीमा सार । |
| ४) चित्र र शब्दको जोडा मिलाऊ । | ४) तलको चित्रको नाम बाकसमा खोज र घेरा लगाऊ । | ४) वाक्यको खाली ठाउँमा मिल्ने शब्द राखेर सार । |
| ५. पढ । | ५) कापीमा सार । | ५) अक्षर यताउता परेका छन् मिलाएर लेख । |
| ६) उत्तर भन । | पढ र लेख । | ६) शिक्षकले भनेको सुनेर लेख । |
| ७) अक्षर यताउता परेका छन्, मिलाएर सार । | ७) तलका चित्र केका हुन्, भन । | ७) तिमीले जानेको एउटा कथा सुनाऊ । |
| ८) तलका वाक्यमा शब्द यताउता परेका छन् मिलाएर सार । | ८) चित्र हेर र नाम लेख । | ८) तलका वाक्यमा शब्द यताउता परेका छन्, मिलाएर सार । |
| ९) तिमीलाई मनपर्ने चरा वा जनावरको चित्र बनाऊ, त्यसले के के गर्छ भन । | | ९) पढ र उत्तर भन । |
| | | १०) तिर्खाएको कागको कथाका चार हरफ राम्रा अक्षरमा सार । |
| | | ११) ढुकुर र कमिलाको कथा |

| | | |
|---|---|---|
| | | भन । |

माथि उल्लेखित तालिकाको आधारमा हेर्दा कक्षा एकको 'मेरो नेपाली' भाषापाठ्यपुस्तकमा प्रयोग भएको अभ्यासहरूको विश्लेषण गर्दा कक्षा एकको 'मेरो नेपाली' पाठ्यपुस्तकमा दिइएको बालगीतसँग सम्बन्धित अभ्यासहरू खासगरी सुनाइ र बोलाइ सीपसँग केन्द्रित रहेको देखिन्छ । यस्ता अभ्यासहरूमा तिमी घरमा कुनकुन खेल खेल्छौ ? तिमीले जानेको गीत गाएर सुनाऊ जस्ता अभ्यासहरूले बालबालिकाहरूको मौखिक सीप विकास गर्न सहयोग पुग्ने देखिन्छ । यस्ता अभ्यासहरूले बालबालिकाहरूमा आफूले जानेका कुरा भन्ने, अरूले भनेका कुरा राम्रोसँग सुन्ने, बानीको विकास गर्ने र वरिपरिको वातावरणमा रमाउने, खेल्ने, जस्ता कुराको विकास गर्ने देखिन्छ । अभ्यासहरूमा लय मिलाएर भन्ने, सुनेको कुरा भन्ने हाउभाउ मिलाएर पढ्ने र गीत गाउने जस्ता पक्षहरूलाई ध्यान दिएको देखिन्छ । त्यसैले विधागत उद्देश्यअनुसार अभ्यास रहेको पाइन्छ । उस्तै-उस्तै कुरा पत्ता लगाउने, अरूले भनेजस्तै भन्ने जस्ता बानीको विकास गराउने खालका अभ्यासहरू भएकाले बालगीत पाठमा प्रयोग भएका अभ्यासहरू बालबालिकाको रूचि सुहाउँदो रहेको देखिन्छ ।

कक्षा एकको 'मेरो नेपाली' पाठ्यपुस्तकमा अक्षर चिनारीमा रहेका पाठहरू नै सबैभन्दा बढी रहेका छन् । यस्ता पाठहरूमा अक्षर चिन्ने र लेख्ने सीप विकास गराउन सहायता पुऱ्याउने किसिमका अभ्यासहरू रहेको पाइन्छ । अभ्यासहरू पनि अक्षर चिन्ने र लेख्ने क्रममा केन्द्रित रहेको पाइन्छ । यस्ता अभ्यासहरूमा 'शिक्षकले भनेपछि तिमी पनि भन' 'उस्तै अक्षरसँग जोडा मिलाऊ', 'बाकसमा खोजेर घेरा लगाऊ', 'के-के चित्र हुन् भन' जस्ता अभ्यासहरूले अक्षर चिन्नमा नै विद्यार्थीहरूलाई सघाउ पुऱ्याउने हुनाले पाठ अनुकूल रहेका छन् भन्न सकिन्छ । यस्तै 'कापीमा सार', 'पढ र लेख' जस्ता अभ्यासहरूले विद्यार्थीहरूलाई अक्षर चिन्न सहायता पुऱ्याउने देखिन्छ । समग्रमा हेर्दा अक्षर चिनारीमा नै अभ्यासहरू बढी केन्द्रित रहेको देखिन्छ । यसरी भन्नुपर्दा अन्य पक्षका तुलनामा अक्षर चिनारी सम्बन्धी अभ्यासको नै बाहुल्यता रहेको पाइन्छ ।

'मेरो नेपाली' पाठ्यपुस्तकको पाठ ३१ मा 'लखनको फूलबारी', पाठ ३२ मा 'माउ र बचेरा' पाठ ३४ मा 'तिर्खाएको काग' र पाठ ३५ मा 'ढुकुर र कमिलो' जस्ता प्रबन्धात्मक र कथात्मक विशेषता भएका पाठहरू समावेश गरिएको पाइन्छ । ती पाठहरूको अभ्यासमा

यताउता परेका कुराहरूलाई मिलाएर लेख्ने, शिक्षकले भनेको सुनेर लेख्ने, जानेको कथा सुनाउने जस्ता अभ्यासहरूले बालबालिकाहरूमा अगाडि पछाडिका कुरा मिलाएर भन्ने सीपको विकास गराउन खोजेको देखिन्छ । त्यस्तै छुटेका कुरा पूरा गर्ने जस्ता पक्षमा जोड दिइएको पाइन्छ । त्यस्तै सुनेको कुरा भन्ने, शिक्षकले भनेको सुन्ने जस्ता पक्षमा जोड दिइएकाले बालबालिकाहरूको सुनाइ र बोलाइ सीपमा अभ्यास बढी केन्द्रित रहेको देखिन्छ । त्यस्तै अभ्यासहरूले सिर्जनात्मक निपूर्णताको विकास गर्ने तिर ध्यान केन्द्रित रहेको देखिन्छ । तर कुनै अभ्यास विद्यार्थीको स्तरभन्दा बढी जटिल रहेको देखिन्छ ।

कक्षा एकको ‘मेरो नेपाली’ पाठ्यपुस्तकका सबै अभ्यासहरूलाई हेर्दा भर्खरै विद्यालयमा आएका बालबालिकामा सुनाइ, बोलाइ, सीप विकास गर्ने प्रयास गरिएको पाइन्छ । यसका साथै अक्षर चिनाउनमा ध्यान केन्द्रित गराईएको पाइन्छ । पढाइ र लेखाइमा भन्दा सुनाइ र बोलाइमा दिइएका अभ्यासले जोड दिइएको पाइन्छ । अभ्यासहरू सीपगत दृष्टिले कम सन्तुलित देखिन्छ भने विद्यागत दृष्टिले सन्तुलित देखिन्छ ।

## ४.२.३ कक्षा दुई

कक्षा दुईमा प्रयोग भएका अभ्यासलाई पहिचान गर्दा खास गरी सुनाइ र बोलाइमा जोड दिइएको देखिन्छ । यसका साथै पढाइ र लेखाइलाई पनि समावेश गरिएको छ । बालगीतको अभ्यासमा प्रथमतः सुनाइलाई जोड दिइएको छ । पाठ एकमा सुन र गर, सुन र भन जस्ता अभ्यास सुनाइ सीप विकास गर्ने किसिमका छन् । ‘शिक्षकले भनेको सुन र भन’, ‘तिमीले जानेको एउटा गीत सुनाऊ’ जस्ता अभ्यासले बोलाइ सीपको विकासमा जोड दिइएको छ । खाली ठाउँ भर्ने, जोडा मिलाउने, अभ्यासले बालबालिकाहरूको बोध क्षमता बृद्धि गर्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ दुईमा छोटो उत्तर दिने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, अभ्यासले बोलाइ र पढाइ सीप विकास गर्ने र लेखाइ सीप विकास गर्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ तीनमा छोटो उत्तर, लामो उत्तर, जोडा मिलाऊका साथै ठीक शब्द छानेर लेख्ने, चित्र हेरेर नाम लेख्ने, मन पर्ने चराको चित्र बनाउने अभ्यासले शब्दभण्डार वृद्धिका साथै बोध क्षमता वृद्धि गर्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ तीनको ‘मौरीको मह’ शीर्षक पाठको अभ्यास १ को ‘शिक्षकले सोधेको प्रश्न सुन र उत्तर भन’ ङ मा दिइएको घारको नाइकेलाई के भनिन्छ भन्ने प्रश्न उपयुक्त रहेको देखिएन । मौरीको नाइके भन्न उपयुक्त खेखिन्छ । पाठ

चारमा पनि छोटो उत्तर, सुन र गर, सुन र भन, चित्रमा देखेका कुरा बताऊका साथै संवाद अर्थात् 'दीपक र प्रहरी बीचको कुराकानी पढेर सुनाऊ', 'पसले र ग्राहक बनेर कुराकानी गर' जस्ता अभ्यास पाठको प्रकृति सुहाउँदा छन् । पाठ दशको अभ्यास चारमा दिइएको प्रश्न बालबालिकालाई जिज्ञासा जगाउने खालको छ । कसले कसलाई भनेको हो ? र वाक्य बनाऊ जस्ता अभ्यास थप गरिएको छ । विधागत रूपमा प्रयोग गरिएका अभ्यासलाई तलको तालिकामा देखाइएको छ ।

| कविता बिधामा प्रयुक्त अभ्यासहरू | कथा विधामा प्रयुक्त अभ्यासहरू |
|---|---|
| १) शिक्षकले भनेको सुन र तिमी पनि भन । | १) शिक्षकले साधेको प्रश्नका उत्तर भन । |
| २) तिमीले जानेको एउटा गीत गाएर सुनाऊ । | २) सिंह र खरायोको कथा सुनाऊ । |
| ३) चित्र हेर र मिल्ने शब्दमा घेरा लगाऊ । | ३) अरूले सुन्ने गरी पढ । |
| ४) कापीमा सार । | ४) तिमीलाई मन पर्ने जनावरको चित्र बनाएर नाम लेख । |
| ५) शिक्षकले भनेको वाक्य सुन र त्यो वाक्य आफू नजिकको साथीलाई सुनाऊ । | ५) तलका प्रश्न सुन र उत्तर भन । |
| ६) नेपालको झण्डाको चित्र बनाऊ र त्यसमा के के छन् समूहमा छलफल गर । | ६) सुन र भन । |
| ७) तिमीले जानेको एउटा गीत गाएर सुनाऊ । | ७) चलाख फ्याउराको कथा सुनाऊ । |
| ८) तलका शब्द र वाक्य पढेर सुनाऊ अनि कापीमा सार । | ८) शब्द र अर्थको जोडा मिलाऊ । |
| ९) सुन, भन र लेख । | ९) तलका शब्द पढ । |
| १०) तलका चित्र हेरेर नाम लेख । | १०) कापीमा सार । |
| ११) तलका प्रश्न सुन र उत्तर भन । | ११) तलको गीत सुन र गाऊ । |
| १२) तिमीले जानेको एउटा गीत गाएर सुनाऊ । | १२) कसले कसलाई भनेको हो, बताऊ । |
| १३) तलका शब्द र वाक्य पढेर सुनाऊ । | १३) अरूले सुन्ने गरी पढ । |
| १४) कापीमा सार । | १४) तलका वाक्यमा ठीक शब्द राखेर सार । |
| १५) शिक्षकले भनेका शब्द सुन र तिमी पनि | १५) स्यालले कसरी ज्यान जोगायो, छलफल |

| | |
|---|---|
| भन । | गरेर भन । |
| १६) तिम्रो नेपाली किताबमा के के छन् ? भन । | १६) किसानले बाँधेपछि बाघले के सोँच्यो होला, छलफल गरेर भन । |
| १७) तलको तालिकाबाट पाँचओटा मिल्ने वाक्य बनाऊ । | १७) कसले कसलाई भनेको हो, बताऊ । |
| १८) नाच्यो जुरेली भन्ने गीत कापीमा सार । | १८) शिक्षकले भनेको शब्द सुन र लेख । |
| १९) तलका शब्द राखेर वाक्य बनाऊ । | १९) तलको अनुच्छेद सार । |
| २०) तलका प्रश्न पढेर उत्तर भन । | २०) तलका वाक्यमा ठीक शब्द राखेर सार । |
| २१) घरमा रेडियो सुन र रेडियोबाट आउने एउटा गीत सुनाऊ । | २१) स्यालले कसरी ज्यान जोगायो छलफल गरेर भन । |
| २२) तिमीलाई मनपर्ने कुनै एउटा जनावरको बारेमा बताऊ । | २२) तिमीले सुनेको एउटा कथा भन । |
| २३) जनावर बस्ने ठाउँमा जोडा मिलाऊ । | २३) तलको विषय पढ र सोधेको प्रश्नको उत्तर देऊ । |
| २४) अरूले सुन्ने गरी पढ । | २४) तलका शब्द सच्याएर कापीमा सार । |
| २५) जनावर र तिनीहरूको बच्चाको जोडा मिलाऊ । | २५) तलको अनुच्छेद सार । |
| २६) पाठ कापीमा सार । | २६) तलका तालिकाबाट पाँच-पाँच ओटा वाक्य बनाऊ । |
| २७) गाईबाट के-के पाउँछौ, तीन वाक्यमा लेख । | २७) फेरि मुसो भएस् कथाबाट तिमीले के-के सिक्यौ, समूहमा छलफल गर । |
| २८) तलको तालिकाबाट मिल्ने वाक्य बनाऊ । | २८) बाघबाट मुसो भएपछि किन त्यस मुसाले ऋषिसँग केही माग्ने आँट गरेन ? |
| २९) तलका वाक्यमा पूर्णविराम र प्रश्नवाचक चिन्हहरू मध्ये कुन मिल्छ, राखेर सार । | २९) तलका शब्दहरू पढ । |
| ३०) तलका प्रश्न पढेर पूरा वाक्यमा उत्तर देऊ । | ३०) शब्द र अर्थको जोडा मिलाऊ । |
| ३१) हाम्रो देश नेपाल कस्तो छ, छलफल गरेर भन । | ३१) पाठमा प्रस्तुत कथा कापीमा सार । |

| | |
|---|---|
| ३२) तल दिइए जस्तै तिमी पनि अन्ताक्षरी खेल । | ३२) शिक्षकले भनेको सुनेर लेख । |
| ३३) हिजो तिमीले के-के गऱ्यौ, पाँच वाक्यमा लेख । | ३३) तलका वाक्यमा पूर्णविराम र प्रश्नवाचक (?) चिन्ह मध्ये कुन मिल्छ राख । |
| | ३४) तलको प्रश्न पढ र पूरा वाक्यमा उत्तर देऊ । |
| | ३५) टिल्लीले कसरी धेरै मानिसको ज्यान बचाइन् छलफल गरेर भन । |
| | ३६) तलको चित्र हेरेर के-के देख्छौ बताऊ । |
| | ३७) बनमा डढेलो लाग्यो भने के-के हुन्छ, भन । |
| | ३८) तलको भित्ते पात्रो पढ सोधेका प्रश्नको उत्तर लेख । |
| | ३९) एउटा शब्द लेखेर त्यसको अन्तिम अक्षरबाट अर्को शब्द लेख । यसरी धेरै शब्द लेख्दै जाऊ । जसले धेरै शब्द लेख्न सक्छ । उसको जीत हुन्छ । |
| | ४०) बुधियाले लेखेको तलको कुरा पढ र तिमी पनि तिम्रा बारेमा लेख । |
| | ४१) तलको तालिका हेर र सोधेका प्रश्नको उत्तर लेख । |
| | ४२) तिमीले के सिक्यौ, पाँच वाक्यमा लेख । |

| प्रबन्ध विधामा प्रयोग भएका अभ्यास | संवाद विधामा प्रयोग भएका अभ्यास |
|---|---|
| १) शिक्षकले सोधेका प्रश्न सुन र उत्तर भन । | १) तलका प्रश्न सुन र उत्तर भन । |
| २) शिक्षकले भनेको सुन र तिमी पनि भन । | २) शिक्षकले भनेको सुन र उत्तर भन । |
| ३) मह जस्तै गुलिया अन्य के- खानेकुरा हुन्छन्, भन । | ३) सुन र भन । |
| ४) मौरीजस्तै तिमीले नाम जानेका पाँचओटा | ४) तलको चित्रमा के-के देख्छौ, बताऊ । |

| | |
|---|---|
| किराको नाम लेख । | |
| ५) चित्र हेर र मिल्ने शब्दमा घेरा मिलाऊ । | ५) दीपक र प्रहरीबीच भएको कुराकानी पढेर सुनाऊ । |
| ६) ठीक शब्द छानेर लेख । | ६) तिमी र तिम्रो साथी अनिता र पसले बनेर तलको कुराकानी गर । |
| ७) शब्द र अर्थको जोडा मिलाऊ । | ७) शब्द र अर्थको जोडा मिलाऊ । |
| ८) पढेर साथीहरूलाई सुनाऊ । | ८) कापीमा सार । |
| ९) कापीमा सार । | ९) चित्र हेरेर नाम लेख । |
| १०) चित्र हेरेर नाम लेख । | १०) शिक्षकले भनेको सुनेर लेख । |
| ११) तिमीलाई मनपर्ने कुनै एउटा चराको चित्र बनाएर नाम लेख । | ११) मिल्ने शब्द राखेर तलका वाक्य सार । |
| १२) शिक्षकले भनेको सुन र लेख । | १२) तलका वाक्यमा शब्द यताउता परेका छन्, क्रम मिलाएर सार । |
| १३) तलका प्रश्न पढ र उत्तर भन । | १३) तलका प्रश्न पढ र उत्तर भन । |
| १४) घर बनाउन के-के कुरा चाहिन्छन्, चराको गुण र तिम्रो घरमा के-के फरक छन्, छलफल गरेर भन । | १४) रेडियो सुन र रेडियो मा के-के कुरा सुन्न पाइन्छ, भन । |
| १५) तलको कुराका आधारमा तिम्रो घरका बारेमा बताऊ । | १५) तिमी हाटबजार वा मेला घुमेका हौला । त्यहाँ तिमीले देखेका कुरा भन । |
| १६) तिमी स्कूलबाट घर जाँदा घरको ढोका लगाएको रहेछ । तिमीले ढोका खोल्न सकेनौ । ढोका खोल्नका लागि छिमेकका ठूला मानिसलाई तिमी के भन्छौ ? | १६) एक जना साथीले तिमीलाई स्कूल छुट्टी नहुँदै घर जाऔँ भन्छ । स्कूल छुट्टी नभएसम्म स्कूलमै बस्न तिमी त्यस साथीलाई कसरी सम्झाउँछौ ? |
| १७) माथिको पाठ पढ र चन्द्रविन्दु ( ँ ) लागेका पाँच ओटा शब्द भन । | १७) तलका शब्द अरूले सुन्ने गरी पढ । |
| १८) तलका शब्द ठीकसँग पढ । | १८) तिमी धनियाँ र तिम्रो साथी डाक्टर भएर तलको कुराकानी गर । |

| | |
|---|---|
| १९) शब्द र अर्थको जोडा मिलाऊ । | १९) शब्द र अर्थको जोडा मिलाऊ । |
| २०) "गौँथलीको गुँड" पाठ कापीमा सार । | २०) पासाङ र लाक्पाको कुराकानी कापीमा सार । |
| २१) तलका शब्दका कुन अक्षरमा ( ँ ) लाग्छ, राखेर सार । | २१) मङ्गलीले आफ्नो गाउँका बोरमा लेखेको कुरा तल दिइएको छ, पढ र तिमी पनि आफ्नो गाउँ/टोलका बारेमा लेख । |
| २२) लाक्पाले आफ्नो घरका वारेमा लेखेको कुरा पढ । तिमी पनि आफ्नो घरको बारेमा त्यसैगरी लेख । | २२) तलका शब्द राखेर वाक्य पूरा गर । |
| २३) तलका शब्द राखेर वाक्य बनाऊ । | २३) तलको तालिकाबाट छ ओटा वाक्य बनाऊ । |
| २४) तलको तालिकाबाट छ ओटा मिल्ने वाक्य बनाऊ । | २४) तिमी र तिम्रो साथी उमा र हजूरबा भएर तलका कुराकानी गर । |
| २५) तलका प्रश्न पढेर पूरा वाक्यमा उत्तर देऊ । | |
| २६) रेडियोको बालकार्यक्रम सुन र तिमीले सुनेका कुरा बताऊ । | |
| २७) विद्यालयदेखि तिम्रो घर जाने बाटोमा पर्ने ठाउँको नाम बताऊ । | |
| २८) तिमी घरमा के-के काम गर्छौ, भन । | |
| २९) मानिसहरू लुम्बिनी घुम्न किन मन पराउँछन्, बताऊ । | |
| ३०) पढ । | |
| ३१) शब्द र अर्थको जोडा मिलाऊ । | |
| ३२) 'लुम्बिनी' भन्ने माथिको पाठ कापीमा सार । | |
| ३३) तलको तालिकाबाट मिल्ने वाक्य बनाऊ । | |
| ३४) तलका शब्द राखेर वाक्य बनाऊ । | |

कक्षा दुई 'मेरो नेपाली' पाठ्यपुस्तकमा बालगीत अथवा कविता विधाअन्तर्गत ६ ओटा पाठ रहेका छन् । यसरी संयोजन गर्नु विधागत दृष्टिले सन्तुलित देखिन्छ । यस बालगीतका

पाठहरूमा प्रयोग भएका अभ्यासमा 'शिक्षकले भनेको सुन र भन', 'सुन्ने गरी पढ, चित्र हेरेर पढ', 'सुन, भन र लेख', 'पढेर सुनाऊ', 'छलफल गर', 'कापीमा सार', 'रेडियोमा बज्ने एउटा गीत सुनाऊ', जस्ता अभ्यासहरू रहेका छन् । उल्लेखित अभ्यासहरू कक्षा दुईमा अध्ययन गर्ने बालबालिकाका लागि कविता विधा शिक्षणका दृष्टिले उपयोगी देखिन्छन् । यस्ता अभ्यासबाट विद्यार्थीको गति, यति मिलाई लयबद्ध रूपमा सस्वर पठन सीपको विकास गर्न सहयोग पुऱ्याउने देखिन्छ । त्यस्तै सुनाइ र बोलाइ सीप विकास हुन सघाउ पुग्ने देखिन्छ । त्यस्तै बालबालिकाहरूमा यस्ता अभ्यासहरूबाट उच्चारणमा सुधार र शब्दभण्डार क्षमतामा विकास हुने देखिन्छ । अरू केही सिर्जनात्मक क्षमता विकास गराउने खालका थप अभ्यासको व्यवस्था गर्नु उपयुक्त देखिन्छ । प्रस्तुत किताबमा शिक्षकले भनेको सुन र भनका साथै प्रश्न उत्तरको अभ्यासले विद्यार्थीहरूको कक्षा सहभागिता बढ्दछ । उनीहरूको सिकाइ क्षमता शिक्षकलाई अवगत हुने देखिन्छ ।

प्रस्तुत किताबमा दिइएका कथा विधाका अभ्यासमा शिक्षकले सोधेका प्रश्नको उत्तर दिने, आवाज छुट्याउने, अरूले सुन्ने गरी भन्ने, वाक्य बनाउने, कथा पढेर 'तिमीले के सिक्यौ छलफल गर' जस्ता अभ्यासहरू समावेश गरिएको पाइन्छ । यी पाठहरूका अभ्यासहरूले बालबालिकाहरूलाई साहित्यप्रति रूचि बढाउने देखिन्छ र सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकासको लागि मद्दत मिल्ने देखिन्छ । 'कथा सुनाऊ', 'वाक्यमा प्रयोग गर' जस्ता अभ्यासले बोलाइ र लेखाइ सीप विकास गर्न सम्बन्धित तहका बालबालिकालाई सघाउने मानिन्छ ।

'मेरो नेपाली' किताबको प्रबन्ध विधाका अभ्यासतर्फ हेर्दा दिइएका अभ्यासहरू कक्षा दुईको बालबालिकाको स्तरअनुरूप भएको झलक पाइन्छ । अभ्यासका क्रममा 'मह जस्तै गुलियो अन्य खानेकुराको नाम भन', 'तिमीलाई मन पर्ने चराको चित्र बनाऊ', 'मौरीजस्तै अन्य पाँचवटा किराको नाम भन', 'तिमीले देखेको कुनै एक जनावरको वारेमा बताऊ' जस्ता अभ्यासहरूले विद्यार्थीमा आफूले देखेका सुनेका कुराहरूको बारेमा बताउने, उपयोगी जीवजन्तुको वारेमा बताउने, ती ठाउँ, वस्तुका वारेमा बालबालिकामा धारणा बसाल्न सहयोगी सिद्ध हुने देखिन्छ । केही अभ्यासहरू उनीहरूका कल्पनाशक्ति बढाउन पनि सहयोग सावित हुने देखिन्छ । त्यस्तै, भन, लेख, वर्णन गर जस्ता अभ्यासहरूले विषयवस्तु

सिलसिला मिलाएर भन्न र लेख्न सक्ने सीप विकास गराउने देखिन्छ । त्यसर्थ यहाँ प्रस्तुत गरिएका अभ्यासहरू प्रबन्ध विधा शिक्षणका दृष्टिले सुहाउँदो देखिन्छ ।

यस पुस्तकमा संवादसम्बन्धी पाठहरू पनि केही रहेका छन् तापनि ती पाठहरूमा अभ्यासहरू भने प्रशस्त रहेको देखिन्छ । यस्ता पाठहरूमा 'शिक्षकले भनेको सुन र गर', 'पाठमा भएको कुराकानी पढेर सुनाऊ', 'हजुरबा र उमा बनेर कुराकानी गर' 'तिमीले देखेका कुरा भन' जस्ता अभ्यासहरूले बालबालिकाहरूको बोलाइ सीपलाई बढी महत्व दिएको देखिन्छ । यस्ता अभ्यासले कक्षा दुईका बालबालिकामा एक अर्काको भनाइ नक्कल गरी बताउने, कल्पना गरी संवाद गर्न सक्ने, आफूले जानेका, बुझेका कुरा संवाद गरी बताउन सक्ने, हाउभाउका साथ भन्न सक्ने, अभिनय गर्न सक्ने, नाटकीकरण समेत गर्न सक्ने देखिन्छ । यसैले यस किताबमा दिइएका अभ्यासहरू बालबालिकाको स्तर र संवाद विधाको उपलब्धि स्तरअनुरूप रहेको देखिन्छ ।

कक्षा दुईको 'मेरो नेपाली' पाठ्यपुस्तकमा रहेका अभ्यासहरूलाई हेर्दा बालबालिकाहरूको भाषिक सीप विकासमा सहयोग पुऱ्याउने देखिन्छ । पाठसँग सम्बन्धित अभ्यासहरू विधागत उद्देश्यसँग मेल खाने देखिन्छन् । कक्षा एक र तीनको तुलनामा कक्षा २ मा राखिएका अभ्यासहरू बढी बालक्रियाकलापमा केन्द्रित र विद्यार्थी-विद्यार्थी बीच सहभागिता बढाई प्रतिष्पर्धा गराउने खालका देखिन्छन् ।

## ४.२.४ कक्षा तीन

कक्षा तीनमा प्रयुक्त भएका अभ्यासलाई हेर्दा खासगरी सुनाइ र बोलाइमा जोड दिइएको पाइन्छ । यसका साथै पढाइ र लेखाइलाई पनि समावेश गरिएको छ ।

कक्षा तीन 'मेरो नेपाली' पाठ्यपुस्तकका पाठमा समावेश गरिएका अभ्यासहरूलाई हेर्दा कविता विधाअन्तर्गत गति, यति र लय मिलाई शुद्ध गरी पढ्न र लेख्नमा जोड दिएको देखिन्छ । 'शिक्षकले भनेको सुन र तिमी पनि भन', 'तलका शब्दहरू शुद्धसँग पढेर सुनाऊ', 'कविता लय हालेर गाऊ', 'पढ, शब्द र अर्थको जोडा मिलाऊ' जस्ता पाठ एकका अभ्यासहरू खास गरी सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकासमा सघाउ पुऱ्याउने

किसिमका छन् । जोडा मिलाउने, खाली ठाउँ भर्ने अभ्यासले बोलाइ क्षमता वृद्धि गर्न सघाउ पुऱ्याउने  देखिन्छ । पाठ दुईको 'ढुङ्गाको खिचडी' जस्तै कुनै कथा कक्षामा सबै साथीलाई सुनाऊ जस्ता अभ्यासले कल्पनाशक्ति बढाउन सघाउ पुऱ्याउने देखिन्छ । पाठ तीनमा 'शुद्धसँग पढ', 'मिल्ने शब्द पाठबाट खोजेर लेख', 'ठीक बेठीक छुट्याऊ', 'प्रश्नको उत्तर देऊ', 'शब्दहरू शुद्ध पारी सार', 'तालिकाबाट मिल्ने वाक्य बनाइ लेख', 'छलफल गर', 'चित्र हेर र वर्णन गर' जस्ता अभ्यासले पढाइ क्षमता बढाउन, शब्दभण्डार वृद्धि गर्न र बोध क्षमता वृद्धि गर्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ चारमा पनि 'शब्दहरू शुद्धसँग पढ', 'कथा पालैपालो पढेर सुनाऊ', 'शब्द र अर्थको जोडा मिलाऊ', 'मिल्ने शब्द छानेर खाली ठाउँ भर', 'राम्रा अक्षर पारेर कापीमा सार', 'प्रश्नहरूको उत्तर देऊ', 'शब्दहरूलाई वाक्यमा प्रयोग गर', 'तालिकाबाट मिल्ने वाक्यहरू बनाएर लेख', 'कथा पढेर तलका वाक्यहरूलाई क्रम मिलाएर सार', 'प्रश्नहरूवारे साथीसँग छालफल गर' जस्ता अभ्यासले शब्दहरू शुद्ध उच्चारण गर्न, पढाइ क्षमता बढाउन, बोध क्षमता बढाउन, वान्की मिलाएर अक्षर लेख्ने क्षमता बढाउन, शुद्ध वाक्य निर्माण गर्न सघाउ पुऱ्याउने, घटनाक्रम मिलाइ कथा बनाउन सघाउ पुऱ्याउने र मौखिक क्षमता र कल्पना गर्ने सीपको विकास गराउन सघाउ पुऱ्याउने देखिन्छ । हाटबजार पाठको पेज २१ मा कथाविधामा भएको अभ्यास राम्ररी पढ र उत्तर देऊ ठीक भएन । यसलाई तलको कथा राम्ररी  पढ । उत्तर देऊ बनाउनु उपयुक्त देखिन्छ । प्रस्तुत अभ्यास (क) को मुखियाले दिएको उत्तर तिमीलाई कस्तो लाग्यो ? छलफल गर जस्ता अभ्यास विद्यार्थीहरूलाई कौतुहल जगाउने किसिमको रहेको देखिन्छ । पाठ नौ को 'खेर नफालौँ' शीर्षकअन्तर्गत पेज ५४ अभ्यास ९ को 'कोठेपदबाट खानेकुराको नाम खोजेर लेख' जस्ता अभ्यास बालबालिकाहरूमा शब्दभण्डार बृद्धि गर्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ १० को अभ्यास नौको 'राष्ट्रिय गान कक्षामा सुनाऊ' जस्ता अभ्यास बालबालिकामा 'राष्ट्रिय गान' ध्यान दिएर सुन्न, भन्न र शुद्धसँग पढ्न सक्षम बनाउन खोजेको देखिन्छ । त्यस्तैगरी पाठ १२ अभ्यास ८ को 'सूचना पढ र सोधिएका प्रश्नको उत्तर देऊ' जस्ता अभ्यासले विद्यार्थीमा बोधक्षमता बढाउन सघाउ पुऱ्याउने देखिन्छ । खासगरी यस अभ्यासले विद्यार्थीमा मह⊔वपूर्ण सूचना बुझ्न, सूचना पढ्न र व्यवहारमा लागु गर्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ तेह्रको प्रश्न ९ मा दिएको अभ्यासमा तिमीले जानेको गीत वा कविता लेखेर कक्षामा सुनाऊ जस्ता अभ्यासले विद्यार्थीमा सिर्जनात्मक लेखन क्षमता बढाउन सघाउ पुऱ्याउने देखिन्छ । पाठ चौध अभ्यास ६ र ७ मा खाली ठाउँमा 'वाकसबाट मिल्ने शब्द

राखी कथा बनाऊ र सार' 'रेडियोमा सुनेको, टेलिभिजनमा हेरेको वा कहीँ पढेको कुनै कथा कक्षामा सुनाऊ' जस्ता अभ्यासले विद्यार्थीहरूलाई कथा रचना गर्न सघाउ पुऱ्याउने र सुनेको, हेरेको वा पढेको आधारमा आफ्नो अनुभव निडर र निर्भिक भै मौखिक रूपमा वर्णन गर्न सघाउ पुऱ्याउने खालको रहेको पाइन्छ । यस्तै, यसै पाठको प्रश्न ८ को अभ्यासमा 'अक्षर र मात्रा मिलाएर हुनेसम्म धेरै शब्द बनाऊ' जस्ता अभ्यासले विद्यार्थीमा शब्द निर्माण गर्नका साथै शब्दभण्डार बढाउन सघाउ पुऱ्याउने देखिन्छ । यस्तै, यसै पाठको प्रश्न ९ मा दिएको 'पोष्टर पढ र सोधिएका प्रश्नको उत्तर देऊ' जस्ता अभ्यासले विद्यार्थीहरूमा सरसफाइमा ध्यान दिन र स्वस्थ र निरोगी बन्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ पन्ध्रको अभ्यास ७ को 'चित्र हेर र त्यहाँ भएका कुरा भन', 'शब्दको अन्तको अक्षरबाट बन्ने दशओटासम्म शब्द लेखेर शिक्षकलाई देखाऊ' जस्ता अभ्यासले विद्यार्थीमा मौखिक अभिव्यक्ति क्षमता बढाउन, शब्द निर्माण गर्न र शब्दभण्डार बढाउन सघाउ पुऱ्याउने देखिन्छ । यस्तै पाठमा दिएको चित्रलाई 'पाँच वाक्यमा वर्णन गर' जस्ता अभ्यासले चित्र बुझी वाक्य निर्माण गर्न सघाउ पुऱ्याउने देखिन्छ । यसरी कक्षा तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रशस्त अभ्यास दिइएतापनि बालबालिकाका स्तरअनुसार मौलिकता तथा कल्पनाशीलता बढाउने, पाठको प्रकृतिअनुसारका अभ्यासको कमी देखिन्छ । कक्षा तीनमा प्रस्तुत अभ्यासलाई विधागत रूपमा यसप्रकार तालिकामा देखाउन सकिन्छ ।

कक्षा तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रयोग भएका अभ्यासका प्रकृतिलाई निम्न बमोजिम तालिकामा देखाइएको छ ।

| कविता विधामा प्रयुक्त अभ्यासहरू | कथा विधामा प्रयुक्त अभ्यासहरू |
|---|---|
| १) शिक्षकले भनेको सुन र तिमी पनि भन । | १) तलका शब्दहरू शुद्धसँग पढ । |
| २) कविता लय हालेर गाऊ । | २) मिल्ने शब्द छानी खाली ठाउँ भर । |
| ३) शब्द र अर्थको जोडा मिलाऊ । | ३) कसले, कसलाई भनेको हो, भन । |
| ४) शब्द र अर्थको जोडा मिलाऊ । | ४) तलका प्रश्नको उत्तर देऊ । |
| ५) तलका प्रश्नको उत्तर देऊ । | ५) तलका शब्दहरूलाई शुद्ध बनाएर लेख । |
| ६) तलका शब्दको उल्टो अर्थ दिने शब्द लेख । | ६) तलका वाक्यहरू राम्रा अक्षर पारेर सार । |
| ७) खाली ठाउँमा छुटेका शब्द भरी सार । | ७) तलको तालिकाबाट वाक्यहरू बनाऊ । |

| | |
|---|---|
| ८) उदाहरण हेरी समूहमा नमिल्ने शब्दमा घेरा लगाऊ । | ८) तलका प्रश्नको उत्तर आफैले सोचेर लेख । |
| ९) उत्तर भन । | ९) देऊ, पकाऊ, जाऊ, माग, भन शब्दलाई आफ्नै वाक्यमा प्रयोग गर । |
| १०) शिक्षकको सहयोग लिएर तिम्रो गाउँ वा सहरका बारेमा केही कुरा लेख र साथीलाई सुनाऊ । | १०) ढुङ्गाको खिचडी जस्तै कुनै कथा कक्षामा सबै साथीलाई सुनाऊ । |
| ११) तलका शब्दहरू शुद्धसँग पढ र लेख । | ११) माथिको कथा पालैपालो पढेर सुनाऊ । |
| १२) माथिको कविता लय हालेर पढ । | १२) तलका शब्द र अर्थको जोडा मिलाऊ । |
| १३) वाकसबाट मिल्ने शब्द छानेर खाली ठाउँ भर । | १३) तलका प्रश्नहरूको उत्तर देऊ । |
| १४) तलका हरफ पढेर तिमी के बुझ्छौ, लेख । | १४) माथिको कथा पढेर तलका वाक्यहरूलाई क्रम मिलाएर सार । |
| १५) उल्टो अर्थ आउने गरी तलका शब्दको जोडा मिलाऊ । | १५) तलका प्रश्नबारे साथीसँग छलफल गर । |
| १६) खाली ठाउँमा छुटेका हरफ लेख । | १६) तलका शब्दहरू पढेर सुनाऊ । |
| १७) तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर । | १७) तलका बाकसबाट मिल्ने शब्द छानेर खाली ठाउँ भर । |
| १८) किताब पढ्नाले के-के फाइदा हुन्छन्, कक्षामा साथीहरूसँग छलफल गर । | १८) उदाहरण हेरी तलका शब्दलाई वाक्यमा प्रयोग गर । |
| १९) तिम्रो झोलामा भएका किताबको नाम लेखेर शिक्षकलाई देखाऊ । | १९) तलको चुट्किला पढ र बुझ । |
| २०) तलका आधारमा तिमीले पढ्ने किताबको वर्णन गर । | २०) तलको शुभकामना पढ र आफ्नो साथीलाई पनि त्यस्तै शुभकामना पत्र बनाएर देऊ । |
| २१) तलका शब्दहरूको अर्थ बुझेर पढ । | २१) तिमी नयाँ वर्ष कसरी मनाउँछौँ लेख । |
| २२) उदाहरण हेरी तलका जस्ता शब्द बनाऊ । | २२) तिमीलाई मन परेको कथा कक्षामा सुनाऊ । |
| २३) किन धनी हुनाले सुख पाइँदैन भनिएको | २३) तलका शब्दहरू शुद्ध सँग पढ र |

| | |
|---|---|
| हो ? कक्षामा छलफल गर । | कापीमा लेख । |
| २४) तलका खाली ठाउँमा मिल्ने शब्द छानेर कविता बनाऊ र सबैलाई सुनाऊ । | २४) तलका खाली ठाउँमा वाकसबाट मिल्ने शब्द राखी कथा बनाऊ । |
| २५) तलका कोठेपदबाट चरा र जनावरका नाम खोजेर लेख । | २५) रेडियोमा सुनेको, टेलिभिजनमा हेरेको वा कही पढेको कुनै कथा कक्षामा सुनाऊ । |
| २६) तलका जोडी शब्द शुद्धसँग पढेर सुनाऊ । | २६) तलका अक्षर र मात्रा मिलाएर हुनेसम्म धेरै शब्द बनाऊ । |
| २७) तलको गाउँखाने कविता पढ र त्यसको उत्तर खोज । | २७) तलका पोष्टर पढ र सोधिएका प्रश्नको उत्तर देऊ । |
| २८) तलको राष्ट्रिय गान कक्षामा सुनाऊ । | २८) तलका शब्दहरूको अर्थ बुझेर पढ । |
| २९) तल दिएजस्तै खालका अरू शब्द लेख । | २९) ठीक बेठीक छुट्याएर ठीक चाहिँ कापीमा सार । |
| ३०) तलका शब्दहरू क्रममा मिलाई वाक्य बनाऊ । | ३०) कसले कसलाई भनेको हो, लेख । |
| ३१) उदाहरणमा दिए जस्तै गरी वाक्य बनाऊ । | ३१) ठीक र बेठीक छुट्याऊ र ठीक चाहिँ कापीमा सार । |
| ३२) तिमीले जानेको गीत वा कविता लेखेर कक्षामा सुनाऊ । | ३२) तलका शब्द पढ र भाले बुझाउने र पोथी बुझाउने शब्द तालिकामा छुट्टाछुट्टै लेख । |
| ३३) तलका अर्थसँग मेलखाने शब्द पाठबाट खोजेर लेख । | ३३) कापीमा सारेर धर्का तानि जोडा मिलाऊ । |
| ३४) तलका शब्द पढ र विचार गर । | |
| ३५) पछाडी 'ली' भएका शब्दहरू पाठबाट खोजेर लेख । | |
| ३६) तिम्रो घरको चित्र बनाऊ र त्यसको वर्णन गर । | |

| प्रबन्ध विधामा प्रयुक्त अभ्यासहरू | संवाद विधामा प्रयुक्त अभ्यासहरू |
|---|---|
| १) तलका शब्दहरू शुद्धसँग पढ । | १) तलका शब्दहरू शुद्धसँग पढेर सुनाऊ । |

| | |
|---|---|
| २) तल दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख । | २) रामजनम र शिल्पा भएर माथिको संवाद पढेर सुनाऊ । |
| ३) ठीक बेठीक छुट्याऊ । | ३) तल दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख । |
| ४) तलका प्रश्नको उत्तर देऊ । | ४) तल दिइएका सात बारलाई क्रम मिलाएर सार । |
| ५) तलका शब्दहरू शुद्ध पारी सार । | ५) तलका प्रश्नको उत्तर देऊ । |
| ६) तलको तालिकाबाट मिल्ने वाक्य बनाई लेख । | ६) तलको कथा राम्ररी पढ र उत्तर देऊ । |
| ७) उदाहरण हेरी तलका शब्दलाई वाक्यमा प्रयोग गर । | ७) तलको तालिकाबाट मिल्ने वाक्यहरू बनाएर कापीमा सार । |
| ८) तलका प्रश्नका बारेमा छलफल गर । | ८) तलको संवाद पूरा गर । |
| ९) तलको चित्र हेर र वर्णन गर । | ९) माथिको संवाद पूरा गरेपछि सोफिया र ध्रुब बनेर पढ । |
| १०) तलका शब्द पढ र कापीमा सार । | १०) तिमी घुमेको हाटबजार वा मेलामा तिमीले केके देखेका छौ ? आफूले देखेका कुरा सिलसिला मिलाएर लेख । |
| ११) तलका अर्थ पढ र ती अर्थसँग मिल्ने शब्द पाठमा खोजेर लेख । | ११) तलका शब्दलाई वाक्यमा प्रयोग गर । |
| १२) एक छाकमा एक गाँस खानेकुरा छोड्दा एक वर्षमा कति गास खानेकुरा खेर जाला र यसले कति छाक खान पुग्ला, छलफल गर । | १२) मिलाएर शब्द बनाऊ । |
| १३) शिक्षकले भनेको सुनेर लेख । | १३) उदाहरणमा दिएजस्तै गरी दुई वाक्यलाई जोडेर एउटा वाक्य बनाऊ । |
| १४) तिमीलाई मनपर्ने खानेकुराको वर्णन गर । | १४) तलका सूचना पढ र सोधिएका प्रश्नको उत्तर देऊ । |
| १५) तलका कोठेपदबाट खानेकुराका नाम खोजेर लेख । | १५) हर्कमानका बारेमा दिइएका तलका कुरा पढ र तिमी पनि आफ्नो बारेमा लेख । |
| १६) पढेर सुनाऊ । | |

| | |
|---|---|
| १७) शब्द र अर्थको जोडा मिलाऊ । | |
| १८) दिइएका शब्द मिल्ने गरी राखेर तलका वाक्य कापीमा सार । | |
| १९) तलको चित्र हेर र त्यहाँ भएका कुरा भन । | |
| २०) शब्दको अन्तरको अक्षरबाट बन्ने दशओटासम्म शब्द राखेर शिक्षकलाई देखाऊ । | |
| २१) तलको छोटो कथा पढेर सोधिएका प्रश्नमा छलफल गर । | |
| २२) फरक बुझ । | |
| २३) तलका शब्द राखेर वाक्य बनाऊ । | |
| २४) समूहमा नमिल्ने शब्दमा घेरा लगाऊ । | |
| २५) पाठका आधारमा तलका वाक्यलाई क्रम मिलाएर सार । | |
| २६) तिमीले घरमा के-के जनावर पालेका छौ र त्यसबाट हुने फाइदा बताऊ । | |
| २७) ठीक चिह्न (✓) प्रयोग गरी तलका शब्द सार । | |
| २८) आफ्ना गाउँका बारेमा लेखेका कुरा पढ र तिमी पनि आफ्ना गाउँका बारेमा लेख । | |

कक्षा तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रयोग भएको कविता विधाको अभ्यासमा लयबोध सम्बन्धी अभ्यासहरू प्रशस्त रहेका देखिन्छन् । यस्तै 'तलको हरफ पढेर तिमी के बुझ्छौ, लेख' जस्ता भावबोध सम्बन्धी अभ्यास राखिएको पाइन्छ । प्रश्नोत्तरका कार्यकलापहरू सबै कविताका अभ्यासहरूमा समावेश गरिएको पाइन्छ । विद्यार्थीलाई खाली ठाउँमा उपयुक्त शब्द राखी कविता पूरा गर्न, कविता लेख्ने र सुनाउने अभ्यास पर्याप्त नै रहेको देखिन्छ । यस्तै छलफल गर र चित्र वर्णन गर जस्ता अभ्यासले विद्यार्थीमा मौखिक क्षमता अभिबृद्धि गर्न, सिर्जनशीलताका साथै कल्पनाशीलता बढाउन खोजेको आभास पाइन्छ । त्यसैले समग्रमा नियाल्दा कविता शिक्षणको अभ्यास लयबोध क्षमता बढाउन,

सस्वर पठन गर्न, लयबद्धउच्चारण गर्न र सिर्जनात्मक पक्षमा बढीभन्दा बढी जोड दिनुका साथै शब्दभण्डार पक्षमा बढी जोड दिइएको पाइन्छ ।

प्रस्तुत 'मेरो नेपाली' पाठ्यपुस्तकको कथा विधामा दिइएको अभ्यासमा शुद्धसँग पढ्ने र लेख्ने अभ्यास पर्याप्त मात्रामा गराइएको पाइन्छ । घटनाक्रम मिलाएर लेख्ने अभ्यासहरू गराइएको देखिन्छ । 'कसले कसलाई भनेको हो, लेख' जस्ता अभ्यासले वोध क्षमताको विकास गर्न वोध प्रश्नोत्तर राखिएको पाइन्छ । त्यस्तै लेखाइ सीप विकासका लागि पाठको विषयवस्तुबारे प्रश्नोत्तर सबै पाठका अभ्यासमा उल्लेख गरेको देखिन्छ । कथा वर्णन र कथा रचना सम्बन्धी अभ्यासहरूमा भाषाका सीपलाई सन्तुलित रूपमा विकास गर्न तत्पर रहेको देखिन्छ ।

प्रबन्धसम्बन्धी पाठहरूमा मौखिक तथा लिखित वर्णनमा जोड दिइएको देखिन्छ । बोध प्रश्नोत्तरमा पनि जोड दिइएको छ । चित्र, वस्तु आदि को वर्णनमा जोड दिइएको पाइन्छ । धेरै जसो पाठहरूका अभ्यासहरूमा लेखाइ कार्यकलापबाट बालबालिकाहरूमा शब्दभण्डारको बृद्धि गराउन खोजेको पाइन्छ । प्रबन्ध शिक्षणका यी पाठहरूका अभ्यासहरू पर्याप्त मात्रामा रहेको पाइन्छ । देखे, भोगेका र अनुभव गरेका कुराहरूको मौखिक र लिखित वर्णन, वोध प्रश्नोत्तर आदि पक्षहरू शिक्षणका दृष्टिले पर्याप्त नै देखिन्छन् ।

यस वर्तमान 'मेरो नेपाली' कितावमा संवादसम्बन्धी पाठहरू राख्नाले विद्यार्थीको मौखिक अभिव्यक्ति क्षमताको विकास गराउन जोड दिएको देखिन्छ । उक्त पाठहरूमा प्रस्तुत गरिएको अभ्यासमा दुईजना बीच कुराकानी, हाटबजार र अचम्मका कुरा विषयमा छलफल र प्रश्नोत्तर गरिएका छन् । उक्त कुराकानी र छलफलबाट वोध क्षमता विकास गर्न खोजिएको देखिन्छ । यसका साथै कार्यकलापहरूमा पात्रहरूको भूमिकाको नक्कल गर्न, सस्वर पठन गर्न र दुईजना बीच नहिच्किचाइकन मौखिक संवाद गर्न र लेखाइ सीप विकास गर्न सघाउ पुऱ्याउने देखिन्छ । समग्रमा हेर्दा विधागत उद्देश्यअनुरूपको सन्तुलन रहेको देखिन्छ ।

### ४.२.५ कक्षा : चार

कक्षा चारको अभ्यासतर्फ नियाल्दा पढाइ र लेखाइमा जोड दिइएको पाइन्छ । विद्यार्थीहरूमा शुद्धसँग पढ्न, बुझ्न र शुद्धसँग वान्की मिलाएर लेख्न सघाउ पुऱ्याउने खालका अभ्यासहरू पेज १०१ मा समावेश गरिएको पाइन्छ । यस्तै देखेका, भोगेका र अनुभव गरेका कुराहरू वर्णन गर्न सघाउ पुऱ्याउने अभ्यासहरू समेत समावेश गरिएको देखिन्छ । कक्षा तीनमा तालिकाबाट वाक्य बनाउन लगाइएको देखिन्छ भने कक्षा चारमा वाक्यमा प्रयोग गर जस्ता शब्दहरू दिइएको देखिन्छ । यस्तै पाठ एकमा प्रयुक्त चिन, तिब्बत, काँकडा, टिष्टा, एसिया, लङ्का, भारत आदि विद्यार्थीका अनुभव क्षेत्रभन्दा बाहिरका शब्द प्रयोग भएकाले उनीहरूलाई उक्त शब्द वोध गर्न कठिन देखिन्छ । यस्तै शब्द र अर्थको जोडा मिलाउ जस्ता अभ्यासबाट पाठमा प्रयोगमा आएका कठिन शब्दहरू सिकाउन खोजिएको पाइन्छ । अधिकांश पाठसँग सम्बन्धित अभ्यासहरू रहेका छन् । तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर, अभ्यास सबै पाठमा समावेश गरिएको छ । पाठ पाँचको अभ्यास पाँचमा दिइएका उद्दण्ड, रपद्रव, दुर्व्यवहार, वृत्तान्त, शब्द पाठ सातको अभ्यास चारमा दिइएको ‘बरोबर’ शब्द त्यति चलनचल्तीमा नआएको र ‘भौचर’ चेकबुक जस्ता शब्दहरू स्तरअनुसार कठिन देखिन्छ । यस्तै पाठ आठको अभ्यास एघारमा अङ्ग्रेजी पढाउने शिक्षकले अङ्ग्रेजीमै गाली गर्नु भयो भनिएको छ तर गाली के गरिएको हो ? प्रष्ट नपारिनु उचित भएन । यस्तै पाठ नौ को अभ्यास तीनमा शब्द र अर्थको जोडा मिलाउ प्रश्नमा यन्त्रको अर्थ मेसिनभन्दा औजार राखिनु उचित देखिन्छ । पाठ दशको अभ्यास नौ को खाम बनाउन र चिठी परियोजना कार्य गर्न शिक्षकलाई दिइएको निर्देशन अति उपयुक्त देखिन्छ । पाठ सातको अभ्यास पन्ध्र कक्षा चारका विद्यार्थीहरूलाई कठिन छ । यस पाठको अभ्यास पन्ध्रमा प्रयोग भएका चिरञ्जीवी, उपस्थिति, प्रार्थनीय र प्रार्थी शब्दले विद्यार्थीलाई बोझ थप्ने काम मात्र गरेको छ । पाठ तेह्रको अभ्यास तीनको टौवा शब्दको अर्थ ‘पराल राख्ने माच’ भन्नुभन्दा पराल राख्ने ठाँउ भन्नु उपयुक्त देखिन्छ । पाठ बाह्रको अभ्यास नौ कठिन र अनावश्यक देखिन्छ । यसरी कक्षा चारको ‘मेरो नेपाली’ मा प्रशस्त अभ्यास दिइएका छन् तापनि बालबालिकाको स्तरअनुसार मौलिकता तथा कल्पनाशीलता बढाउने, सिर्जनाशीलता बढाउने अभ्यासको कमी देखिन्छ । यस्तै विद्यार्थीहरूलाई पेज २४ मा गाउँखाने कथा सुनाउने अभ्यास जस्तै :- पाँच ओटा गाँउखाने कथा खोजेर कक्षामा सुनाऊ समावेश गरिएकाले विद्यार्थीलाई जानेबुझेका कुराहरू धकनमानिकन भन्ने बानीको विकास गराउन सघाउ

पुऱ्याउने देखिन्छ । पाठ आठको 'दाजुभाइ' र 'बूढाबा' शीर्षकको कथामा प्रयुक्त चुट्किला पेज ४७ को अभ्यास एघारमा 'तलको चुट्किला पढ र तिमी पनि आफूले जानेका चुट्किला कक्षामा सुनाऊ' जस्ता अभ्यासद्धारा विद्यार्थीहरूलाई चुट्किला भन्न र मनोरञ्जन लिन सघाउ पुऱ्याएको पाइन्छ । पेज ७७ को अभ्यास १० विद्यार्थीलाई अलमल गराउने खालको छ । यस्तै पेज ७७ कै अभ्यास एघारमा प्रयुक्त अभ्यासमा तलका उखानहरूको अर्थ बताऊ जस्ता अभ्यासले विद्यार्थीहरूमा सन्दर्भअनुसार उखान प्रयोग गरी बोल्न र लेख्न सघाउ पुऱ्याउने देखिन्छ । यस्तै गरी पेज ७९ को अभ्यास ६ र ७ मा 'घरमा दिदीको विवाह परी' विद्यालयमा आउन नसकेको कारण जनाई आफ्ना प्रधानाध्यापकलाई निवेदन लेख, र विद्यालयमा खेल्नका लागि एउटा भकुन्डो किनिदिन अनुरोध गर्दै आफ्ना प्रधानाध्यापकलाई निवेदन लेख, जस्ता अभ्यासले विद्यार्थीहरूलाई निर्देशनका आधारमा विद्यालय सम्बन्धी निवेदन लेख्न सघाउ पुऱ्याउने देखिन्छ । यस्तैगरी पेज ४० को अभ्यास १६ मा 'माथिको निमन्त्रणा पत्र हेरी तिम्रो दाजु, दिदी वा गाउँको कसैको विवाहका लागि निमन्त्रणा पत्र तयार पार' जस्ता अभ्यासले विद्यार्थीमा निर्देशन पालन गरी निमन्त्रणा पत्र, शुभकामना पत्र आदि लेख्न र स्वतन्त्र रूपमा शुभकामना पत्र, निमन्त्रणा पत्र, चिठी र विद्यालयको निवेदन लेख्न सघाउ पुऱ्याउने भएकाले पाठ र अभ्यासको तालमेल मिलेको देखिन्छ । यस्तै पाठ एकको अभ्यास १४ मा दिइएको अभ्यास 'चित्रमा तिमी के-के देख्छौ, भन' यस्तै पेज १६ को 'तलको चित्र हेरी पाँच वाक्यमा वर्णन गर' पेज ५३ को अभ्यास १२ 'तलको पोष्टर हेर र तिमीले देखेका कुरा बताऊ', पेज १०८ को अभ्यास चौधमा दिइएको अभ्यास 'तलका चित्र हेर र देखेका फरक कुरा लेख' जस्ता अभ्यासले विद्यार्थीहरमा चित्रमा देखिएका कुराहरू सहज ढङ्गले मौखिक वर्णन गर्न लेख्न सघाउने, पोष्टर हेरेर वा पढेर लेखिएका सूचनाहरू बुझी व्यवहारमा कार्यन्वयन गर्ने र चित्रमा लेखिएका कुराहरू बुझी फरक छुट्याउने क्षमताको विकास गर्न सघाउ पुऱ्याउने देखिन्छ ।

| कविता विधामा प्रयुक्त अभ्यासहरू | कथा विधामा प्रयुक्त अभ्यासहरू |
|---|---|
| १) 'गाउँछ गीत नेपाली' कविता शिक्षकले गाएको सुन र त्यसैअनुसार गाऊ । | १) सुन र भन । |
| २) तलका शब्द प्रष्टसँग उच्चारण गर । | २) 'धनको घमण्ड' कथा पालैपालो पढेर सुनाऊ । |
| ३) तलका शब्द सच्याएर कापीमा सार । | ३) सच्याएर कापीमा सार । |

| | |
|---|---|
| ४) कवितामा प्रयोग भएका नदीका नाम लेख । | ४) शब्द र अर्थको जोडा मिलाऊ । |
| ५) शब्द र अर्थको जोडा मिलाऊ । | ५) उत्तर भन । |
| ६) उत्तर भन । | ६) पढ र लेख । |
| ७) उदाहरणमा दिइए जस्तै गरी कविताबाट शब्द खोजेर लेख । | ७) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर । |
| ८) कविताका पङ्क्ति पूरा गर । | ८) तलका भनाई क्रम मिलाएर लेख । |
| ९) उदाहरूणका आधारमा शब्दको रूप  बदल । | ९) उत्तर लेख । |
| १०) तलका शब्दलाई वाक्यमा प्रयोग गर । | १०) तलको भनाइ पढ र त्यसबाट तिमीले बुझेका कुरा लेख । |
| ११) पढ, बुझ र सार । | ११) उदाहरण हेरी वाक्य बदल । |
| १२) उत्तर लेख । | १२) तिमीले जानेको एउटा कथा भन । |
| १३) वाक्यमा प्रयोग गर । | १३) तालिकाबाट वाक्य बनाऊ । |
| १४) चित्रमा तिमी के-के देख्छौ भन । | १४) वाक्यमा प्रयोग गर । |
| १५) तलका शब्द प्रयोग गरी नेपालको वर्णन गर । | १५) पढ, बुझ र लेख । |
| १६) उत्तर देऊ । | १६) पाँचओटा गाउँखाने कथा खोजेर कक्षामा सुनाऊ । |
| १७) तलका वाक्यमा उपयुक्त ठाउँमा दायाातर्फको मिल्दा चिह्न देऊ । | १७) तलको चित्र हेरी पाँच वाक्यमा वर्णन गर । |
| १८) तलका खाली ठाउँमा उपयुक्त शब्द भरेर कविता पूरा गर र पढेर सुनाऊ । | १८) तलका चुटकिला पढ र तिमी पनि आफूले जानेका चुटकिला कक्षामा सुनाऊ । |
| १९) 'नौ लाख तारा' कविता कण्ठ पारेर सुनाऊ । | १९) तल दिइएजस्तो खाली भौचर भरेर देखाऊ । |
| २०) तलको कोठेपदबाट चरा, सहर र जिल्लाको नाम खोजेर लेख । | २०) तिमीले रू. ५०००।- पुरस्कार पायौ भने त्यो रकम तिमीले कुन कुन काममा कसरी उपयोग गर्छौ, लेखेर देखाऊ । |
| २१) तलका शब्दमा ठीक ठाउँमा शिरविन्दु ( ँ ) राखेर सार । | २१) कसले कसलाई  भनेको हो, लेख । |
| २२) तलको पङ्क्तिको अर्थ बताऊ । | २२) खाली ठाउँमा तलका शब्द भरी कथा पूरा गर । |

| | |
|---|---|
| २३) बाबुका महिमाको बारेमा पाँच वाक्य लेख । | २३) तिमीले बनाएको माथिको कथा पढेर सुनाऊ । |
| २४) 'पाप लाग्छ' कविता शिक्षकले पढेको सुन र त्यसैअनुसार गति, यति र लयमा समेत ध्यान दिई साथीलाई सुनाऊ । | २४) राक्षसले दिल बहादुरलाई लौरी नदिएको भए फुपूले के गर्थिन होला, सोचेर लेख । |
| २५) कविता पढेर उत्तर भन । | २५) तलको भनाइ पढ र तिनको अर्थ लेखेर शिक्षकलाई देखाऊ । |
| २६) उढाहरणका आधारमा उल्टो अर्थ दिने शब्द बताऊ । | २६) उदाहरण हेरी बाक्य परिवर्तन गर । |
| २७) छुटेका हरफ लेखी खाली ठाउँ भर । | २७) उस्तै सुनिने शब्दहरूको उच्चारण गर । |
| २८) पाठमा आधारमा उपयुक्त उत्तर छान । | २८) तलका चित्र हेर र देखेका फरक कुरा लेख । |
| २९) ठीक बेठीक छुट्याऊ । | २९) स्थानीय क्षेत्रमा हुने कथा वाचन, प्रवचन, नाटक, वादविवाद वा लोकगीत प्रतियोगिता भएका ठाउँमा तिमीले देखे सुनेका कुरा कक्षामा सुनाऊ । |
| ३०) कविता पढेर उत्तर लेख । | |
| ३१) तलका पङ्क्तिको अर्थ लेखेर शिक्षकलाई सुनाऊ । | |
| ३२) 'पाप लाग्छ' कवितामा के के नगर्नु भनिएको छ, त्यसको बारेमा साथीसँग कुराकानी गर । | |
| ३३) फूलका बारेमा एक अनुच्छेद लेख । | |
| ३४) उदाहरण्का आधारमा भन । | |
| ३५) तलका दुईवाक्यलाई एकै वाक्यमा लेख । | |
| ३६) तलका शब्दहरूको फरक अर्थ बुझ । | |
| ३७) कविता पढ र उत्तर भन । | |
| ३८) 'आफ्नो जीवन लक्ष्य' शीर्षक दिएर राम्रा अक्षर पारी एक अनुच्छेद लेख । | |

| प्रबन्ध विधामा उपयुक्त अभ्यासहरू | संवाद विधामा प्रयुक्त अभ्यासहरू |
|---|---|
| १) सुन र भन । | १) शिक्षकले भनेको सुन र भन । |
| २) सच्याएर कापीमा सार । | २) अन्जना, रमेश र बुबा बनी माथिको पाठ पालैपालो पढेर सुनाऊ । |
| ३) तलको अंश सुद्धसँग पढेर कक्षामा सुनाऊ । | ३) सच्याएर कापीमा सार । |
| ४) शब्द र अर्थको जोडा मिलाऊ । | ४) शब्द र अर्थको जोडा मिलाऊ । |
| ५) उत्तर भन । | ५) उत्तर भन । |
| ६) उत्तर लेख । | ६) पढ र लेख । |
| ७) तलका वाक्य पढ र त्यसबाट तिमीलेबुझेका कुरा लेखी शिक्षकलाई  देखाऊ । | ७) कोष्ठकबाट मिल्ने शब्द छानी वाक्य पूरा गर । |
| ८) सुहाउँदो शब्द छानी खाली ठाउँ भर । | ८) तलका शब्दको उही अर्थ लाग्ने एक एक ओटा शब्द लेख । |
| ९) तलको अनुच्छेद सुद्धसँग सारेर शिक्षकलाई देखाऊ । | ९) तालिकाबाट वाक्य बनाऊ । |
| १०) उदाहरण हेरी तलका वाक्यको ढाँचा परिवर्तन गर । | १०) तलका प्रश्नको उत्तर लेख । |
| ११) तिमीले आफ्नो छिमेकमा फजुल खर्च गर्ने मानिस देखेका हौला । फजुल खर्चबाट हुने हानीबारे सम्झाउनुपरे के के सल्लाह दिन्छौ, पाँच वाक्य लेख । | ११) तलका शब्दलाई वाक्यमा प्रयोग गर । |
| १२) मानिसहरू खानेकुरा पनि फाल्ने गर्छन । यस्ता मानिसहरूलाई खानेकुरा बचत गर्नुपर्छ भनी सल्लाह दिनु परे तिमी कसरी सम्झाउँछौ लेखेर शिक्षकलाई देखाऊ । | १२) उदाहरण हेरी वाक्य बनाऊ । |
| १३) ठीक बेठीक छुट्याऊ । | १३) उत्तर लेख । |
| १४) वाक्यमा प्रयोग गर । | १४) तलका कुराकानी पढ र वाक्यमा दिइएकामध्ये मिल्दा शब्द छानी लेख । |

| | |
|---|---|
| १५) 'क' समूहमा दिइएका धेरै शब्दहरूलाई 'ख' समूहमा दिइएका एउटै शब्दसँग जोडा मिलाई कापीमा सार । | १५) मिल्दा शब्द छानी वाक्य पूरा गर । |
| १६) तलको पोष्टर हेर र तिमीले देखेका कुरा बताऊ । | १६) तलका उखानहरूको अर्थ बताऊ । |
| १७) तिमी आफ्नो शरीरलाई स्वस्थ राख्न के के गर्छौ बताऊ । | १७) तलको उदाहरण हेर र अरू शब्दहरूलाई दुई दुई ओटा वाक्यमा प्रयोग गर । |
| १८) उदाहरण हेरीतलका उत्तर आउने प्रश्न बताऊ । | १८) गाउँघरमा मानिसले पशुलाई माया नगरी कुटपिट गरेको देखिन्छ, त्यसरी कुटपिट गर्ने मानिसलाई पशुलाई माया गर्नुपर्छ भनी सम्झाउनुपरे तिमी के के सल्लाह दिन्छौ, पाँच वाक्य लेख । |
| १९) कोष्ठकबाट मिल्ने शब्द छानी वाक्य पूरा गर । | |
| २०) उदाहरण हेरी तलका शब्दका आधारमा तिम्रो घरनजिकको नदी वा खालाका बारेमा वर्णन गर । | |
| २१) तल नेपालको कोसी, गण्डकी र कर्णाली नदीको बारेमा छोटो परिचय दिइएको छ , पढ र सोधिएका प्रश्नको उत्तर देऊ ।<br>अ) उत्तर देऊ ।<br>आ) तालिकामा सहायक नदीका नाम लेख । | |
| २२) तल दिइएका खाली ठाउँमा उदाहरणमा दिइएजस्तै गरी लेख । | |
| २३) तिमी बसेको ठाउँमा कुनै नदी, नाला, मन्दिर आदि फोहोर भएका होलान् । बाग्मती नदीले आफ्नो पिर बताए जसरी नै तिनको वर्णन तयार पारेर शिक्षकलाई देखाऊ । | |
| २४) तिम्रो वरपरको मन्दिर, हाटबजार, मेला | |

| | |
|---|---|
| वा जात्रामा तिमीले देखेका राम्रा र नराम्रा कुराबारे कक्षामा छलफल गर । | |
| २५) छोटो उत्तर लेख । | |
| २६) तलका उखानको अर्थ बुझ र वाक्यमा प्रयोग गर । | |
| २७) तिम्रो घरदेखि विद्यालयसम्मको बाटाको नक्सा बनाई बाटामा पर्ने ठाउँका नाम  लेख । | |
| २८) तिमीलाई मामाघर जाँदा अथवा अन्त कतै जाँदा कस्तो अनुभव भयो लेख । | |
| २९) तलको तालिका पढी अरू पनि त्यस्तै मिल्दा शब्दहरू लेख । | |
| ३०) पढेर सुनाऊ । | |
| ३१) पाठको अन्तिम अनुच्छेद पढ र उत्तर भन । | |
| ३२) तलका भनाइ पढ र तिनको अर्थ लेखेर शिक्षकलाई देखाऊ । | |
| ३३) तिम्रो टोलछिमेकमा कुनै बालकले दुःख पाइरहेका होलान् । तिनले कसरी दुःख पाएका छन्, कक्षामा सुनाऊ । | |
| ३४) टोल छिमेकमा कसैले बालबालिकालाई दुःख दिइएका हुन सक्छन् । बालबालिकालाई दुःख दिनहुन्न भनी तिनीहरूलाई सम्झाउनुपरे तिमी के सल्लाह दिन्छौ, पाँच वाक्यमा लेख । | |
| ३५) रेडियो वा टेलिभिजनमा उपयोगी कार्यक्रम सुन र त्यसका बारेमा कक्षामा बताऊ । | |
| ३६) किसान शीर्षकमा तिमीले जानेका कुरा लेखी शिक्षकलाई देखाऊ । | |

| | |
|---|---|
| ३७) तलको समाचार पढ र उत्तर देऊ । | |
| ३८) सञ्चारका कुनै एक साधनका बारेमा तिमीले जानेको कुरा लेखी शिक्षकलाई देखाऊ । | |
| ३९) तिम्रो गाउँटोलमा देशविदेशका हालखबर कसरी थाहा हुन्छन् ? साथीहरूसँग छलफल गरेर लेख । | |
| ४०) कक्षा चारको ''मेरो नेपाली' किताब' बाट तिमीले के के सिक्यौ ? लेखेर शिक्षकलाई देखाऊ । | |

कक्षा चारको 'मेरो नेपाली' मा प्रयोग भएका कविता विधाको अभ्यासमा लयबोध सम्बन्धी अभ्यासहरू प्रशस्त रहेका छन् । भाववोध सम्बन्धी वोध क्रियाकलापको अभ्यासमा तलको पङ्क्तिको अर्थ बताऊ, 'बाबुका महिमाको बारेमा पाँच वाक्य लेख', 'तलका पङ्क्तिको अर्थ लेख' जस्ता अभ्यासहरू रहेको पाइन्छ भने विशेष गरी प्रश्नोत्तरका कार्यकलापहरू सबै कवितामा समावेश भएको पाइन्छ । कविता विधाको अभ्यासमा खासगरी छुटेका हरफ लेखी खाली ठाउँ भर जस्ता अभ्यासले विद्यार्थीमा कविता लेखन सीप विकास गर्न सघाउ पुऱ्याउने देखिन्छ । त्यसैले समग्रमा कविता शिक्षणको अभ्यास सस्वर, पठन, गति, यति र लय मिलाई वाचन गर्न, लयबद्ध उच्चारण, सिर्जनात्मक पक्षमा बढी र शब्दभण्डार बृद्धि पक्षमा कम जोड दिइएको देखिन्छ ।

प्रस्तुत किताबको कथा विधामा दिइएको अभ्यासमा 'सुन र भन', 'कथा पालैपालो पढेर सुनाऊ', 'उत्तर भन', 'पढ र लेख', 'अर्थखुल्ने गरी वाक्यमा प्रयोग गर', 'तलका भनाइलाई क्रम मिलाएर लेख', 'उत्तर लेख', 'तलका भनाइ पढ र त्यसबाट तिमीले बुझेका कुरा लेख', 'तिमीले जानेको एउटा कथा भन' जस्ता अभ्यासले सुनाइ र बोलाइमा जोड दिइएको देखिन्छ । कथा पालैपालौ गरी शुद्धसँग पढेर सुनाउन, कथा बुझेर उत्तर भन्न र लेख्न, जाने, बुझेका कुराहरूलाई वाक्यमा प्रयोग गर्न र दिइएका भनाइलाई क्रम मिलाइ लेख्न, दिइएको भनाइहरू अर्थ बुझिने गरी पढी उत्तर भन्न र लेख्न सघाउ पुऱ्याउने देखिन्छ ।

प्रस्तुत पुस्तकको प्रबन्ध विधामा दिएको अभ्यासमा 'सुन र भन', 'सच्याएर कापिमा सार', 'अंश शुद्धसँग पढेर कक्षामा सुनाऊ', 'शब्द र अर्थको जोडा मिलाऊ' जस्ता अभ्यासले सुनाइ र बोलाइमा जोड दिइएको पाइन्छ । शुद्धसँग पढ्न, लेख्न र शब्दभण्डार बढाउनमा जोड दिइएको देखिन्छ । पाठमा दिइएका अभ्यासमा आफ्नो शरीरलाई स्वस्थ राख्न के के गर्छौ बताऊ जस्ता अभ्यासले नियमित सरसफाइ गरी स्वस्थ रहने बानीको विकास गराउन सघाउ पुऱ्याउने देखिन्छ । यस्तै गरी पोस्टर हेर र देखेका कुरा बताऊ जस्ता अभ्यासले सरसफाइमा ध्यान दिनुपर्छ भन्ने भावना विकास गराउन खोजिएको देखिन्छ । प्राकृतिक स्रोत र सम्पदाहरूको वर्णन गर्न, नदी, नाला र मन्दिर जस्ता प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको बारेमा वर्णन गर्न सघाउने देखिन्छ । वरपरका मन्दिर हाटबजार मेला वा जात्रामा देखेका राम्रा वा नराम्रा कुराहरूबारे कक्षामा छलफल गर जस्ता अभ्यासले देखे भोगेका राम्रा वा नराम्रा कुराहरूबारे कक्षामा छलफल गरी ठोस निष्कर्षमा पुग्न सघाउने देखिन्छ ।

संवाद विधामा प्रयुक्त अभ्यासलाई हेर्दा सुन र भन, अञ्जना, रमेश र बुबा बनी माथिको पाठ पालैपालो गरी पढेर सुनाऊ जस्ता अभ्यासले विद्यार्थीमा सुनाइ र बोलाइ सीप बढाउन र पात्रअनुसारको भूमिका निर्वाह गर्न उत्प्रेरित गर्न खोजेको देखिन्छ । समग्रमाभन्दा पशुपन्छिलाई माया गरी पाल्नु पर्दछ भन्ने भावना बालबालिकाहरूमा जगाउन खोजेको देखिन्छ ।

### ४.२.६ कक्षा : पाँच

वर्तमान कक्षा पाँचको 'मेरो नेपाली' किताबमा प्रयोग भएका अभ्यासहरूलाई नियाल्दा पढाइ सीपभन्दा लेखाइ सीप विकासमा बढी सघाउ पुऱ्याउने अभ्यासहरू समावेश गरीएको देखिन्छ । विद्यार्थीहरूमा निर्देशन पालन गरी धकनमानीकन मौखिक रूपमा शुद्धसँग उच्चारण गरी बताउन सक्ने शिक्षण क्रियाकलापमा जोड दिइएको पाइन्छ । शब्दभण्डार बृद्धि गर्न शब्द र अर्थको जोडा मिलाऊ जस्ता अभ्यासले सहयोग पुऱ्याउनुका साथै बान्की मिलाई निश्चित क्रममा शब्द राखी वाक्य निर्माण गर्न सघाउ पुऱ्याउने अभ्यासहरू रहेका छन् । यसका साथै कविता लयमा गाएर सुनाऊ, जस्ता अभ्यासले कविता वाचन गर्दा गति, यति र लयमा गाउन सक्षम गराउने देखिन्छ । पाठ एकमा प्रयुक्त 'नैतिक दृष्टान्त' कविता शिक्षकले वाचन गरेको सुन र त्यसैअनुसार वाचन गर, र पाठ एघारमा प्रयुक्त 'नदी कविता

लयमा गाएर सुनाऊ' अभ्यासले विद्यार्थीहरूमा कविता लयमा गाउन सघाउ पुऱ्याउने हुनाले पाठअनुसार अभ्यास उपयुक्त भएको पाइन्छ । सम्पूर्ण पाठका सबै अभ्यासहरूमा प्रश्नोत्तरसम्बन्धी अभ्यासहरू 'सबै प्रश्नहरूको उत्तर देऊ' जस्ता समावेश गरिएकाले बालबालिकाहरूमा आफूले देखेसुनेका, बुझेका र अनुभव गरेका कुराहरू समेटी सिर्जनात्मक लेखन वा मौखिक अभिव्यक्ति दिन सघाउ पुऱ्याउने देखिन्छ । पाठमा दिइएका अभ्यासमा 'सच्याएर कापीमा सार' जस्ता अभ्यासले संयुक्त अक्षर शुद्धसँग लेख्न सघाउ पुऱ्याउने देखिन्छ । 'उदाहरण हेरी तल दिएको शब्दहरूलाई वाक्यमा प्रयोग गर' जस्ता अभ्यासले वाक्य बनाउन सहयोगी भई उक्त अभ्यास पाठ सुहाउँदो देखिन्छ । पेज ११ को अभ्यास १७ मा तलको चित्र हेरी एउटा सानो कथा बनाऊ जस्ता अभ्यासले चित्र मौखिक र लिखित रूपमा वर्णन गरी क्रम मिलाई कथा रचना गर्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ चारको अभ्यास १९ मा समावेश गरिएको तिमीले जानेको पाँचओटा गाउँखाने कथा कक्षामा सुनाऊ जस्ता अभ्यासले आफूले जानेको गाउँखाने कथा धकनमानीकन भन्न र नयाँ गाउँखाने कथा रचना गर्न सघाउ पुऱ्याउने र गाउँखाने कथा सङ्कलन गरी भन्ने र मनोरञ्जन आदानप्रदान गर्न सहयोग पुग्ने देखिन्छ । पाठ तीनको अभ्यास छ को उत्तर भन पाठ अनुसार उपयुक्त देखिन्छ । पाठ पन्ध्रको अभ्यास दश र एघार पाठसँग सुहाउँदिलो भएन । उक्त अभ्यासहरूलाई पाठ चौधको अभ्यास बाह्र पछि क्रमश : समावेश गर्न उपयुक्त देखिन्छ । पेज ६६ को अभ्यास १८ को नदी कवितामा गरिएको वर्णनलाई आफ्नो बोलीचालीको भाषामा लेख जस्ता अभ्यासले बालबालिकाहरूमा सिर्जनात्मक, मौखिक र लिखित क्षमताबोध गर्न उपयुक्त हुने शिक्षण कार्यकलाप गराइएको झलक हुन्छ । यस्तै यही पेजको नदीको चित्र बनाएर कक्षाकोठामा टाँस जस्ता अभ्यासले चित्र लेखन क्षमता विकास गर्न सघाउ पुऱ्याएको पाइन्छ । पाठ चौधको अभ्यास एघारको अभ्यासले विद्यार्थीहरूमा मौनपठन गरी अनुच्छेद पढ्न र सोधिएका प्रश्नहरूको उत्तर सहज ढङ्गले दिन सघाउ पुऱ्याउने देखिन्छ ।

यसरी समग्रमा कक्षा ५ 'मेरो नेपाली' पाठ्यपुस्तकका पाठहरूमा दिएका अभ्यासहरूलाई हेर्दा विद्यार्थीहरूमा शुद्धसँग पढ्न र लेख्न, मौखिक वर्णन, अभिनय, भूमिका निर्वाह, खेल, खोज छलफल, प्रश्नोत्तर, संवाद, चित्र वर्णन, सिर्जनात्मक लेखन क्षमता विकास गर्न सघाउ पुऱ्याउने खालका क्रियाकलापहरू रहेका छन् । यस्तै गरी विद्यार्थीमा अन्तरनिहित भाषिक

क्षमता प्रस्फुटन गरी सिर्जनात्मक क्षमता विकास गराउनमा प्रत्येक पाठका अभ्यासले क्रियाकलाप गराउन खाजेको देखिन्छ । यस्तैगरी आवाज पहिचान, घर परिवारको बारेमा प्रश्नोत्तर गर्ने, घटना सुनाएर मुख्य मुख्य कुरा वर्णन गर्न लगाउने, प्रश्नोत्तर, छलफल, अन्ताक्षरी आदि शब्द खेल खेलाउने, अक्षर, शब्द, वाक्य, अनुच्छेदको श्रुतिलेखन, विद्युतिय सञ्चारका साधनका कार्यक्रम सुनाएर प्रश्नोत्तर र छलफल गराउने आदि सुनाइ सीप विकास गराउन सघाउ पुऱ्याउने खालका शिक्षण क्रियाकलापहरू अभ्यासमा समावेश गरिएको पाइन्छ । वर्ण, अक्षर र शब्दको उच्चारण, प्रश्नोत्तर वस्तु सङ्कलन गरी सोका बारेमा छलफल गर्न बालगीत, कविताहरू गति, यति र लय मिलाई वाचन गरी सुनाउने र विद्यार्थीले सुनेजानेका त्यस्तै गीत गाउँन बालकथा बाचन गरी सुनाउने र विद्यार्थीहरूले सुनेजानेका बालकथा भन्न लगाउने, देखे, सुनेका र अनुभव गरेका वस्तु, घटना, चित्र आदिका बारेमा वर्णन गर्न, साथीभाइ र समूहमा कुराकानी छलफल गर्न, वादविवाद अभिनय भूमिका निर्बाह र उद्घोषण गर्न, सामान्य समस्यामा तर्क गर्न, लगाउने जस्ता बोलाइ सीप क्रियाकलापसँग सम्बन्धित अभ्यासहरू राखिनुले विद्यार्थीहरूलाई सघाउ पुऱ्याउने देखिन्छ ।

पढाइ सीप विकास गर्न सघाउ पुऱ्याउने अभ्यासहरू विभिन्न आकार र स्वरूपका वस्तु देखाई फरक छुट्याउन लगाउने, वस्तु अक्षर सम्बन्धित गराएर अक्षर चिन्ने अभ्यास, अक्षर, शब्द छनोट गर्ने, जोडा मिलाउने, खेल खेलाउने, मात्रा चिनाउने, शब्द पढ्न लगाउने, शब्दहरू राखी वाक्य बनाउने र पढ्ने अभ्यास, गीत, कथा, संवाद आदिका अंश छानी गति, यति, लय र हाउभाउसहित सस्वर पठन गर्ने, स-साना विवरण, सूचना, पाठ आदिको आशय बुझ्ने गरी पढ्न लगाएर प्रश्नोत्तर गर्ने, पाठ पढ्न लगाएर त्यसमा भएका कुराकानीको सुची बनाउन, पढेका कुराको अर्थ र आशय भन्न लगाउने, अनुच्छेद दिएर पढ्न लगाएर सोधिएका प्रश्नको उत्तर लेख्न लगाउने जस्ता क्रियाकलापसँग सम्बन्धित अभ्यासहरू राखिनुले पाठ्यक्रम र पाठ्यपुस्तकहरूका अन्तः सम्बन्ध रहेका छन् र अभ्यासलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका क्रममा राखिनुका साथै कार्यमूलक व्याकरणतर्फ पनि ध्यान पुऱ्याइएको देखिन्छ ।

लेखाइ शिक्षणका कार्यकलापहरूसँग सम्बन्धित अभ्यासहरूलाई सघाउ पुऱ्याउने कार्यकलापहरूमा विभिन्न धर्का र आकार (त्रिभूज, वृत, चतुर्भुज) आदि लेख्न, मन परेको चित्र कोर्न लगाएर त्यसको नाम समेत लेख्न, वर्णमालाका अक्षरहरू लेख्न, शब्दका क्रम नमिलेका वाक्य दिएर क्रम मिलाएर लेख्न लगाउने, प्रश्नको उत्तर लेख्न लगाउने, चित्र वस्तु तथा वातावरण वर्णन गरी लेख्न लगाउने, शब्द वाक्य, छोटा अनुच्छेदको अनुलेखन गराउने, बुँदा प्रश्न आदिका आधारमा साधारण चिठी, निवेदन, प्रबन्धआदि लेख्न लगाउने । विद्यार्थीहरूलाई आफ्नो इच्छाअनुसारको लिखित रचना तयार गर्न लगाउने, अरूले लेखेको सामग्री सम्पादन गर्न लगाउने, भित्तेपत्रिका तयार गर्न लगाउने जस्ता कार्यकलापहरू समावेश गरिएका देखिन्छन् ।

कक्षा पाँचको 'मेरो नेपाली' मा प्रयुक्त कविता विधाको अभ्यासमा लयवोधसम्बन्धी अभ्यासहरूको कमी रहेको देखिन्छ । यस्तै भाववोधसम्बन्धी वोध क्रियाकलापको अभ्यासमा पढ, बुझ र सार, तलका हरफहरू पढ र तिनको अर्थ लेख, जस्ता अभ्यास रहेका पाइन्छ भने विशेष गरी प्रश्नोत्तरका कार्यकलापहरू सबै कवितामा समावेश भएको पाइन्छ । विद्यार्थीहरूलाई कविताबाट सिकेका कुरा बढाएर लेख्ने, वादविवाद प्रतियोगिता वा कविता वाचन प्रतियोगिता भएका ठाउँमा गएर त्यहाँ मानिसहरू के के गर्छन हेर्न लगाएर उनीहरूले सुनाएका कुरामध्ये आफूलाई राम्रा लागेका र नलागेका कुरा लेखेर कक्षामा सुनाउने, कविता लेखी कक्षामा सुनाउने, जानेका चुट्किला साथीलाई सुनाउने, जानेका चुट्किला लेखेर शिक्षकलाई देखाउने, कविता लेखेर शिक्षकलाई देखाउने, आफ्नो बोलीचालीको भाषामा लेख्ने, चित्र बनाएर  कक्षा कोठामा टाँस्ने, शुभकामना पत्र पढ्ने र शुभकामना पत्र तयार गर्ने, पाठको चित्र हेरेर त्यसका बारेमा एक अनुच्छेद लेख्ने, कविताका पङ्क्ति पूरा गर्न, तलका खाली ठाउँमा मिल्ने शब्द छानेर भर र कविता पूरा गर जस्ता भन्ने र लेख्ने क्रियाकलापसम्बन्धी अभ्यासहरू पर्याप्त नै देखिन्छ । भावबेध र भावविस्तार गर्नेतर्फ प्रस्तुत भाषापाठ्यपुस्तकले प्रोत्साहित गर्न सकेको पाइन्छ । त्यसैले समग्रमा कविता शिक्षणको अभ्यास लयबद्ध उच्चारण, सिर्जनात्मक लेखन पक्षमा र शब्दभण्डार बढाउन बढी जोड दिइएको पाइन्छ ।

प्रस्तुत किताबको कथा विधामा दिइएको पाठ सत्र पेज १०० को अभ्यास तेह्रमा ‘सबैभन्दा ठूला भक्त’ शीर्षकमा कथा राम्ररी पढ र त्यो कथा छोटकरीमा लेख जस्ता अभ्यास सारांश लेख्नका लागि कमी रहेको देखिन्छ । वोध क्षमताको विकास गर्न वोध प्रश्नोत्तरका कार्यकलापहरूका साथै घटनाक्रम मिलाएर लेख्ने अभ्यासहरू गराइएको पाइन्छ । त्यस्तै लेखाइ सीप सम्बन्धी अभ्यासमा विषयवस्तुबारे प्रश्नोत्तर वाक्यमा प्रयोग गर, तालिकामा भर, उत्तर लेख, तालिकाबाट वाक्य बनाऊ, जानेका कथा लेखी कक्षामा सुनाऊ, उखानटुक्का पढ र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर, खास (घुमाउरो) अर्थ खोजेर लेख, वाक्यहरूमा मिल्दा चिन्ह थप, मिल्ने अक्षरमा चन्द्रविन्दु लगाऊ, वाक्यको आशय लेखी शिक्षकलाई देखाऊ जस्ता क्रियाकलापहरू गरउनमा जोड दिइएको पाइन्छ । कथारचनासम्बन्धी अभ्यासहरू पर्याप्त नै छन् तापनि भाषाका सीपहरूमध्ये पढाइ र लेखाइलाई बढी जोड दिएको पाइन्छ ।

प्रबन्धसम्बन्धी पाठहरूमा मौखिक तथा लिखित वर्णन, बोध प्रश्नोत्तर, चित्र वस्तु आदिको वर्णन, लेखाइ कार्यकलापहरूबाट विद्यार्थीहरूमा शब्दभण्डारको बृद्धिका साथै भाषिक सीपहरू बढाउन सकिन्छ । प्रबन्ध शिक्षणसँग सम्बन्धित क्रियाकलापहरूको सम्बन्धमा प्रस्तुत किताबमा अभ्यासहरू पर्याप्त नै रहेका छन् । उस्तै अर्थ आउने शब्दको जोडा मिलाऊ, शब्दहरूको हिज्जे मिलाई लेख, दिइएको अनुच्छेद मनमनै पढ र लेख जस्ता अभ्यासहरू पर्याप्त मात्रामा रहेको पाइन्छ । देखेका, अनुभव गरेका कुराको मौखिक र लिखित वर्णन आदि पनि पर्याप्त मात्रामा रहेको देखिन्छ । पाठ र अभ्यासको क्रम र साङ्गठनिकता एवं तालमेल मिलेको देखिन्छ ।

यस किताबमा संवादसम्बन्धी पाठ राख्नुले विद्यार्थीमा मौखिक वा लिखित क्षमताको विकास गराउन खोजेको देखिन्छ । पाठहरूमा अभिनय र नाटकीकरणका अभ्यासहरूमा बढी जोड दिइएको पाइन्छ । अनुकरण र सस्वर पठनसम्बन्धी अभ्यासहरूको कमी देखिन्छ ।

समग्रमा हेर्दा सुनाइ र बोलाइमाभन्दा पढाइ र लेखाइमा जोड दिई विद्यार्थीहरूमा कल्पनाशील, सिर्जनशील, तार्किक, मौलिक लेखन सीप विकास गर्न सघाउ पुऱ्याउने खालका क्रियाकलापहरू समावेश गरेका अभ्यासहरू रहेको देखिन्छ । जस्तै : यस किताबमा समावेश गरिएका अभ्यासहरूलाई निम्नअनुसार तालिकामा देखाइएको छ ।

| कविता विधामा प्रयुक्त अभ्यासहरू | कथा विधामा प्रयुक्त अभ्यासहरू |
|---|---|
| १) नैतिक दृष्टान्त कविता शिक्षकले वाचन गरेको सुन र त्यसैअनुसार वाचन गरेर सुनाऊ । | १) सुन र भन । |
| २) तलका शब्द प्रस्तसँग उच्चारण गर । | २) 'कर्मको फल' कथा पालैपालो पढेर सुनाऊ । |
| ३) सच्याएर कापीमा सार । | ३) सच्याएर कापीमा सार । |
| ४) शब्द र अर्थको जोडा मिलाऊ । | ४) शब्द र अर्थको जोडा मिलाऊ । |
| ५) उत्तर भन । | ५) पाठको दास्रो अनुच्छेद पढेर नजिकैका साथीले सोधेका तलका प्रश्नको उत्तर बताऊ । |
| ६) कविताका पङ्क्ति पूरा गर । | ६) तलका प्रश्नहरूको उत्तर देऊ । |
| ७) तलका शब्दलाई वाक्यमा प्रयोग गर । | ७) पढ र लेख । |
| ८) पढ, बुझ र सार । | ८) अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर । |
| ९) तलका शब्दको उल्टो अर्थ दिने शब्द लेख । | ९) तलका भनाइ कसका हुन् लेख । |
| १०) उत्तर लेख । | १०) उत्तर लेख । |
| ११) तालिकाबाट वाक्य बनाऊ । | ११) 'कर्मको फल' कथाबाट तिमीले सिकेका कुरा लेख । |
| १२) 'नैतिक दृष्टान्त' कवितालाई सिकेका कुराहरू बढाएर लेख । | १२) तलका वाक्यमा शब्दका क्रम मिलेका छैनन् । क्रम मिल्ने गरी वाक्य बनाऊ । |
| १३) उदाहरण हेरी उस्ते सुनिने खालका दुई-दुई शब्द लेख । | १३) तल दिइएको तालिकाबाट वाक्य बनाऊ । |
| १४) वादविवाद प्रतियोगिता वा कविता वाचन प्रतियोगिता भएका ठाउँमा जाउ र त्यहाँ मानिसहरू के के गर्छन् हेर । उनीहरूले सुनाएका कुरा मध्ये तिमीलाई राम्रो लागेका र नलागेका कुरा लेखेर कक्षामा सुनाऊ । | १४) उदाहरण हेरी तल दिएका शब्दहरूलाई वाक्यमा प्रयोग गर । |
| १५) तलका शब्दलाई जनाउने अरू एक एक शब्द लेखी शिक्षकलाई देखाऊ । | १५) उदाहरणमा दिए जस्तै वाक्य लेख । |

| | |
|---|---|
| १६) पानी शीर्षकमा कविता लेखी कक्षामा सुनाऊ । | १६) तिमीले जानेको कथा कक्षामा साथीलाई सुनाऊ । |
| १७) तलका वाक्यलाई सच्याएर कापीमा सार । | १७) तलको चित्र हेरी एउटा सानो कथा बनाऊ । |
| १८) 'नदी' कविता लयमा गाएर सुनाऊ । | १८) तलका गाउँखाने कथाको उत्तर भन । |
| १९) शब्दकोष हेरेर तलका शब्दको अर्थ लेख । | १९) तिमीले जानेका पाँच ओटा गाउँखाने कथा कक्षामा सुनाऊ । |
| २०) शुद्धसँग उच्चारण गर र भिन्न अर्थ बुझ । | २०) उत्तर भन । |
| २१) तलका हरफ पढ र तिनको अर्थ लेख । | २१) तालिकाबाट वाक्य बनाऊ । |
| २२) तलका प्रश्नहरूको उत्रर देऊ । | २२) तलका शब्दको अर्थ लेख । |
| २३) तलका शब्दहरूको अर्थ दिने दुई दुई ओटा शब्द लेख । | २३) कसले कसलाई भनेको हो, लेख । |
| २४) तलका विभक्तिहरू प्रयोग गरी वाक्य बनाऊ । | २४) सन्तुले गरेका राम्रा र नराम्रा कामहरू के के हुन्, तालिका बनाई देखाऊ । |
| २५) तिम्रो गाउँ वा सहर नजिकै भएको कुनै खोला वा नदीका बारेमा वयान गरी एक अनुच्छेद लेख । | २५) तलको वाक्य पढ र आफूले बुझेका कुरा लेख । |
| २६) तिमीले जानेका चुट्किला लेखेर शिक्षकलाई देखाऊ । | २६) 'आँखाको ज्योति' कथामा के पछि के भयो क्रम सँगै बुँदाका रूपमा लेख । |
| २७) तिमीलाई थाहा भएका खोला र नदीका नाम लेखेर कक्षामा साथीलाई सुनाऊ । | २७) तलका उखानटुक्का पढ र अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर । |
| २८) 'पानीको महिमा' विषयमा कविता लेखेर शिक्षकलाई देखाऊ । | २८) खाली ठाउँमा मिल्दा शब्द थपी वाक्य पूरा गर । |
| २९) नदी कवितामा गरीएको वर्णनलाई आफ्नो बोलीचालीको भाषामा लेख । | २९) तालिकामा लेख । |
| ३०) नदीको चित्र बनाएर कक्षा कोठामा टाँस । | ३०) तलका वाक्यको खास (घुमाउरो) अर्थ खोजेर लेख । |
| ३१) तलका वाक्यशंलाई वाकयमा प्रयोग गर । | ३१) तलका जोडी शब्दहरू पढ र फरक छुट्याऊ । |
| ३२) अर्थ लेख । | ३२) उदाहरणमा दिइए जस्तै गरी शब्दहरूको |

| | |
|---|---|
| | रूप परिवर्तन गर । |
| ३३) तलको शुभकामना पढ र तिमी पनि अर्को यस्तै शुभकामना तयार पार । | ३३) तलका वाक्यमा के मिलेको छैन पत्ता लगाउ र शुद्ध पारेर लेख । |
| ३४) पाठको चित्र हेरेर तलका बारेमा एक अनुच्छेद लेख । | ३४) तलका वाक्यहरूमा मिल्दा चिन्ह थप । |
| ३५) कविताबाट शब्दको अन्त्यमा छ र छु भएका क्रियापद खोजेर लेख । | ३५) शिक्षकको सहयोगमा तलका बुदाँका आधारमा कथा लेख र कक्षामा सुनाऊ । |
| ३६) उदाहरण हेरेर शब्द बनाऊ । | ३६) कक्षामा छलफल गरी तलको उदाहरणलाई बढाएर लेख । |
| ३७) ब्याख्या गर । | ३७) मिल्ने अक्षरमा चन्द्रविन्दु लगाऊ । |
| ३८) आदरसूचक वाक्यमा परिवर्तन गर । | ३८) तिम्रा साथीहरूको नाम लेख । |
| ३९) तलका वाक्यमा के मिलेको छैन, पत्ता लगाउ र मिलाएर लेख । | ३९) तिम्रा साथीहरूको नाम लेख । उनीहरू कति कति वर्षका भए, उनीहरूले कुन कुन लुगा लगाएका छन्, लुगाको रङ लेख । |
| ४०) तलका खाली ठाउँमा मिल्ने शब्द छानेर भर र कविता पूरा गर । | ४०) कृष्णको ठाउँमा तिमी भए तिमी दुई सय रूपैयाँ कुन काममा लगाउथ्यौ र कसरी खर्च गर्थ्यौ, लेखेर देखाऊ । |
| ४१) शिक्षकबाट तलको अनुच्छेद सुन र कापीमा लेख । | ४१) तलको वाक्यको आशय लेखी शिक्षकलाई देखाऊ । |
| ४२) उदाहरणमा दिइए जस्तै एउटै शब्द लेख । | ४२) 'सबैभन्दा ठूला भक्त' कथा राम्ररी पढ, र त्यो कथा छोटकरीमा लेख । |
| ४३) तलको वाक्यको आशय लेखी शिक्षकलाई देखाऊ । | |
| ४४) धेरैलाई जनाउने सन्दर्भमा तलका वाक्यहरूलाई परिवर्तन गर । | |
| ४५) उदाहरण हेरी 'अघि' र 'अहिले' प्रयोग गरी पूरा वाक्य बनाऊ । | |
| ४६) "जोसँग जे हुन्छ उसले त्यही मात्र | |

| | |
|---|---|
| बाड्न सक्छ" । यस भनाइलाई बढाएर एक अनुच्छेद्मा लेख । | |
| ४७) तल दिइएका चित्र हेरी चित्र कथा लेखेर कक्षामा देखाऊ । | |

| प्रबनध विधामा प्रयुक्त अभ्यासहरू | संवाद विधामा प्रयुक्त अभ्यासहरू |
|---|---|
| १) पढेर सुनाऊ । | १) शिक्षकले भनेको सुन र भन । |
| २) शब्द र अर्थको जोडा मिलाऊ । | २) माथिको पाठ सुस्मिता दोर्जे, बीर बहादुर र अनुपमा बनी पालैपालो पढेर सुनाऊ । |
| ३) वाक्यमा प्रयोग गर । | ३) सच्याएर कापीमा सार । |
| ४) सच्चाएर सार । | ४) शब्द र अर्थको जोडा मिलाऊ । |
| ५) पाठको अन्तिम अनुच्छेद राम्रा अक्षर पारेर सार । | ५) उत्तर भन । |
| ६) उत्तर भन । | ६) पढ र लेख । |
| ७) तलका भनाइको अर्थ लेख । | ७) कोष्ठबाट मिल्ने शब्द छानी वाकय पुरा गर । |
| ८) तलका प्रश्नको उत्तर लेख । | ८) तलका शब्दको उस्तै अर्थ लाग्ने शब्द लेख । |
| ९) पाठ पढ र आफूले जानेका उत्पादन समेत थपेर तालिका पूरा गर । | ९) तलको तालिकाबाट वाक्य बनाऊ । |
| १०) तिम्रा छिमेकीले गर्ने पाँच वटा नाम लेखी शिक्षकलाई देखाऊ । | १०) तलका प्रश्नको उत्तर लेख । |
| ११) तिम्रो छिमेकमा काम गर्न अल्छि मान्ने मानिसहरू होलान्  तिनलाई काम गर्न पर्छ भनि सम्झाउनु परेमा के सल्लाह दिन्छौ ? लेख । | ११) तिम्रो विद्यालयमा बाल दिवस कसरी मनाइन्छ ? शिक्षकहरूको सहयोग लिएर बाल दिवस कसरी मनाउने भन्ने सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल । |
| १२) तिम्रो आसपासमा भएका मन्दिर, हाटबजार, भेला, मेला वा जात्रामा जाऊ र त्यहाँ मानिसहरूले के के गर्छन, हेरेर आई कक्षामा सुनाऊ । | १२) तलका शब्दलाई वाक्यमा प्रयोग गर । |

| | |
|---|---|
| १३) रेडियो वा टेलिभिजनमा कृषि कार्यक्रम सुन र त्यहाँ प्रसारण भएका उपयोगी कुरा टिप । | १३) मिल्दा शब्द छानी वाक्य पूरा गर । |
| १४) उदाहरण हेरेर क्रियाको रूप बदल । | १४) तलका वाक्यलाई सच्याएर लेख । |
| १५) पाठबाट वर्तमान काल जनाउने पाँच वाकय खोजेर लेख । | १५) तलका शब्द प्रयोग गरेर सम्झनाका आधारमा गत वर्ष मनाइएको बाल दिवसको बारेमा लेख । |
| १६) सुन र भन । | १६) तलका प्रश्नहरूको उत्तर देऊ । |
| १७) तलका प्रश्नको बारेमा साथीहरू सँग छलफल गर । | १७) तलका शब्द प्रयोग गरेर सुहाउदो अनुच्छेद लेख । |
| १८) उस्तै अर्थ आउने शब्दको जोडा मिलाऊ । | १८) तलका वाकयमा शब्दका क्रम मिलेका छैनन् क्रम मिल्ने गरी वाक्य बनाऊ । |
| १९) उदाहरण हेरी तलका शब्दहरूको उल्टो अर्थ आउने शब्दहरू लेख । | १९) तलको संवाद पूरा गर । |
| २०) तलका खाली ठाउँमा मिल्दो शब्द भर । | २०) तिम्रो घरको मानिसहरू रिसाउँदा तिमीप्रति कस्तो व्यवहार गर्छन, लेखेर शिक्षकलाई देखाऊ । |
| २१) तलको तालिकामा उदाहरणमा जस्तै मिल्ने शब्द भर । | २१) तलको चित्रमा तिमी के के देख्छौ ? भन । |
| २२) वाक्यमा शब्दको क्रम मिलाऊ । | २२) उदाहरणमा दिइए जस्तै गरी तलका वाक्यहरू परिवर्तन गर । |
| २३) जति र त्यति थपी पूरा वाकय बनाऊ । | २३) दुध र सागपातबाट के के फाइदा हुन्छ, एक अनुच्छेदमा लेख । |
| २४) नजिकै रहेको अस्पताल वा स्वास्थ्य चौकिमा नर्स भए तिनलाई सोधी वा शिक्षकलाई सोधी नर्सका कामको वर्णन गर । | २४) आफूले गरेको शैक्षिक भ्रमणलाई आधार मानेर संवाद लेखी शिक्षकलाई देखाऊ । |
| २५) तिमी भविष्यमा के बन्न चाहन्छौ, कारण सहित एक अनुच्छेद लेख । | |
| २६) शिक्षकसँग सोधेर प्राथमिक उपचारका | निबन्ध विधामा प्रयुक्त अभ्यासहरू |

<table>
<tr><td colspan="5">बारेमा एक अनुच्छेद लेख ।</td><td></td></tr>
<tr><td colspan="5">२७) तलको समाचार पढी सोधिएका प्रश्नको उत्तर देऊ ।</td><td>१) पुस्तक पढ्दा के के कुरा थाहा पाउन सकिन्छ ?</td></tr>
<tr><td colspan="5">२८ बायाँ र दायाँका वाक्य मिलाई लेख ।<br>क) तिमी कुन किताव लेख्छौ, तिमि त्यसरी हाँस ।<br>ख) म जाहाँ जान्छु, ऊ त्यही भन्छ ।<br>ग) ऊ जसरी हाँस्यो, म त्यही लिन्छु ।<br>घ) तपाईँ जे भन्नुहुन्छ, तिमी त्यही जाऊ ।</td><td>२) पुस्तक राखिने र पढिने ठाउँ पुस्तकालय हो । तिमीले पुस्तकालय देखेका छौ ? देखेका छैनौ भने कक्षामा साथीहरूसँग पुस्तकालयका विषयमा छलफल गर । नजिकमा पुस्तकालय भए त्यहाँ भ्रमण गर । त्यसपछि आफ्ना शिक्षकको समेत सहयोग लिई पुस्तकालय शीर्षकमा एउटा सानो निबन्ध लेख ।</td></tr>
<tr><td colspan="5">२९) तल दिइएका शब्दहरूलाई तालिकामा भर ।</td><td>३) तिमीलाई मन परेको कुनै किताब पढ र त्यसमा तिमीलाई राम्रो लागेका कुरा लेखेर शिक्षकलाई देखाऊ ।</td></tr>
<tr><td colspan="5">किताब, छपाइ, चित्रकार, रवि, पोको, हुल, पानी, माया, शशी, फलाम</td><td>४) भित्तेपात्रो हेरी तल दिइएका प्रश्नको जवाफ देऊ ।</td></tr>
<tr><td>व्यक्ति</td><td>जाति</td><td>वस्तु</td><td>समूह</td><td>भाव</td><td>५) तलकोचित्र हेर र त्यसको वर्णन गर ।</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>६) कक्षा पाँचको किताब पढेर तिमीले के के सिक्यौ ?</td></tr>
</table>

## ४.३ चित्र परिचय

पाठ्यपुस्तकमा सुहाउँदो खालको चित्रहरू समावेश गरिएमा त्यो रूचिपूर्ण, मनोरञ्जक र आकर्षक हुन्छ । भाषापाठ्यपुस्तकमा भाषिक सीप, विषयगत ज्ञान र धारणा दिन सघाउ पुग्ने खालका चित्रको व्यवस्था गरिएको हुनुपर्दछ । प्राथमिक तहका भाषापाठ्यपुस्तकमा माथिल्ला तहका भाषापाठ्यपुस्तकमाभन्दा चित्रको बढी महत्व झल्कन्छ । कक्षाको स्तरअनुसार चित्रको आकार प्रकार फरक-फरक हुन सक्दछ । प्राथमिक कक्षाका भाषापाठ्यपुस्तकमा चित्रहरू ठूला र आकर्षक रङमा राखिनु उपयुक्त हुन्छ । किनभने कलिला उमेरका विद्यार्थीहरूले सानो तथा सङ्क्षिप्त चित्रबाट बोध गर्न सक्दैनन् । चित्रको

प्रयोग सम्बन्धित मूल पाठसँग मिल्दो रूपमा गरिनुपर्दछ । चित्र सबै पाठका लागि आवश्यक नहुन पनि सक्दछ, आवश्यक ठाउँमा मात्र चित्रको प्रयोग गरिनु सुहाउँदो हुन्छ । भाषापाठ्यपुस्तकमा प्रयोग गरिने चित्रको प्रस्तुतिले सामाजिक र मानसिक रूपमा विद्यार्थीहरूमा नकारात्मक असर पार्नु हुदैन । भाषापाठ्यपुस्तकमा समावेश गरिने चित्रहरू राम्रो सँग तयार गरिएको, आकर्षक दुरूस्त र सुहाउँदो आकारको हुनुपर्दछ ।

प्राथमिक विद्यालय तह खेल्दै रमाउँदै सिक्ने उमेर हो । यस तहका विद्यार्थीहरूलाई सिधै विषयवस्तु अर्थात् पढाइमा मात्र जोड दिइयो भने उनीहरूमा पढाइप्रति अरूचि हुन सक्छ । पढाइप्रति आकर्षण गरी सिकाइ प्रभावकारी बनाउन चित्रको ठूलो भूमिका रहेको हुन्छ । चित्र पाठसँग अन्तः सम्बन्धित, सन्दर्भ/प्रसँग, झल्किने र भाषा सिकाइमा सघाउ पुऱ्याउने हुन आवश्यक छ । पाठ र चित्रबीच तालमेल भएमा नै सिकाइ प्रभावकारी र स्तरीय बन्न पुग्दछ । कक्षागत रूपमा प्रयोग भएका चित्रको बारेमा तल यसप्रकार उल्लेख गरिएको छ ।

### ४.३.१ कक्षा एक

कक्षा एकको पुस्तकमा चित्र प्रयोगको बाहुल्यता रहेको पाइन्छ । बालगीत, बालप्रबन्ध, बालकथामा सन्दर्भ झल्काउने चित्रको प्रयोग भएको छ । पाठ एकको बालगीतमा अगुल्टो बाहेक अन्य प्रसङ्ग झल्काउने चित्र प्रयोग भएको छ । पाठ दुई, तीन, चार, पाँचमा चित्र मात्र दिइएको छ । पाठ पाँचमा कथाको प्रसङ्ग झल्किने चित्र प्रयोग भएको छ । अक्षर चिनाउने पाठमा पनि प्रत्येक अक्षरसँग सम्बन्धित चित्र पाठमा दिइएको छ । चित्र प्रयोगका दृष्टिले कक्षा एकको पाठ्यपुस्तक सन्तोषजनक छ ।

कक्षा एकमा प्रयोग भएका चित्र सुहाउँदा र बालबालिकाहरूलाई आकर्षण गर्ने किसिमका छन् । बालगीत चित्र सहितका छन् । अन्य अभ्यास र सबै पाठमा चित्र सजिएका छन् । अक्षर चिनारीमा पनि चित्रका माध्यमबाट चिनाउने प्रयास गरिएको छ । यस्तै कतिपय पाठमा चित्र वर्णनका लागि दृश्यावली झल्किने चित्र दिइएको पाइन्छ ।

### ४.३.२ कक्षा दुई

कक्षा दुईको 'मेरो नेपाली' पुस्तकको आवरण चित्र स्पष्ट र आकर्षक छ । विद्यालयको चित्र र झोला बोकेर विद्यालयतर्फ हिडेका बालबालिकाहरूको चित्रले कक्षा दुईका विद्यार्थीहरूलाई विद्यालयतर्फ जान प्रेरणा दिएको देखिन्छ । कक्षा दुईको पाठमा दिइएका कतिपय चित्र नबुझिने खालका छन् । जस्तै : पाठ तीन 'मौरीको मह' शीर्षक पाठको पेज १३ मा दिइएको चित्रमा के खुवाइएको हो स्पष्ट छैन । पेज १४ मा उन्नत जातको मौरीको घार दिइएको तर मौरीको चित्र नदिइएकाले चित्र अधुरो छ । पाठ पाँचको 'झण्डा फरर' शीर्षक पाठमा दिइएको झण्डाको भुईको रङ रातो दिइएको तर किनारा कालो दिइएकाले अनर्थ लाग्ने देखिन्छ । पाठ १५ को पेज ७९ मा दिइएका चित्रको क्रम मिलेको छैन । मौरीको वयान पछि सिंहको, हात्ती पछि बोका, गाई पछि माछा जस्ता चित्रले विद्यार्थीहरूलाई अल्मल्याउने देखिन्छ । पाठ १७ को लुम्बिनी शीर्षक पाठमा पेज ८९ मा नै लुम्बिनीको चित्र नदिई गौतमबुद्धको र पेज ९० मा लुम्बिनीको चित्र दिइकाले क्रम नमिलेको देखिन्छ ।

कक्षा दुईको पाठ्यपुस्तकमा प्रयोग भएको चित्र पाठसँग सम्बन्धित र सन्दर्भ प्रष्ट्याउने किसिमका छन् । पाठ एकमा घाम, जून, हिमालको प्रसङ्ग झल्किने चित्रहरू छन् । 'सिंह र खरायो' कथामा सुरूमा एउटा ठूलो वन थियो भन्ने कुरा उल्लेख भएको छ तर चित्रमा प्रष्ट भएको छैन । पाठ १४ मा दिइएको हाटको चित्र स्पष्ट भएन । पाठ १५ मा दिइएको चित्र प्रसङ्ग अनुसार छैन । जस्तै : मौरी बस्ने ठाउँ के हो ? भनेको ठाउँमा सिंहको, हात्ती बस्छ कहाँ भनेको ठाउँमा बाखा त्यस्तै गाई बस्छ कहाँ पछि माछा, भेडा बस्छन कहाँमा गाई, माछा बस्छन् कहाँमा मौरीको चित्र दिइएको छ । यस्तै घोडा बस्ने तबेला भनेर मौरीको घारको चित्र, भेडा बस्ने भेडीचोक भनेको ठाउँमा गाइको गोठ, माछा बस्ने कुर भनेर हात्ती बस्ने ठाउँ दिइनुले चित्रले पाठलाई सहयोग नपुऱ्याई अन्य कठिनाइ थप्ने देखिन्छ । यी बाहेक पाठमा प्रयुक्त चित्रहरू सुहाउँदिला देखिन्छन् ।

### ४.३.३ कक्षा तीन

कक्षा तीनको 'मेरो नेपाली' पुस्तकमा दिइएका आवरण चित्र स्पष्ट र आकर्षक छ । पढिरहेका बालबालिकाको चित्रले उनीहरूमा पढाइप्रति उत्प्रेरणा जगाउन खोजेको देखिन्छ । कक्षा तीनको पाठका कतिपय चित्रहरू नबुझिने खालका छन् । जस्तै : पाठ चार 'किताब'

शीर्षक पाठको पेज २० मा दिइएको चित्रमा के को चित्र हो अर्थात् हरफनभएकाले किताब हो कि कापी विद्यार्थीहरूलाई अलमल्याउने खालको छ । पाठ ७ को 'खेतीवाल' शीर्षक पाठको पेज ३६ मा दिइएका चित्रको क्रम मिलेको छैन । 'बिहान चाँडै हलगोरू नारी, जोती खनी खेत गरी तयारी, गहुँ र जौँ धान मकै उमारी, पुऱ्याउँछु अन्न जहानलाई' 'कविता' अनुसार चित्रमा सर्वप्रथम हलगोरू नारी जोती रहेको, खेतमा काम गरी रहेको चित्र पृष्ठको माथिल्लो भागमा बनाई त्यसपछि गहुँ, धानको चित्र राख्नु उपयुक्त देखिन्छ । पाठ ९ मा 'खेर नफालौँ' शीर्षक पाठको पेज ५१ मा दिइएका चित्रमध्ये पैसाको चित्र स्पष्ट छैन । त्यस्तै सोही पाठको मट्टितेल, पेट्रोल, बिजुली, सूर्यको ताप, दाउरा आदिबाट उर्जा निस्कन्छ भनी लेखिएको तर चित्रको क्रम नमिलाई सूर्यको चित्र, बिजुलीको चित्र, मट्टितेलको भाँडो र दाउराको चित्र दिनुले विद्यार्थीहरूलाई पढाइमा अलमल बनाउने देखिन्छ । पेट्रोलको भाँडोको चित्र थप गर्नुपर्ने देखिन्छ । यस्तै पाठ १० 'नेपाली' शीर्षक पाठको पेज ३६ मा दिइएको झण्डाको रङ स्पष्ट छैन । नेपालको झण्डाको पृष्ठभूमिमा माथि चन्द्रमा र तल सूर्यको चित्र नभएको र किनाराको रङ निलो नभई कालो भएकाले झण्डा कुन देशको हो ? भनी झुक्याउने खालको देखिन्छ । यस्तैगरी पाठ १३ 'घामछायाँ' शीर्षक पाठको पेज ७० मा दिइएको चित्रमा घामछायाँ झल्काउने चित्र स्पष्ट छैन । पाठ १४ 'बाँदर र गोही' शीर्षक पाठको पेज ७६ मा दिइएको बाँदरको चित्र अघिल्लो पेजको चित्रमा भएको बाँदर हो वा अर्कै हो स्पष्ट छैन । पाठ १७ 'बीरमानका दिन फर्किए' शीर्षक पाठको पेज ९० मा आफ्नै वनको घाँसपात खुवाएर उसले गाई, भैँसी र बाख्रा पालेको थियो भनेर लेखिएको तर पाठमा भैँसीको मात्र चित्र भएकोले विद्यार्थीहरूमा गाई कहाँ छ ? भनी खुलदुली बढाउने देखिन्छ । यस्तै यही पाठको पेज ९२ मा दिइएको पहिलो अनुच्छेदमा बीरमानले बिरूवामा पानी र मल हाल्यो भनी लेखिएको वा छापिएको तर पानी हालेको, मल हालेको चित्रमा स्पष्ट देखिदैन । यही पाठको अन्तिम अनुच्छेदमा घाँस पलाउन थालेपछि बीरमानले फेरि बाख्रा पाठा पाल्न थाल्यो भनी लेखिएको तर बाख्रा पाठा पालेको चित्र उल्लेख नभएकाले टाट्नोमा घाँस खुवाइएको बाख्रा पाठाको चित्र थप्न उपयुक्त देखिन्छ । समग्रमा हेर्दा केही चित्रहरू पाठलाई स्पष्ट पार्ने खालका छन् भने केही अलमल्याउने खालका रहेका छन् ।

### ४.३.४ कक्षा चार

कक्षा चारको 'मेरो नेपाली' पुस्तकमा दिइएका आवरण चित्र स्पष्ट र आकर्षक छ । शीतल छहारीमा रमाउदै डोरी नाघ्ने खेल र फुटबल खेल खेलिरहेका बालबालिकाका निम्ति चित्रले उनीहरूमा पढाइ लेखाइका अतिरिक्त खेलमा पनि प्रेरणा जगाउन खोजेको देखिन्छ । पाठ एक 'गाउँछ गीत नेपाली' शीर्षक पाठको पेज १ मा दिइएको नेपालको झण्डा स्पष्ट छैन । झण्डा रखाई स्थान अन्तिम कविता बाचौंला हामी नेपालमा चन्द्र र सूर्य ध्वजाली सँगसँगै हुनेगरी चित्र राखिनु सान्दर्भिक देखिन्छ । पाठ चार 'नौलाख तारा' शीर्षक पाठको पेज १५ मा दिइएको जूनको देश डाक हे ! तिमी जुनेली राम्रो छायाँमा चित्र स्पष्ट छैन । यहाँ उदाउन खोजेको जून राख्नु सान्दर्भिक देखिन्छ । यस्तै पाठ ६ 'बाग्मती नदी' शीर्षक पाठको बाइसौँ लहरमा मेरो पानीमा माछा, हाँस र बकुल्लाहरू रमाइलो गर्छन् भनी छापिएतापनि माछा, हाँस र बकुल्लाको चित्र नदेखाइएकाले माछा, हाँस र बकुल्लाले कसरी रमाइलो गर्दारहेछन् ? भनी विद्यार्थीहरूलाई जिज्ञासा जगाउने देखिन्छ । पाठ आठ दाजूभाइ र बूढाबा शीर्षक पाठको पेज ४१, ४२, ४३ र ४४ मा दिइएका चित्रहरू पाठसँग सान्दर्भिक छन् । पाठ नौ 'स्वस्थ बनौं' शीर्षक पाठको पेज ५० मा दिइएको चित्रहरूको क्रम छुटेको देखिन्छ । जहाँ दाँत माझेको, कपाल कोरेको, आराम गरेको चित्रको बीचमा व्यायाम गरेको चित्र नभएकाले अस्पष्ट देखिन्छ । पाठ १२ 'बजालौरी डाङडुङ' शीर्षक पाठको पेज ६३ मा दिइएको चित्र विद्यार्थीहरूमा डर, त्रास बढाउने खालको छ, जहाँ 'लौरीले फुपूलाई चुट्न थाल्यो ।' तर लौरी टाउकोमाभन्दा खुट्टामा पारिएको चित्र राख्नु उपयुक्त देखिन्छ । यस पुस्तकका पाठका अधिकांश चित्रहरू स्पष्ट रहेका छन् । जस्तै : पेज ९८ र पेज १०२ का चित्रहरू । त्यसकारण समग्रमा हेर्दा पाठमा प्रयुक्त चित्रहरू सान्दर्भिक भए पनि प्रस्ट रङ भएका देखिदैनन् ।

### ४.३.५ कक्षा पाँच

कक्षा पाँच 'मेरो नेपाली' पुस्तकमा दिइएको आवरण चित्र स्पष्ट र आकर्षक छन् । विद्यालयको प्राङ्गण दलानमा बसी बालबालिकाहरू खेल्दै रमाउदै पढाइ सीप विकास गर्न ध्यानपूर्वक पढिरहेको चित्रले विद्यार्थीहरूमा पढाइप्रति प्रेरणा दिने देखिन्छ । पाठ एकको कवि शिरोमणि लेखनाथ पौड्यालको चित्र पाठअनुरूप उपयुक्त छ । पाठ दुईको पेज चारमा दिइएको बृद्धाले खुट्टा भाँचिएको सुगालाई उपचार गरी निको पारिदिएको सन्दर्भअनुसार

चित्रको रखाइ र क्रम उपयुक्त छ । यस्तै पेज ५ को चित्रहरू पनि बुवाको प्रसङ्गअनुसार चित्र रखाइ सुहाउँदो छ । यस्तैगरी यसै पाठका अन्य चित्रहरू पनि पाठको प्रसङ्गअनुसार उपयुक्त नै रहेका छन् । पाठ २ को पेज ११ को अभ्यासमा 'दिइएको चित्र हेरी एउटा सानो कथा बनाऊ' भनिएको प्रश्नको चित्र पनि सुहाउँदो छ । पाठ ३ 'कामको महिमा' शीर्षक प्रबन्धमा दिइएका चित्रहरू सान्दर्भिक छन् । यस पाठले मानिसलाई जीवन निर्वाह गर्न आवश्यक सामानहरू आफैँ जुटाउन मिहिनेत गर्नु पर्ने सन्दश प्रदान गर्ने देखिन्छ । पाठ ४ 'किसानको रहर' शीर्षक पेज १७ मा दिइएको चित्र किसानले हलो बोकेर हिडेको चित्र गीतअनुसार सान्दर्भिक रहेको छ । चित्रमा देखाइएका दृश्यहरूले अन्य सबै पक्षलाई समेट्न खोजेको अनुभव हुन्छ । पाठ ५ 'आँखाको ज्योति' कथाको शीर्षकमा दिइएका चित्रहरू कथावस्तु अनुसार चित्रको रखाइ उपयुक्त ठाउँमा रहेको देखिन्छ । चित्रका दृश्यले विद्यार्थीहरूमा कथा पढ्दा पाठप्रति बढी जिज्ञासा उत्पन्न गराउने देखिन्छ । पाठ ६ 'समय' शीर्षक प्रबन्ध विधामा दिइएका चित्रहरू पनि समय वोध गराउने खालका छन् । पाठ ७ 'बाल दिवस' संवाद शीर्षकहरूमा दिइएको चित्रले विद्यार्थीहरूलाई एकआपसमा धकनमानीकन सिलसिला मिलाएर कुराकानी गर्न प्रेरित गर्ने देखिन्छ । पाठ ८ 'अनौठो प्रश्न' शीर्षक कथाको पेज ४७ र ४८ मा दिइएका चित्रहरू कथा प्रसङ्गअनुसार वाचन गर्दै जादा कथा वस्तु बुझ्न सघाउ पुऱ्याउने खालको पाइन्छ । कथा प्रसङ्गअनुसार रखाइ क्रम व्यवस्थित रहेको छ । पाठ ९ 'हाम्रो यात्रा' प्रबन्ध शीर्षक पेज ५४ मा दिइएका चित्रहरू विषयवस्तु वर्णनका क्रममा उचित स्थानमा रहेको पाइन्छ । तर सोही पाठको पेज ५५ मा दिइएको चित्र विद्यार्थीलाई अलमल्याउने खालको रहेको देखिन्छ । यहाँ विद्यालय हो वा कारखाना स्पष्ट भएन । अन्य चित्रहरू पाठअनुसार सान्दर्भिक छन् । पाठ ११ 'नदी' शीर्षकमा दिइएको चित्र कविता सुहाउँदो पाइन्छ । पाठ १२ 'प्रेरणा' शीषकको कथा विधाको पेज ६७ मा दिइएको चित्रले पाठ शीर्षकबमोजिम विद्यार्थीहरूलाई आफूभन्दा ठूलासँग भेट हुदाँ अभिवादन गर्न प्रेरित गर्ने, मिहिनेत गर्न, स्वावलम्बी बन्न, नियमित पढ्ने बानी बसाल्न सघाउ पुऱ्याउने देखिन्छ । पाठ १३ को रिसको औषधी शीर्षक संवादमा दिइएको चित्रले सबैसँग राम्रो व्यवहार गर्न, बिनम्र भई बोल्न, गल्ति भएमा क्षमायाचना गर्न सहयोग पुऱ्याउने देखिन्छ । साथै राम्रो काम गर्नेलाई धन्यवाद दिन सघाउ पुऱ्याउने देखिन्छ । पाठ १४ 'सिक्नुपर्नेकुरा' शीर्षक पेज ८१ मा दिइएको चित्र पाठअनुरूप सान्दर्भिक छ । काम गरून्जेल काममा लाग्ने र पछि धैर्य गर्न सिक्नु पर्छ, शान्त रहने बानी बसाल्नुपर्छ भन्ने कुरा

सिकाउन खोजिएकोले चित्र पाठको मर्मअनुसार उपयुक्त देखिन्छ । पाठ १६, १७, १८, १९, २० का चित्रहरू पाठको सन्दर्भअनुरूप छन् । पाठ २१ को चित्रहरू उपयुक्त छन् । पाठ २१ कै पेज १२५ को चित्र कथाका चित्रहरू प्रस्ट भएन । यस्तै पाठ २२ को किताब कसरी बन्छ ? शीर्षक प्रबन्धमा दिइएका चित्रहरू पाठअनुरूप रहेका छन् ।

## ४.४ निष्कर्ष

नेपाली भाषा नेपालको राष्ट्र भाषा भएकाले नेपालीहरूबीच एक अर्काको भावना वा विचार आदानप्रदान गर्ने एउटा माध्यम हो । अरू मातृभाषीबीच अभिव्यक्तिको माध्यम पनि नेपाली भाषा नै भएकाले र राष्ट्रिय गतिविधिहरू पनि यहि भाषामा प्रकाशन र प्रसारण हुने भएकाले नेपाली भाषा सिक्नु आवश्यक छ । यो भाषा शुद्धसँग सुन्ने, बाल्ने, पढ्ने र लेख्ने सीप विकास भएपछि अरू विषय सिक्ने मूल बाटो खुल्छ । तसर्थ हाम्रो जस्तो बहुभाषिक समाजमा यो माध्यमबाट विभिन्न ब्यबहार सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले नेपाली भाषा प्राथमिक स्तरदेखि अध्ययन गर्नु जरूरी छ ।

प्राथमिक तह भाषा सिकाइको पहिलो खुड्किलो हो । अक्षर चिनारीका साथै भाषा सिकाइलाई प्राथमिकता दिने भएकाले प्रयुक्त भाषा अन्तः सम्बन्धित हुनु पर्दछ । भाषा भन्नाले शब्दभण्डार र वाक्य ढाँचा बुझ्नु पर्दछ । प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा भाषाशैली अभ्यास र चित्रका आधारमा सम्बन्ध हेर्ने कार्य गरिएको छ । यस आधारमा प्राथमिक तहका भाषापाठ्यपुस्तकलाई नियाल्दा निम्नलिखित निष्कर्ष निकालिएको छ ।

### ४.४.१ कक्षा एक

कक्षा एकको पाठ्यपुस्तकमा अक्षर चिनारी र अन्य पक्ष गरी दुई किसिमका पाठहरू दिइएको देखिन्छ । अक्षर चिनारीका लागि दिइएका पाठहरू सरलबाट जटिलका क्रममा सङ्गठित गरिएको पाइन्छ । पाठका सुरूमा सग्ला अक्षर, मात्रा, आधा अक्षर, चन्द्रविन्दु र शिरविन्दु गरी त्रमिक रूपमा राखिएको देखिन्छ । बालबालिकाहरूलाई सिक्न सजिलोको निम्ति सरल र मिल्दाजुल्दा अक्षर सुरूमा राखिएको छ । क्रमशः सिक्दै जानका लागि अक्षरहरू दिइएको पाइन्छ । यस्तै, अरू पाठहरूमा दिइएका बालगीत, बालकथा, बालप्रबन्ध जस्ता पाठहरूमा प्रयुक्त भाषा स्तर सुहाउदो देखिन्छ । पाठमा प्रयोग गरिएका शब्दहरू बालबालिकाका अनुभव क्षेत्र र पहिचानका  रहेका देखिन्छन् । भूतकाल र वर्तमानकालको प्रयोग भएका

वाक्यहरू प्रयोग गरिएको छ । पाठमा दुई शब्ददेखि आठ शब्दसम्मका वाक्यको प्रयोग भएको छ ।

भाषिक सीप अक्षर चिनारी र अक्षर लेखनका अभ्यासमा विविधता पाइन्छ । धेरै अभ्यासहरू पाठ सुहाउदो रहेका छन् । केही पाठहरू र अभ्यासबीच सम्बन्ध नमिलेको देखिन्छ । अक्षर चिनारी परम्परागत पद्धति नभई आधुनिक ढाँचालाई अपनाइएको छ । अक्षर चिनारीको क्रम क, ख, ग,....... नभई ग, म, भ, झ को क्रममा राखिएको देखिन्छ । अभ्यास पनि अक्षर चिनारीको क्रम बमोजिम देखिन्छ । यस किताबमा प्रयुक्त अभ्यासले विशेष गरेर अक्षर चिनारी, सुनाइ, बोलाइ र सामान्य लेखाइलाई जोड दिएको देखिन्छ ।

पाठमा प्रयुक्त अभ्यासहरूलाई नियाल्दा बालगीतसम्बन्धी अभ्यासहरू सुनाइ र बोलाइ सीपसँग केन्द्रित रहेको देखिन्छ । अभ्यासहरू बालबालिकाहरूको मौखिक सीप विकास गर्न सघाउने खालका देखिन्छन् । पाठका धेरैजसो अभ्यासले बालबालिकाहरूमा आफूले जाने बुझेको कुरा भन्ने, अरूले भनेको कुरा राम्रोसँग सुन्ने बानीको विकास गर्न र वरिपरिको वातावरणमा रमाउने खेल्ने जस्ता कुराको विकास गर्ने देखिन्छ । पाठको विधागत उद्देश्यअनुरूप अभ्यास रहेको पाइन्छ । त्यसैले अभ्यासहरू बालबालिकाको रूचि सुहाउँदो रहेको देखिन्छ । कक्षा एकको किताबमा अक्षर चिनारी लेखाइ क्षमता बढाउन सहयोग पुऱ्याउने खालका अभ्यासहरू बढी रहेका छन् । अभ्यासहरू चिन्ने र लेख्ने अनुक्रममा राखिएका छन् । अक्षर चिनारीसम्बन्धी अभ्यासको नै बाहुल्यता रहेको छ । समग्रमाभन्दा सुनाइ, बोलाइ, भाषिक सीपमा अभ्यास बढी केन्द्रित रहेको देखिन्छ भने सिर्जनात्मक क्षमता विकासतर्फ ध्यान केन्द्रित रहेको पाइन्छ तर कुनै अभ्यास विद्यार्थीको स्तरभन्दा बढी जटिल रहेको देखिन्छ । यसका साथै पढाइ, लेखाइमाभन्दा सुनाइ, बोलाइमा अभ्यासले बढी जोड दिइएको देखिन्छ ।

कक्षा एकको पुस्तकका पाठहरूमा चित्र प्रयोगको बाहुल्यता रहेको छ । बालगीत, बालप्रबन्ध, बालकथामा सन्दर्भ झल्काउने चित्रको प्रयोग भएको देखिन्छ । अक्षर चिनारीका पाठमा प्रत्येक अक्षरसँग सम्बन्धित चित्रहरू दिइएका छन् ।

कक्षा एकमा प्रयुक्त चित्रहरू पाठ सुहाउँदा र बालबालिकाहरूलाई आकर्षण गर्ने खालका छन् । बालगीतहरू चित्रसहितका छन् । अभ्यास र पाठहरूमा चित्र सजिएका छन् । चित्रका सहायताले अक्षर चिनाउने प्रयास गरिएको छ ।

## ४.४.२ कक्षा दुई

कक्षा दुईका पाठहरू शब्दभण्डार र वाक्यढाँचाको अभ्यास गराउने खालका छन् । पाठमा प्रयुक्त भाषा सरल र विद्यार्थीहरूको अनुभवको क्षेत्रसँग सम्बन्धित रहेका छन् । एक अक्षर देखि आठ अक्षर सम्मका शब्दहरूको प्रयोग भएको छ । जस्तै : एक अक्षरका शब्दहरू म, त, रस आदि आठ अक्षरको शब्द : देखाउनेहरूमध्ये । कक्षा दुईका पाठहरूमा प्रयुक्त केही शब्दहरू बाहेक अरू शब्दहरू स्तर र तह अनुसार मिल्दाजुल्दा छन् ।

वाक्यढाँचालाई हेर्दा कक्षा एकको भन्दा केही लामा वाक्य प्रयोग गरिएका छन् । वाक्यहरू स्पष्ट र सरल छन् । पूर्णविराम, प्रश्नबाचक, अल्पबिराम, विस्मयादिबोधक, उद्धरणजस्ता लेख्य चिन्हको प्रयोग भएको छ । वाक्यमा दुई शब्ददेखि एघार शब्दसम्म प्रयुक्त छन् । चार, पाँच र छ शब्दले बनेका वाक्यहरू बढी प्रयोग भएको छ । पाठमा बीस वाक्यदेखि पैतीस वाक्यसम्म प्रयोग भएको छ ।

कक्षा दुईमा प्रयुक्त अभ्यासलाई पहिचान गर्दा सुनाइ र बोलाइमा जोड दिनुका साथै पढाइ र लेखाइलाई पनि समेटिएको छ । बालगीतको अभ्यासमा पहिला सुनाइमा जोड दिइएको छ भने पाठ एकदेखि क्रमशः सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिकसीप विकासमा सघाउ पुऱ्याउने खालको अभ्यास दिइएको पाइन्छ । अधिकांश अभ्यासहरू चित्र बनाउन, शब्दभण्डार बृद्धि गर्न र बोध क्षमता बढाउन सघाउ पुऱ्याउने खालका देखिन्छन् । केही अभ्यासहरू बालबालिकाहरूको उच्चारण क्षमता बढाउन सघाउने देखिन्छ ।

बालकथा विधामा प्रयुक्त अभ्यासले विद्यार्थीहरूमा शिक्षकले सोधेको प्रश्नको उत्तर दिने, आवाज छुट्टयाउने, अरूले सुन्ने गरी भन्ने, वाक्य बनाउने, साहित्यप्रति रूचि बढाउने र सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्न मद्दत मिल्ने देखिन्छ । कथा सुनाऊ र वाक्यमा प्रयोग गर जस्ता अभ्यासले बोलाइ र लेखाइसीप विकास गर्न सघाउने मानिन्छ ।

बालप्रबन्ध विधाका अभ्यासतर्फ नियाल्दा बालबालिकाको स्तरअनुरूप रहेको देखिन्छ । पाठमा प्रयुक्त अभ्यासले विद्यार्थीमा आफूले देखेका, सुनेका र अनुभव गरेका कुरा बताउने, उपयोगी जीवजन्तुको बारेमा बताउने, जीवजन्तु बस्ने ठाउँ र वस्तुका बारेमा बालबालिकामा धारणा बसाल्न सहयोगी हुने देखिन्छ । यस्तै केही अभ्यासहरू उनीहरूको कल्पना शक्ति बढाउन सघाउने देखिन्छ भने केही अभ्यासहरू जस्तै भन, लेख, वर्णन गर जस्ता अभ्यासले विषयवस्तु सिलसिला मिलाएर भन्न र लेख्न सक्ने सीप विकास गराउनुका साथै प्रस्तुत अभ्यासहरू प्रबन्ध विधा शिक्षणका दृष्टिले सुहाउँदो देखिन्छ ।

यस विधाका पाठहरू कम रहेतापनि पाठहरूमा प्रयुक्त अभ्यासहरू भने प्रशस्त रहेका छन् । यस किताबका अभ्यासहरूले बालबालिकाहरूको बोलाइ सीपलाई बढी महत्व दिएको देखिन्छ । यस विधामा प्रयुक्त अभ्यासहरूबाट विद्यार्थीले आफूले जानेका, बुझेका कुरा संवाद गरी बताउन सक्ने, हाउभाउका साथ भन्न सक्ने, अभिनय गर्न सक्ने र नाटकीकरणसमेत गर्न सक्ने देखिन्छ । त्यसैले यस कक्षाका संवाद विधामा प्रयुक्त अभ्यासहरू बालबालिकाहरूको स्तर र संवाद विधाको उपलब्धि स्तरअनुसार उपयुक्त देखिन्छ ।

कक्षा दुईको ‘मेरो नेपाली’ पुस्तकको आवरण चित्र स्पष्ट र आकर्षक रहेको देखिन्छ । विद्यालयको चित्र र झोला बोकेर विद्यालयतर्फ हिडेका बालबालिकाहरूको चित्रले कक्षा दुईका विद्यार्थीहरूलाई विद्यालयतिर जाने प्रेरणा दिइएको देखिन्छ । पाठमा दिइएका कतिपय चित्र नबुझिने खालका छन् । पाठ पाँचको ‘झण्डा फरर’ शीर्षक पाठमा दिइएको झण्डाको भूँइको रङ रातो तर किनारा कालो दिइएकाले अनर्थ लाग्ने देखिन्छ । पाठ पन्ध्रको पेज ७९ मा दिइएको चित्रको क्रम मिलेको छैन । पाठ्यपुस्तकमा प्रयुक्त चित्र पाठसँग सम्बन्धित र सन्दर्भ प्रष्ट्याउने खालका देखिन्छन् । पाठ पन्ध्रमा दिइएको चित्र प्रसङ्गअनुसार देखिदैन । यी बाहेक पाठमा प्रयुक्त चित्रहरू सुहाउँदिला देखिन्छन् ।

### ४.४.३ कक्षा तीन

भाषाशैलीतर्फ नियाल्दा कक्षा तीनमा शब्दभण्डार बढाउने खालका पाठहरू रहेका छन् । भाषामा सरलता रहेको छ । स्तर सुहाउँदो छोटा वाक्यको प्रयोगले भाषा सहज देखिन्छ ।

बालबालिकामा शिष्टाचार सिकाउने खालका भाषाको प्रयोग भएको पाइन्छ । पाठमा प्रयुक्त शब्दभण्डार विद्यार्थीको तह, उमेर र स्तरअनुरूप उपयुक्त देखिन्छ । पाठमा दिइएका वर्णहरू सरलदेखि जटिलको क्रममा रहेका छन् । त्यसैले कक्षा तीनमा प्रयुक्त भाषा स्तरअनुसार बढी सुहाउँदो देखिन्छ ।

कक्षा तीनमा प्रयुक्त अभ्यासलाई नियाल्दा सुनाइ र बोलाइमा बढी जोड दिइएको पाइन्छ भने पढाइ लेखाइलाई पनि क्रमशः समावेश गरिएको छ । यस पुस्तकमा प्रयुक्त अभ्यासहरूमा कविता विधा अन्तर्गत गति, यति र लय मिलाई शुद्धसँग पढ्न र लेख्नमा जोड दिइएको पाइन्छ । भाषिक सीप विकासमा सहयोग पुऱ्याउने खालका अभ्यास छन् । कुनै कथा साथीहरूलाई सुनाऊ जस्ता अभ्यासले बालबालिकाहरूमा कल्पना शक्ति बढाउन सघाउ पुऱ्याउने देखिन्छ । यस्तै पाठमा प्रयुक्त अभ्यासले विद्यार्थीहरूका पढाइ क्षमता बढाउन, शब्दभण्डार बृद्धि गर्न, बोधक्षमता बढाउन सघाउ पुऱ्याउने देखिनछ । यस्तै शुद्धसँग उच्चारण गर्न, बान्की मिलाएर अक्षर लेख्न सघाउने देखिन्छ । यसका साथै पाठमा प्रयुक्त अभ्यासले घटनाक्रम मिलाइ कथा रचना गर्न र मौखिक क्षमता बढाउन सघाउ पुऱ्याउने देखिन्छ । बालबालिकाहरूलाई कौतुहल जगाउने, महत्वपूर्ण सूचना बुझ्ने, सूचना पढ्ने र व्यवहारमा लागू गर्न सघाउ पुऱ्याउने खालका अभ्यासहरू देखिन्छन् । यस्तैगरी आफ्नो अनुभव निडर र निर्भिक भई मौखिक रूपमा बर्णन गर्न सघाउ पुऱ्याउने खालका अभ्यासहरू पाइन्छन् । पोष्टर पढ जस्ता अभ्यासले सरसफाइमा ध्यान दिन स्वस्थ र निरोगी बन्न सघाउने देखिन्छ । यसरी कक्षा तीनको 'मेरो नेपाली' कितावमा प्रशस्त अभ्यास भए पनि विद्यार्थीका मौलिकता र कल्पनाशीलता बढाउने खालका अभ्यासको कमी देखिन्छ ।

कविता विधाको अभ्यासमा भावबोध र लयबोधसम्बन्धी अभ्यासहरू बढी रहेका छन् । अभ्यासले विद्यार्थीहरूमा मौखिक क्षमता, कल्पनाशीलता र सिर्जनशीलता बढाउन खोजेको पाइन्छ ।

कथामा दिइएको अभ्यासमा शुद्धसँग पढ्ने र लेख्ने, घटनाक्रम मिलाएर लेख्ने अभ्यासहरू प्रशस्त पाइन्छ । कथामा बोध क्षमता विकासका लागि बोध प्रश्न राखिएको पाइन्छ । अभ्यासहरूमा भाषाका सीपलाई सन्तुलित रूपमा विकास गर्न कोसिस रहेको देखिन्छ ।

पाठका अभ्यासहरूमा मौखिक लिखित र बोध प्रश्नउत्तरमा जोड दिएको छ । चित्र वस्तु बर्णनमा शब्दभण्डार बृद्धि गर्नमा अभ्यासले जोड दिएको पाइन्छ । देखे, भोगेका र अनुभव गरेका कुराहरूका मौखिक बर्णनमा अभ्यासले जोड दिएको देखिन्छ ।

संवादसम्बन्धी पाठहरू राखेर विद्यार्थीको मौखिक अभिव्यक्ति क्षमताको विकास गराउन खोजिएको देखिन्छ । प्रस्तुत गरिएका अभ्यासमा एक आपसमा कुराकानी र छलफलबाट बोध क्षमता बढाउन सघाउ पुऱ्यउने देखिन्छ । यसका साथै पात्रहरूको भूमिकाको नक्कल गर्न, सस्वर पठन गर्न, दुई जनाबीच नहिच्किचाइकन संवाद गर्न र लेखाइसीप विकास गराउन खोजिएको पाइन्छ । समग्रमा हेर्दा पाठका अभ्यासहरू पाठका विधागत उद्देश्यअनुरूप सन्तुलित रहेको देखिन्छ ।

कक्षा तीनको 'मेरो नेपाली' पुस्तकमा दिइएको आवरण चित्र स्पष्ट र आकर्षक देखिन्छ । पढिरहेको बालबालिकाको चित्रले उनीहरूमा पढाइप्रति उत्प्रेरणा जगाउन खोजेका पाइन्छ । कक्षा तीनका पाठका कतिपय चित्रहरू नबुझिने खालका छन् । जस्तै पेज २० र ५१ को चित्र । यस्तै पाठ १० नेपाली शीर्षक पाठको पेज ३६ मा दिइएको झण्डाको रङ स्पष्ट छैन । नेपालको झण्डाको पृष्ठभूमिमा माथि चन्द्रमा र तल सूर्यको चित्र नभएको र किनाराको रङ नीलो नभई कालो भएकाले झण्डा कुन देशको हो भनी अल्मल्याउने खालको देखिन्छ । समग्रमा हेर्दा केही चित्रहरू पाठलाई स्पष्ट पार्ने खालका छन् भने केही अल्मल्याउने खालका देखिन्छन् ।

### ४.४.४ कक्षा चार

कक्षा चारमा शब्दभण्डार बढाउने खालका पाठ रहेका छन् । पाठमा चलन चल्तीमा आएका शब्दको प्रयोगले भाषामा सरलता ल्याएको छ र सरल कारक र छोटा वाक्यको प्रयोगले भाषा सरल देखिन्छ । 'यो झोला भान्सामा लैजाउ त' जस्ता वाक्यको प्रयोगले भाषामा मिठास देखिन्छ । पाठमा शब्दभण्डार विद्यार्थीको तह, उमेर र स्तरअनुरूप उपयुक्त देखिन्छ । जस्तै कोसेली, हरियाली, ताउली, चरिवरी, सातुसामल आदि । कक्षा तीनको तुलनामा केही लामा वाक्यको प्रयोग भएतापनि वाक्यमा प्रयुक्त शब्द सरल परिचित, स्पष्ट

र बोधगम्य छन् । पाठमा पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, विस्मयादिबोधक र उद्धरण जस्ता लेख्य चिन्हको प्रयोगले वाक्यमा मिठास पाइन्छ । शब्दमा एक अक्षरदेखि आठ अक्षरले बनेका शब्दहरू रहेका छन् । वाक्यमा दुई शब्ददेखि तेह्र शब्दसम्म प्रयोग भएको छ । पाठमा ७, ८, ९ र १० शब्दबाट बनेका वाक्यहरूको बाहुल्यता रहेको छ । दुई पाठमा पाँच वाक्य देखि एक सय एघारसम्म वाक्य रहेका छन् । पाठ सत्रको 'पछुतो' पाठ शीर्षकमा शब्दभण्डार र वाक्य धेरै प्रयोग भएको छ । चलन चल्ती र सुन्नमा आएका नाम, छोटा र सरल वाक्यको प्रयोगले भाषा मिठासपूर्ण देखिन्छ । त्यसैले कक्षा चारमा प्रयुक्त भाषा स्तरअनुसार सुहाउँदो देखिन्छ ।

कक्षा चारको अभ्यास नियाल्दा पढाइ र लेखाइ सीपमा जोड दिएको पाइन्छ । शुद्धसँग पढ्न र बान्की मिलाएर लेख्न, देखे भोगेका र अनुभव गरेका कुराहरू बर्णन गर्न, तालिकाबाट वाक्य बनाउन लगाइएको देखिन्छ भने विद्यार्थीका अनुभव क्षेत्रभन्दा बाहिरका शब्दहरू प्रयोग गरिएको पाइन्छ । जस्तैः तिब्बत, काँगडा, टिष्टा आदि । यी शब्द बोध गर्न कठिन देखिन्छ । शिक्षकलाई खाम बनाउन दिइएको निर्देशन उपयुक्त देखिन्छ । पाठका केही अभ्यास स्तरभन्दा बढी रहेका पाइन्छन् । अभ्यासले बालबालिकामा मौलिकता कल्पनाशीलता र सिर्जनशीलता बढाउने अभ्यासको कमी देखिन्छ । गाउँखाने कथा खोजेर कक्षामा सुनाऊ जस्ता अभ्यासले विद्यार्थीलाई जाने बुझेका कुराहरू धकनमानिकन भन्ने बानीको विकास गराउन सघाउ पुऱ्याउने देखिन्छ । चुट्किला भन्न र मनोरञ्जन लिन सघाउ पुऱ्याउने अभ्यासहरू देखिन्छन् । विद्यार्थीहरूलाई विद्यालयसम्बन्धी निवेदन लेख्न, निमन्त्रणा पत्र तयार पार्न, शुभकामना पत्र लेख्न, स्वतन्त्र रूपमा निमन्त्रणा पत्र र शुभकामना पत्र लेख्न सघाउ पुऱ्याउने अभ्यास राखिनाले पाठ र अभ्यासको तालमेल मिलेको देखिन्छ । पोष्टर हेरी मौखिक वर्णन गर्न र लेखिएका सूचनाहरू बुझी व्यवहारमा कार्यान्वयन गर्न सघाउने अभ्यासहरू रहेका देखिन्छन् । यसका साथै चित्र बुझी फरक छुट्टयाउने क्षमताको विकास गर्न सघाउ पुऱ्याउने अभ्यासहरू पनि देखिन्छन् ।

अभ्यासलाई नियाल्दा लयबोध र भावबोधसम्बन्धी अभ्यासहरू र कविता लेखनसीप बढाउन सघाउ पुऱ्याउने अभ्यासहरू देखिन्छन् । त्यसैले समग्रमा कविता शिक्षण अभ्यासले गति,

यति र लय मिलाई कविता वाचन गर्न सिर्जनात्मक क्षमता बढाउन र शब्दभण्डार बढाउनमा कम जोड दिएको देखिन्छ ।

कथा विधामा दिइएको अभ्यासमा सुनाइ र बोलाइमा जोड दिएको देखिन्छ भने दिइएका भनाइलाई क्रम मिलाइ लेख्न सघाउ पुऱ्याउने अभ्यासहरू गराइएको पाइन्छ ।

प्रबन्ध विधामा प्रयुक्त अभ्यासलाई नियाल्दा शुद्धसँग पढ्न र लेख्न सघाउ पुऱ्याउने अभ्यासहरू समेटिएका देखिन्छन् । विद्यार्थीमा स्वस्थ रहने बानीको विकास गर्न पोष्टर हेरी प्राकृतिक स्रोत साधन र सम्पदाहरूको वर्णन गर्न, साँस्कृतिक महत्व झल्काउने मठमन्दिरहरूको वर्णन गर्न सघाउ पुऱ्याउने अभ्यासहरू दिइएको देखिन्छ । पाठमा प्रयुक्त अभ्यासले दुःख पाइरहेका टोल छिमेकका मानिसहरूलाई मानवीय सहयोग गर्न अभिप्रेरित गर्ने खालका अभ्यासहरू समेटिएको देखिन्छ ।

यस विधामा प्रयुक्त अभ्यासले सुनाइ बोलाइमा जोड दिदै पात्रअनुसारको भूमिका निर्वाह गरी संवादमा भाग लिन उत्प्रेरित गरिएको देखिन्छ । उखानको अर्थ बताउन सक्षम बनाउन खोजिएको देखिन्छ । पशुपन्छिप्रति मानिसको कर्तव्य बोध गरी उनीहरूलाई मायारूपी व्यवहार देखाउने भावना जगाउन खोजिएको देखिन्छ ।

कक्षा चारको 'मेरो नेपाली' किताबमा दिइएको आवरण चित्र स्पष्ट र आकर्षक रहेको देखिन्छ । शीतल छाहरीमा रमाउछै डोरी नाघ्ने खेल, फुटवल खेल खेलेको चित्रले बालबालिकामा पढाइ लेखाइका साथै अतिरिक्त क्रियाकलापतर्फ आकर्षित गर्न खोजिएको देखिन्छ । पाठमा प्रयुक्त चित्रहरू पाठको विषयवस्तुको सन्दर्भअनुसार चित्र रखाइ उपयुक्त स्थानमा देखिदैन । चित्रहरू श्यामश्वेत रङका छन् । केही चित्र बालमनोविज्ञान विरूद्ध रहेको देखिन्छ । जस्तै :- पाठ बाह्रको 'बजा लौरी डाङडुङ' शीर्षक पाठको पेज ६३ । समग्रमा हेर्दा पाठमा प्रयुक्त चित्रहरू सान्दर्भिक भए पनि प्रष्ट रङ भएको देखिदैन ।

### ४.४.५ कक्षा पाँच

भाषाशैलीका दृष्टिले नियाल्दा कक्षा पाँचमा शब्दभण्डार बढाउने खालका पाठहरू रहेका देखिन्छन् । पाठमा प्रयुक्त चलनचल्तीको नामको प्रयोगले भाषामा सरलता ल्याएको पाइन्छ । आवश्यक रूपमा पाठमा सरल कारक र वाक्यको प्रयोग भएको पाइन्छ । राम्रो काम गर्नेलाई धन्यवाद दिने र नराम्रो काम गरेमा क्षमयाचना गरिएको प्रसङ्गले भाषामा मिठास देखिन्छ । पुस्तकमा प्रयुक्त शब्दभण्डार विद्यार्थीको तह, उमेर र स्तरअनुरूप उपयुक्त देखिन्छ ।

वाक्य ढाँचालाई हेर्दा कक्षा चारको अपेक्षा केही लामा वाक्य प्रयोग भएको पाइन्छ भने वाक्यमा प्रयुक्त शब्द सरल, परिचित र वोधगम्य रहेको छ । दुई अक्षरदेखि आठ अक्षरले बनेका शब्दहरू रहेका छन् । वाक्यमा एक शब्ददेखि सत्ताईस शब्दसम्म प्रयोग भएको छ । तापनि पाठमा आठ, नौ, दश र एघार शब्दबाट बनेका वाक्यहरूको बाहुल्यता रहेको देखिन्छ । केही विदेशी परिवेशका (स्वेटर, ज्याकेट, नर्स) बाहेक पुस्तकमा प्रयुक्त शब्द र वाक्य स्तरअनुरूप देखिन्छ ।

कक्षा पाँचमा प्रयुक्त अभ्यासलाई नियाल्दा पढाइ सीपभन्दा लेखाइ सीप विकासमा बढी सघाउ पुऱ्याउने  खालका अभ्यासहरू समेटिएको देखिन्छ । विद्यार्थीहरूमा धकनमानिकन मौखिक रूपमा शुद्धसँग उच्चारण गरी बताउन सक्ने क्रियाकलापमा जोड दिइएको पाइन्छ । अभ्यासले शब्दभण्डार बढाउने, वान्की मिलाएर निश्चित क्रममा शब्द राखी वाक्य बनाउन सघाउ पुऱ्याउने अभ्यासहरू रहेका छन् । सम्पूर्ण पाठका सबै अभ्यासहरूमा प्रश्नोत्तर सम्बन्धी अभ्यासहरू ‘सबै प्रश्नहरूको उत्तर देऊ ।’ जस्ता प्रश्न समावेश गरिएकाले बालबालिकाहरूमा आफूले देखे, सुनेका, बुझेका र अनुभव गरेका कुराहरू समेटी सिर्जनात्मक लेखन वा मौखिक अभिव्यक्ति दिन सघाउ पुऱ्याउने खालको रहेका छन् । कविता विधाका पाठमा प्रयुक्त अभ्यासमा लयबोधसम्बन्धी र भावबोधसम्बन्धी अभ्यासहरूको कमी रहेको पाइन्छ ।

विद्यार्थीहरूलाई कविताबाट सिकेका कुरा बढाएर लेख्ने, कविताबाचन प्रतियोगिता, वादविवाद प्रतियोगितामा भाग लिन लगाएर वा सुन्न लगाएर प्रतियोगीहरूले भनेका राम्रा

लागेका कुरा र नराम्रा लागेका कुरा लेखेर कक्षामा सुनाउन लगाउने, कविता लेखी कक्षामा सुनाउने, जानेका चुट्किला साथीलाई सुनाउने, आफ्नो बोलिचालीको भाषामा लेख्ने, चित्र बनाएर कक्षा कोठामा टाँस्ने, शुभकामना पत्र पढ्ने, शुभकामना पत्र तयार गर्ने, पाठको चित्र हेरेर त्यसका बारेमा एक अनुच्छेद लेख, कविताका पङ्ति पूरा गर, जस्ता क्रियाकलाप सम्बन्धी अभ्यासहरू पर्याप्त रहेको पाइन्छ । त्यसैले समग्रमा कविता शिक्षणको अभ्यासमा लयबद्ध उच्चारण, सिर्जनात्मक लेखन पक्षमा जोड र शब्दभण्डार बढाउन जोड दिइएको देखिन्छ ।

प्रस्तुत किताबको कथा विधामा बोध क्षमता बृद्धिमा जोड दिइएको पाइन्छ भने सारांश लेखनका लागि अभ्यासको कमी रहेको प्रतीत हुन्छ । कथाको घटनाक्रम मिलाएर लेख्ने अभ्यासहरू रहेको देखिन्छ । कथा रचनासम्बन्धी अभ्यासहरू पर्याप्त नै रहेका देखिन्छन् भने पढाइ, लेखाइमा नै बढी जोड दिइएको देखिन्छ ।

प्रबन्ध सम्बन्धी पाठका अभ्यासहरूमा मौखिक तथा लिखित वर्णन, बोध प्रश्नोत्तर, चित्र वस्तु आदिको वर्णन, लेखाइ कार्यकलापहरूबाट विद्यार्थीहरूमा शब्दभण्डारको बृद्धिका साथै भाषिक सीप विकास गराउने देखिन्छ । देखेका अनुभव गरेका कुराको मौखिक र लिखित वर्णनबोध प्रश्नोत्तर आदि पर्याप्त मात्रामा रहेको देखिन्छ । समग्रमा हेर्दा पाठ र अभ्यासको क्रम र साङ्गठनिकता एवम् तालमेल मिलेको देखिन्छ ।

प्रस्तुत किताबमा संवादसम्बन्धी पाठ राख्नुले विद्यार्थीमा मौखिक तथा लिखित क्षमताको विकास गराउन खोजेको देखिन्छ । यस किताबका पाठहरूमा अभिनय र नाटकीकरणका अभ्यासहरूमा बढी जोड दिइएको देखिन्छ ।

कक्षा पाँच 'मेरो नेपाली' पुस्तकमा दिइएको आवरण चित्र स्पष्ट र आकर्षक रहेको देखिन्छ । विद्यालयको प्राङ्गण/दलानमा बसी बालबालिकाहरू रमाउँदै खेल्दै, पढाइ सीप विकास गर्न ध्यानपूर्वक पढिरहेको चित्रले विद्यार्थीहरूमा पढाइप्रति प्रेरणा दिने देखिन्छ । पाठमा प्रयुक्त चित्रहरू पाठअनुरूप उपयुक्त नै छन् । कविता, कथा, प्रबन्ध, संवाद आदि विधामा दिइएका चित्रहरूको रखाइ, क्रम र सङ्गठन व्यवस्थित रहेको छ भने केही पाठका चित्रहरू प्रस्ट

नभएका देखिन्छन् । समग्रमा कक्षा एकदेखि कक्षा पाँचसम्मका चित्रहरू स्तर र तहअनुसार उपयुक्त, क्रम र सङ्गठित रूपमा रहेका देखिन्छन् ।

# परिच्छेद : पाँच

## उपसंहार एवम् सुझाव

प्राथमिक तहमा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्धको पहिचान गर्ने कार्य यस शोधमा भएको छ ।

प्रस्तुत शोध कार्यको पहिचानअनुसारको उपसंहार एवम् सुझाव निम्नानुसार दिइएको छ :

प्रस्तुत शोधको पहिलो परिच्छेदमा शोध-शीर्षक, शोध प्रयोजन, शोधसमस्या, शोध-उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमा, शोध विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । प्राथमिक तहमा अध्यापन हुने 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध शीर्षक राखिएको प्रस्तुत शोधपत्रमा विषयवस्तु, विधा, भाषाशैली, अभ्यास र चित्रका आधारमा अन्तः सम्बन्ध देखाउने उद्देश्य राखिएको छ ।

प्राथमिक तह अर्थात् कक्षा १, २, ३, ४ र ५ का भाषापाठ्यपुस्तक विशेष गरी विधार्थीको रूचि, क्षमता र स्तरअनुसार तयार पारिएको पाइन्छ । यी पाठ्यपुस्तकबीच एकआपसको सम्बन्ध हुनु आवश्यक देखिन्छ । यस तहका पाठ्यपुस्तक विधार्थीहरूका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीप विकास गर्ने उद्देश्यले तयार पारिएको हुन्छ । यस शोधको उद्देश्य प्राथमिक तहका 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्वन्ध केलाउने भएकाले अध्ययन-अध्यापनमा संलग्न विधार्थी, शिक्षक, अभिभावक, भावी अनुसन्धानकर्ता, विषयविज्ञ आदि सबैलाई सघाउ पुऱ्याउने देखिन्छ । त्यसकारण यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

प्रस्तुत शोधको परिच्छेद दुईमा पाठ्यपुस्तकको सैद्धान्तिक पक्षको चर्चा गरिएको छ । जस्तै : पाठयक्रमको परिचय, भाषापाठ्यक्रमको परिचय, नेपाली पाठ्यपुस्तकको परिचय, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध प्राथमिक तहका 'मेरो नेपाली' पाठ्यपुस्तकहरूको अन्तः सम्बन्ध आदिको चर्चा गरिएको छ । पाठ्यक्रमको परिचयअन्तर्गत शिक्षाको उद्देश्य निर्धारण पछि शिक्षणतहसम्म पुग्न विभिन्न शैक्षिक क्रियाकलापहरू गरिनु पर्दछ । शैक्षिक उद्देश्य प्राप्त

गर्नका लागि आवश्यक पर्ने क्रियाकलापको पक्षपोषण गरिन्छ त्यसलाई व्यवस्थित पार्नको लागि दिइने निर्देशनको माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रम भनेको व्यावहारिक जीवनसँग पूर्ण रूपमा सम्बन्ध राख्ने सम्पूर्ण क्रियाकलापको सङ्गठित रूप हो । साथै पाठ्यक्रमले जीवनको सम्पूर्ण समस्यालाई समाधान गर्नुपर्दछ ।

भाषिक सीप हासिल गर्नका निमित्त तोकिएको उद्देश्य आर्जन गर्न गरिने सम्पूर्ण प्रयास नै भाषापाठ्यक्रम हो । भाषाशिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि निधो गरिएको एउटा व्यापक व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो । त्यसैले अन्य विषयका पाठ्यक्रम र भाषापाठ्यक्रममा फरक देखा पर्दछ ।

पाठ्यक्रमको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थी अनुकूलका पाठ्यांशमा ढालेर क्रमबद्ध एवं व्यवस्थित ढङ्गले भाषिक सीप र संज्ञान सिकाउने उद्देश्यले विभिन्न भाषाका विषयवस्तुलाई सङ्गठित गरी अध्ययन अध्यापन अभ्यासमा सघाउ पुऱ्याउन तयार गरिएको सुहाउँदो पाठ्यसामग्री नै भाषापाठ्यपुस्तक हो ।

पाठ्यक्रम र पाठ्यपुस्तकबीच एकआपसको सम्बन्ध रहेको हुन्छ । एकको अभावमा अर्काले अघि बढ्ने अवसर पाउदैन अर्थात्  पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक तयार हुन्छ र पाठ्यपुस्तकका माध्यमबाट नै पाठ्यक्रमले आफ्नो उद्देश्य पूरा गर्दछ ।

प्राथमिक तहमा 'मेरो नेपाली' पाठ्यपुस्तक विद्यार्थीको भाषिक सीप विकास गर्ने उद्देश्यले तयार गरिएको हुन्छ । त्यसैले यसभित्रका विषयवस्तु, विधा, भाषाशैली, अभ्यास र चित्र आदि पक्षहरू एकआपसमा सम्बन्धित हुनुपर्दछ ।

यिनीहरू बीच अन्तः सम्बन्ध भएन भने सिकाइ प्रभावकारी बन्न सक्दैन । सिकाइ प्रभावकारी र दिगो हुनका लागि पाठ्यवस्तुबीच अन्तः सम्बन्ध हुनुपर्दछ अर्थात् कक्षा एकको पाठ्यपुस्तकले कक्षा दुईमा सिक्ने आधार, कक्षा दुई तीनको आधार, कक्षा तीन चारको आधार, कक्षा चार पाँचको आधार र कक्षा पाँच..... को आधार बन्नुपर्दछ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा विषयवस्तु र विधाको अन्तः सम्बन्धको पहिचान गरिएको छ । पाठ्यपुस्तकबीचको अन्तः सम्बन्ध केलाउने क्रममा पाठ्यपुस्तकमा प्रयोग भएको विषयवस्तु र विधाको क्रमिकता र साङ्गठनिकताको निरूपण गरिएको छ । विषयवस्तु र विधालाई तालिकाका माध्यमबाट वर्णन गरिएको छ । कक्षा एकमा प्रयोग भएका विषयवस्तु हेर्दा मनोरञ्जनात्मक, साँस्कृतिक, पारिवारिक, वातावरणीय, विषयवस्तुको सङ्गठन रहेको पाइन्छ । त्यस्तैगरी विधामा बालगीत, बालकथा, बालप्रबन्ध समावेश गरिएको छ । कक्षा दुईमा भने एकको तुलनामा थप विषयवस्तु समावेश गरिएको छ । मनोरञ्जनात्मक र वातावरणीय साथै सामाजिक, भौगोलिक, पौराणिक, परिवेशात्मक, परिचयात्मक र व्यावसायिक जस्ता विषयवस्तु थप गरिएको छ । विधामा पनि बालगीत, बालकथा, बालप्रबन्ध साथै कविता, संवाद जस्ता विधा थप गरिएको छ । कक्षा तीनको पाठ्यपुस्तकमा मनोरञ्जनात्मक, वातावरणीय, सामाजिक, पौराणिक, साँस्कृतिक, शैक्षिक, परिवेशात्मक र विदेशी परिवेशात्मक विषयवस्तु समावेश गरिएको छ । यसका साथै सूचनामूलक विषयवस्तु पनि समावेश गरिएको छ । पाठ्यपुस्तकमा प्रयोग भएका विधालाई हेर्दा कविता, कथा, प्रवन्ध, संवाद र चिठी आदि समावेश गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा भाषाशैलीका आधारमा सम्बन्ध हेर्ने कार्य गरिएको छ । यस आधारमा एक कक्षादेखि पाँच कक्षासम्मका पाठ्यपुस्तकलाई हेर्दा कक्षा एकको पाठ्यपुस्तकमा अक्षर चिनारी र अन्य गरी दुई किसिमका पाठहरू दिइएका छन् । अक्षर चिनारीका निम्ति दिइएका पाठहरू सरलबाट जटिलका क्रममा संगठित गरिएका छन् । पाठका सुरूमा सग्ला अक्षर अनिपछि मात्रा, आधा अक्षर र चन्द्रविन्दु र शिरविन्दु गरी क्रमिक रूपमा राखिएको छ । सग्ला अक्षरमा पनि बालबालिकालाई लेख्न सजिलो होस् भन्नका लागि सरल र मिल्दाजुल्दा अक्षर सुरूमा दिइएको छ र क्रमशः त्यसैको सहयोगले सिक्दै जानका लागि अक्षरहरू दिइएको छ ।

अरू पाठहरूमा बालगीत, बालकथा र बालप्रबन्ध जस्ता पाठहरूमा प्रयोग भएको भाषा विद्यार्थी स्तर सुहाउँदो रहेको देखिन्छ । पापा, बुबु, माम, गेडी, पुतली, आँप, पीपल, पानी, साथी, फूलबारी जस्ता शब्दहरू विद्यार्थीहरूका पहिचानका रहेका देखिन्छन् । साथै यी शब्दहरू सरल किसिमका रहेका छन् । धेरैजसो वाक्यमा भूतकाल जनाउने क्रियाको प्रयोग

भएको  छ । साथै वर्तमान कालको पनि प्रयोग भएको छ । दुई शब्ददेखि आठ शब्दसम्मका वाक्यको प्रयोग गरिएको छ । यसैले कक्षा एकको पाठहरूका भाषातत्व स्तरअनुरूप देखिन्छ ।

कक्षा दुईमा प्रयोग भएका पाठका भाषा पनि सरल र विद्यार्थीहरूको अनुभव क्षेत्रसँग सम्बन्धित पाइन्छ । एक अक्षरदेखि आठ अक्षरसम्मका शब्द र दुई शब्ददेखि एघार शब्दसम्मका वाक्यको प्रयोग भएको छ । पाठमा प्रयोग भएका केही शब्दहरू जस्तै : स्वर्ग, मातृभूमि, समुन्द्र आदि बाहेक अन्य शब्दहरू विद्यार्थीको तह अनुकूल सुहाउँदा र कक्षा एकको पाठ्यपुस्तकको भाषासँग पनि सम्बन्धित देखिन्छ । जस्तै : घाम, जून, घोडा आदि ।

भाषाशैलीका दृष्टिले हेर्दा कक्षा तीनका पाठहरू बढी शब्दभण्डार बृद्धि गर्ने खालका छन् । पाठमा प्रयोग भएका केही शब्दहरू जस्तै : नयाँ वर्षको उपहार कथामा प्रयोगमा आएका मोची, जिजोउसामा जस्ता प्रचलनमा नआएका नाम र लामा वाक्यको प्रयोगले भाषामा जटिलता थपिएको पाइन्छ । केही वाक्यहरू लामा र स्तरअनुरूप नभएका पाइन्छन् । जस्तै : खुमजुङ खुडे, दिङबोचे, पाङबोचे आदि गाउँ पनि छन् । यी बाहेक अन्य शब्द र वाक्यको प्रयोग स्तरअनुरूप देखिन्छ । जस्तै : काममा लाग्ने मान्छेलाई गर्दै जान्छु ठुली ।

भाषाशैलीका दृष्टिले हेर्दा कक्षा चारका पाठहरू बढी शब्दभण्डार बृद्धि गर्ने खालका छन् । पाठमा प्रयोग भएका केही शब्दहरू जस्तै : उद्दण्ड, उपद्रव, दुर्व्यवहार आदि जटिल प्राकृतिका रहेका भएतापनि स्तर अनुकूल नै देखिन्छ । एक अक्षरदेखि आठ अक्षरसम्मका शब्द र एक शब्ददेखि तेह्र शब्दसम्मका वाक्यको प्रयोग भएको छ । त्यसैले पाठमा प्रयुक्त केही शब्दहरू उपद्रव, उद्दण्ड, दुर्व्यवहार, श्रद्धा आदि बाहेक अन्य शब्दहरू विद्यार्थीको तह अनुकूल सुहाउँदा र कक्षा तीनको पाठ्यपुस्तकको भाषासँग सम्बन्धित देखिन्छ ।

यसैगरी भाषाशैलीका दृष्टिले हेर्दा कक्षा पाँचका पाठहरू बढी शब्दभण्डार बृद्धि गर्ने खालका छन् । पाठमा दुई अक्षरदेखि आठ अक्षरसम्मका शब्द र एक शब्ददेखि सोह्र शब्दसम्मको वाक्यको प्रयोग भएको छ । पाठमा प्रयोग भएको केही शब्दहरू आस्था, विश्वास, पृथ्वी, तृप्त, छचल्किएर जस्ता शब्दहरू विद्यार्थीको तह सुहाउँदा नभई जटिल रहेका पाइन्छन् भने

अन्य शब्दहरू विद्यार्थीका तह सुहाउँदा र कक्षा चारको पाठ्यपुस्तकसँग सम्बन्धित देखिन्छन् ।

यस्तैगरी चौँथो परिच्छेदमा अभ्यासका आधारमा अन्तर सम्बन्धको पहिचान गरिएको छ । प्रत्येक पाठ्यपुस्तकमा दिइएको अभ्यासलाई तालिकामा देखाइएको छ । प्रत्येक कक्षाका पाठ्यपुस्तकमा दिइएका अभ्यासलाई पाठ र विधाका आधारमा सम्बन्ध केलाउने काम गरिएको छ । विधाअनुसार अभ्यासमा पनि विविधता भएको कुरा देखाइएको छ ।

यसरी चौँथो परिच्छेदको अन्त्यमा चित्रका आधारमा कक्षा एकदेखि पाँचसम्मका ‘मेरो नेपाली’ पाठ्यपुस्तकको अन्तः सम्बन्धको अध्ययन गरिएको छ ।

# सन्दर्भग्रन्थसूची

## (क) पाठ्यपुस्तक


अधिकारी, हेमाङ्गराज, (२०५७), **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति** (तेस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

............................., (२०५७), **नेपाली भाषाशिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

............................., (२०५७), **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई, (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा, (२०६२), **प्रारम्भिक नेपाली शिक्षण** (चतुर्थ संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल, (२०६०), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, रामप्रसाद, (२०६१), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र, (२०४९), **प्राथमिक शिक्षा पाठ्यक्रम**, भक्तपुर : शिक्षा मन्त्रालय ।

............................., (२०४९) प्राथमिक पाठ्यक्रम दिग्दर्शन, भक्तपुर, ।

............................., (२०६३), **मेरो नेपाली कक्षा १** (तेस्रो संस्करण), भक्तपुर ।

............................., (२०६३), **मेरो नेपाली कक्षा २** (दोस्रो संस्करण), भक्तपुर ।

............................., (२०६४), **मेरो नेपाली कक्षा ३** (तेस्रो संस्करण), भक्तपुर ।

............................., (२०६५), **मेरो नेपाली कक्षा ४** (दोस्रो संस्करण), भक्तपुर ।

............................., (२०६६), **मेरो नेपाली कक्षा ५** (दोस्रो संस्करण), भक्तपुर ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा, (२०५८), **अनुसन्धान पद्धति**, काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

ने.रा.प्र.प्र. (२०४०), **नेपाली बृहत् शब्दकोश**, कमलादी : काठमाडौं ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल, (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण (प्रथम संस्करण),** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज, (२०६१), **शब्द रचना र वर्णविन्यास वाक्यतत्व अभिव्यक्ति र पाठहरू,** काठमाडौं : नविन प्रकाशन ।

शर्मा, चिरन्जीवि र निर्मला शर्मा, (२०६२), **पाठ्यक्रम, योजना र अभ्यास,** काठमाडौं : एम्.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स ।

## (ख) शोधपत्र


काफ्ले, गोपीकृष्ण, (२०५२), **कक्षा एकको मेरो नेपाली किताबमा समाविष्ट शब्दभण्डारको विश्लेषण**, अप्रकाशित शोधपत्र त्रि.वि. ।

घिमिरे (रिमाल), विष्णु, (२०५१), **प्राथमिक कक्षा १, २ र ३ का नेपाली भाषापाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन**, अप्रकाशित शोधपत्र त्रि.वि. ।

थापा, अविसरा, (२०५६) **कक्षा पाँचको मेरो नेपाली किताबमा समाविष्ट साहित्यिक विधाहरूको एक अध्ययन**, अप्रकाशित शोधपत्र त्रि.वि. ।

ज्ञवाली (खनाल), इन्दिरा, (२०५६), **कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूको अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि. ।